# सङ्घीयताको सन्दर्भमा स्थानीय आर्थिक विकास

## गण्डकी प्रदेशका स्थानीय तहमा यसको अभ्यास र सम्भाव्यता सम्बन्धी अध्ययन

## Local Economic Development in Federal Context

### A Study of the Status and Prospect of Local Economic Development at Local Levels of Gandaki Province




## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

(An ISO 9001:2015 Certified Academy)

गण्डकी, प्रदेश, पोखरा

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET CERTIFIED MANAGEMENT SYSTEM

# सङ्घीयताको सन्दर्भमा स्थानीय आर्थिक विकास

## गण्डकी प्रदेशका स्थानीय तहमा यसको अभ्यास र सम्भाव्यता सम्बन्धी अध्ययन

## Local Economic Development in Federal Context

### A Study of the Status and Prospect of Local Economic Development at Local Levels of Gandaki Province


# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

(An ISO 9001:2015 Certified Academy)

गण्डकी, प्रदेश, पोखरा

ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET CERTIFIED MANAGEMENT SYSTEM

**प्रकाशक : गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**

**(An ISO 9001:2015 Certified Academy)**

सर्वाधिकार : © प्रकाशकमा सुरक्षित

प्रकाशन : कार्तिक, २०८०

संख्या : ५०० प्रति

**सम्पादन :**

ऋषिराम पाण्डे

दिल प्रसाद मगर

**भाषा सम्पादन :**

नारायण प्रसाद भण्डारी

**सम्पर्कका लागि :**

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**

नदीपुर, पोखरा

फोन: ०६१–५७०१४६/५७१०८२

E-mail: academy.gandaki@gmail.com

Website: https://gpta.gandaki.gov.np

*नोट : यस प्रतिवेदनमा प्रस्तुत विचारहरू अनुसन्धानकर्ताका स्वतन्त्र र निजी हुन्। यिनले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

# शुभकामना

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने, प्रदेश र स्थानीय तहका विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, प्रशिक्षणलाई उपयोगी तुल्याउन समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित प्रतिष्ठानले स्थापनाको छोटो अवधिमा आफ्नो उद्देश्य प्राप्तिमा निरन्तर क्रियाशील रहन सफल रहेकोमा प्रतिष्ठान परिवारलाई बधाई दिन चाहन्छु ।

प्रशिक्षणलाई उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि प्रतिष्ठानले स्थापनाकालदेखि नै समस्यामूलक अनुसन्धान कार्यमा आफूलाई संलग्न गराउँदै आएको छ । यसै सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहको प्राथमिकतामा रहेको आर्थिक विकास र समृद्धिको मार्गचित्रमा योगदान गर्ने उद्देश्यले संघीयतका सन्दर्भमा स्थानीय आर्थिक विकास र स्थानीय तहमा यसको कार्यान्वयनको अवस्था एवम् भावि संभावना विषयमा स्थानीय तह केन्द्रित अध्ययन सम्पन्न गरी सोको प्रतिवेदन प्रकाशन गर्न लागेकोमा प्रतिष्ठानलाई शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत अध्ययन प्रतिवेदनले स्थानीय आर्थिक विकासका क्षेत्रमा योजनावद्ध रुपले अगाडि बढ्न स्थानीय तहका लागि मार्गदर्शन गर्ने कुरामा म विश्वस्त छु । साथै, स्थानीय आर्थिक विकासको मोडलको चिरफारसहित नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा यसको सान्दर्भिकता सम्बन्धमा गरिएको अध्ययन तथा विश्लेषणले संघ र प्रदेश सरकारले अवलम्बन गर्दै आएको विकासको अवधारणामा महत्वपूर्ण पृष्ठपोषण हुने विश्वास लिएको छु । प्रस्तुत अध्ययनमा संलग्न हुनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

कार्तिक, २०८०

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री

# दुई शब्द

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगाएतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने, प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने, प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित प्रतिष्ठान आफ्ना उद्देश्य प्राप्तिमा स्थापनाकालदेखि निरन्तर क्रियाशील रहँदै आएको छ ।

प्रशिक्षण कार्यक्रमलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आबद्ध गराई क्षमता विकास कार्यक्रमको सही मूल्य (Best Value for Money) सुनिश्चित गराउने तथा अध्ययन, अनुसन्धान र समसामयिक विषयहरूमा संवादको माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहहरूलाई नीतिगत सुझाव प्रदान गर्ने कार्यलाई प्रतिष्ठानले प्राथमिकताका साथ अगाडि बढाएको छ ।

आर्थिक विकास र मानवीय समृद्धि वर्तमानमा नेपालको राष्ट्रिय प्राथमिकताको विषय रहेको छ । तर, आर्थिक विकासको मोडेलले समाधान गर्न नसकेको दिगो र समता सहितको आर्थिक समृद्धिले विकासको वैकल्पिक अवधारणाको माग गरिरहेको छ । स्थानीयस्तरमा उद्यमशीलताको विकास र प्रबर्द्धन, स्थानीय श्रोतको प्रयोगमार्फत रोजगारीको सिर्जना र स्थानीय उत्पादनमा वृद्धि, स्थानीय श्रम र पूँजीको अधिकतम प्रयोग, निर्वाहमूखी पद्धतिको सट्टा व्यवसायिक उत्पादन आदि मार्फत हरेक व्यक्ति र परिवारको समृद्धिसँगै जगदेखि नै बलियो अर्थतन्त्र निर्माण आजको आवश्यकता हो ।

सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय तहहरूले जनताको नजिकको सरकारका रुपमा आधार भूत सेवा प्रवाह र विकास निर्माणका कार्य कार्यान्वयन गर्दै आइरहेका छन् । स्थानीय श्रोतको परिचालन, कृषि र उद्यममा आधारित रोजगारी सिर्जना, उत्पादनमा वृद्धि र स्थानीय समृद्धिका लागि स्थानीय तहको उल्लेखनीय भूमिका रहन्छ । योजनाबद्ध स्थानीय आर्थिक क्रियाकलापको कार्यान्वयबाट नै जनताको समृद्धिको आकाङ्क्षा पूरा गर्न सकिन्छ । सङ्घीयताको कार्यान्वयनसँगै नेपालमा तहगत सरकारहरूका अधिकार, जिम्मेवारी र भूमिकालाई संविधानले नै परिभाषित गरिदिएको छ । यसले विकास र विशेषतः स्थानीय आर्थिक विकासका क्षेत्रमा स्थानीय तहको भूमिकालाई बढाइदिएको छ । यसै सन्दर्भमा प्रतिष्ठानले **सङ्घीयताका सन्दर्भमा स्थानीय आर्थिक विकास : स्थानीय तहमा यसको अभ्यास र संभावना सम्बन्धी अध्ययन** (Local Economic Development in Federal Context: A study of

the Status and Prospect of Local Economic Development at Local Levels of Gandaki Province) सम्पन्न गरी प्रस्तुत प्रतिवेदन प्रकाशन गरेको छ ।

प्रस्तुत अध्ययनले गण्डकी प्रदेशका स्थानीय तहहरूमा स्थानीय आर्थिक विकासको कार्यान्वयनको अवस्थालाई मात्र उजागर गरेको छैन, समतामूलक आर्थिक समृद्धिका लागि नेपाल जस्ता अल्पविकसित र विकासोन्मुख मुलुकहरूमा स्थानीय आर्थिक विकासको मोडलको सान्दर्भिकतालाई खोतल्ने कामसमेत गरेको छ । कार्यमूलक अनुसन्धान विधिलाई आत्मसात् गरी सम्पन्न गरिएको यस अध्ययनको निष्कर्षले स्थानीय तहहरूलाई योजनाबद्ध रुपले स्थानीय आर्थिक विकासका कार्यक्रम कार्यान्वयनमार्फत स्थानीय श्रोतको प्रयोग, रोजगारी सिर्जना, उद्यमशीलताको विकास र गरिबी न्यूनीकरणमा केन्द्रित हुन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ ।

प्रस्तुत अध्ययनमा संलग्न हुनुहुने डा. सोमलाल सुवेदी, डा. संजिव हुमागाई र गिरिधारी सुवेदी प्रति आभार व्यक्त गर्न चाहन्छु । साथै यस अध्ययनमा प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग गर्नुहुने स्थानीय तहका पदाधिकारी, कर्मचारी र स्थानीय समुदायलाई धन्यवाद दिन चाहन्छु । अध्ययन प्रतिवेदनको मस्यौदामा पृष्ठपोषण गरी अध्ययनलाई यथार्थपरक र नतिजामुखी बनाउन सहयोग गर्ने प्रतिष्ठानका सम्पूर्ण कर्मचारीहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत अध्ययनको निष्कर्षले स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासको मोडलको अवलम्बनमार्फत स्थानीय समृद्धिको आकाङ्क्षा पूरागर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा लिएको छु । प्रस्तुत अध्ययनमा सामावेश गरिएका सन्दर्भ सामग्री र अध्ययनको निचोडले नीति निर्माता, अनुसन्धानकर्ता एवम् विकास र समृद्धिका क्षेत्रमा कार्यरत सबैका लागि महत्वपूर्ण श्रोतका रुपमा काम गर्ने अपेक्षा लिएको छु । यसका निष्कर्षले सबै तहका सरकारहरू र विशेषतः स्थानीय तहको विकास र समृद्धिको यात्रामा योगदान गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

ऋषिराम पाण्डे
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

स्थानीय आर्थिक विकास विकासोन्मुख देशदेखि विकसित देशसम्म धेरैले अनुसरण गरिरहेको एक नयाँ अभ्यास हो। यो निश्चित भूगोलमा गुणस्तरीय रोजगारी र सबल एवम् दीर्घकालीन अर्थतन्त्रको लक्ष्य हाँसिल गर्न उपलब्ध स्थानीय स्रोतहरूको प्रतिस्पर्धी प्रयोगको योजना निर्माण र रणनीतिहरूको संयुक्त कार्यान्वयनका लागि स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि र उनीहरूबीचको सहकार्यलाई प्रोत्साहन र सहजीकरण गर्ने सहभागितामूलक प्रक्रिया हो। विकसित मुलुकहरूमा सन् १९३० देखि नै अभ्यासमा रहेको यो अवधारणाको वर्तमान लोकप्रियताको पछाडि आर्थिक र राजनीतिक दुबै कारणहरू रहेका छन्। विकासलाई परिभाषित गर्दा मात्रात्मक भन्दा गुणात्मक र प्रक्रियागत विशेषताहरूलाई प्राथमिकता दिनुपर्ने विश्वव्यापी स्वीकारोक्ति नै स्थानीय आर्थिक विकासको सिद्धान्तको अपरिहार्यता उजागर गर्ने प्रस्थान बिन्दु हो।

आर्थिक रूपमा आन्तरिक र बाह्य कारणहरू जस्तैः विश्वव्यापीकरणका कारण सिर्जना भएका अस्थिरताहरू, देशमा सीमित निश्चित भूगोलमा मात्र सक्रिय अर्थतन्त्र एवम् तीव्र गतिमा वृद्धि हुँदै गएको भौगोलिक असमानता, केन्द्रिय सरकारको अर्थतन्त्रको व्यस्थापन र नियन्त्रणमा कमजोर भूमिका, र धेरै स्थानमा यसको सफल अभ्यास र राजनीतिक रूपमा १९७० मा सुरु भएको लोकतन्त्रको तेस्रो लहर र त्यसले प्रोत्साहन गरेको विकेन्द्रीकरणका कारण स्थानीय आर्थिक विकास आर्थिक मात्रै नभएर बहुआयामिक विकासको उपयोगी मोडेलको रूपमा प्रचलित भएको छ।

नेपालको हकमा खासगरी सङ्घीयताको कार्यान्वयन पश्चात् यसलाई बिस्तारै तीन तहका सरकारहरूले औपचारिक रूपमा ग्रहण गर्न थालेको अवस्था छ। एकातर्फ २०७२ मा जारी संविधान र त्यसपछिका कानूनी व्यवस्था, आर्थिक विकासका रणनीति एवम् कार्यक्रमहरूले स्थानीय आर्थिक विकासका विविध सिद्धान्तहरूलाई अवलम्बन गर्न खोजेको देखिन्छ भने अर्कोतर्फ दिनानुदिन विप्रेषण आम्दानीमा अत्यधिक निर्भर हुँदैजाँदा नेपालको अर्थतन्त्रले खेपिरहेका समस्याहरूको निदानका लागि पनि यो मोडल उपयोगी देखिन्छ। खासगरी ठूला उद्योग वा कलकारखानाको स्थापना भन्दा पनि कृषि र पर्यटन जस्ता प्रतिस्पर्धी लाभ हाँसिल गर्न सकिने क्षेत्रमा नवीनतम सृजनशीलतामा आधारित उद्यमशीलता विकासलाई अर्थतन्त्रको संरचनागत रूपान्तरणको बफर जोनको रूपमा प्रयोग गर्ने नेपाली रणनीतिमा स्थानीय आर्थिक विकासको सिद्धान्त अत्यन्तै उपयोगी देखिन्छ।

गण्डकी प्रदेशको हकमा प्रदेश प्रशिक्षण प्रतिष्ठानले स्थानीय आर्थिक विकासका सिद्धान्तहरूलाई स्थानीय तहहरूका आर्थिक एवम् अन्य विकासका नीति तथा कार्यक्रममा समावेश गर्न प्रयास गरिरहेको अवस्था छ। यस्तो अवस्थामा के नेपालमा सङ्घीयतामा जारी भए पश्चात् नीतिगत रूपमा आर्थिक विकासको मोडेलमा परिवर्तन आएको छ ? के सङ्घीय र प्रदेश सरकारहरू तथा स्थानीय तहका नीति एवम् कार्यक्रमहरूले स्थानीय आर्थिक विकासको सिद्धान्त अनुरूप रूपान्तरण हुँदै गएका छन् ? के

तीन तहका सरकारहरू बीचको वर्तमान सहकार्यले स्थानीय विकासको अवधारणालाई स्थापित गर्न सहयोगी भूमिका खेलिरहेका छन् ? स्थानीय तहहरूले स्थानीय आर्थिक विकासलाई कसरी बुझिरहेका छन् ? उनीहरूका नीति, योजना, कार्यक्रम र रायलाई विश्लेषण गर्दा स्थानीय आर्थिक विकासको कार्यान्वयनको अवस्था के कस्तो छ ? अहिलेको अवस्थामा स्थानीय आर्थिक विकासको सिद्धान्तलाई अवलम्बन गर्न के कस्ता प्रयासहरू आवश्यक छन् ? आदि जस्ता विषयमा बृहत् अध्ययन आवश्यक देखिएको छ। यिनै प्रश्नहरूको वरिपरि रहेर यो अध्ययनले गण्डकी प्रदेशका स्थानीय तहहरूमा स्थानीय आर्थिक विकासको अभ्यासको अवस्थाको विश्लेषणलाई प्रमुख आधार मानेर नेपालमा यसको सम्भावना र चुनौतीलाई पहिचान गरेको छ।

आ.व. २०७९/८० मा सम्पन्न यो अध्ययनले गण्डकी प्रदेशका हिमाली जिल्लाबाहेक प्रत्येक जिल्लाबाट १ स्थानीय तह पर्ने गरी कुल ११ स्थानीय तहलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरेको थियो। छनौट गरिएका स्थानीय तहहरूमा स्थलगत अवलोकन, वस्तुगत प्रश्नावलीमा आधारित सर्वेक्षण, अन्तर्वार्ता (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत मध्ये १ जना) र सामूहिक छलफलमा आधारित प्राथमिक तथ्याङ्क र सोही स्थानीय तहहरूका आवधिक योजना, क्षेत्रगत गुरुयोजना, नीति तथा कार्यक्रम र बजेटमा आधारित द्वितीय तथ्याङ्कमा आधारित भई स्थानीय आर्थिक विकासको वर्तमान अवस्था र त्यसका कारणहरूलाई पहिचान गरेको छ। मिश्रित विधिलाई प्रयोग गरी तय गरिएको अनुसन्धानको ढाँचामा आधारित भई विश्लेषणात्मक पद्धतिको प्रयोग गर्दै तीन चरणको विश्लेषणमार्फत अध्ययनको निष्कर्ष निकालिएको छ।

नेपालमा पनि स्थानीय आर्थिक विकासको प्रयोग अर्थतन्त्रको आन्तरिक एवम् बाह्य संरचनागत र राजनीतिक परिवर्तनका कारण अभ्यासमा आएको भएतापनि हाल यो अनौपचारिक अभ्यासबाट औपचारिक अभ्यासको रूपान्तरणको चरणमा रहेको छ। तीनै तहका सरकारहरू यसलाई औपचारिक मोडेलको रूपमा ग्रहण गर्दै विकसित गर्ने चरणमा रहेका छन्। तर कुन मोडेलमा कसरी जाने भन्ने बारेमा अन्यौलता यथावत रहेको छ।

अध्ययनमा छनौट भएका स्थानीय तहहरूमा स्थानीय आर्थिक विकासको अभ्यासको अवस्थाको बारेमा निम्नानुसारको निष्कर्ष निकालिएको छ : स्थानीय तहहरू स्थानीय आर्थिक विकासको प्रारम्भिक चरण (नक्साङ्कन र महत्व उजागर) मा रहेका छन्। उनीहरूले उत्पादन वा सेवा अभिवृद्धि कार्यक्रम नै स्थानीय आर्थिक विकास कार्यक्रम हो भन्ने अवधारणा बनाएका छन्। स्थानीय आर्थिक विकासका सिद्धान्तमा आधारित विकास रणनीति निर्माण गर्ने भन्दा पनि कार्यक्रम वा परियोजनाभित्र त्यस्ता सिद्धान्तको अभ्यास हुने गरेको छ। यसको बहुआयामिकतामा विशेष ज्ञान वा चासो राखेको देखिदैन। स्थानीय तहहरू संघ वा प्रदेश सरकारले प्राथमिकता क्षेत्रमा समान प्रकृतिका परियोजना सञ्चालन गरिदिँदा र स्थानीय तहका आफ्नै रणनीति नहुँदा नेतृत्वदायी भन्दा पनि सहजीकरण भूमिकामा सीमित भएका छन्। अहिलेको आर्थिक विकासको बहस प्रशासनिक सिमानाभित्र मात्र सीमित छ र त्यहाँ कुन पात्रको कस्तो क्षमता अभिवृद्धि गर्ने र जीवनको गुणस्तरमा कस्तो सुधार गर्ने भन्ने विषय अझै पनि अपरिभाषित छ।

तदर्थ कार्यक्रम वा परियोजनालाई नै स्थानीय आर्थिक विकास बुझ्ने स्थानीय तहको बुझाइ, त्यस्ता प्राय कार्यक्रमहरू वार्षिक रूपमा सञ्चालन हुँदा सरोकारवालाहरूको नियमित भेला वा क्षमता अभिवृद्धिको न्यून सम्भावना, एकै क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहले छुट्टाछुट्टै अनुदान प्रदान गर्दा पात्रहरूबीच विभाजन आउने, स्थानीय तहहरूले स्थानीय आर्थिक विकासको छुट्टै रणनीति तय गर्ने भन्दा पनि कार्यक्रम वा परियोजनामा तदर्थ अभ्यास र एकतर्फी संवाद संस्कृति (जानकारी गराउने र आव्हान गर्ने)को निरन्तरताले सम्भावनाका क्षेत्रमा साझा सञ्जाल वा फोरम निर्माण हुन सकेको छैन। स्थानीय आर्थिक विकासको मोडेलको अभ्यास सोही चरणमा प्रवेश गरेको तर स्थानीय तहहरू अलमलमा रहेको यो अध्ययनको प्रमुख निष्कर्ष रहेको छ। साथै, सङ्घीयताको अभ्यासले पनि यसमा तात्विक भिन्नता निर्माण गर्न नसकेको यो अध्ययनको निष्कर्ष रहेको छ।

स्थानीय तहहरू बीच नीतिमा नक्कल गर्ने प्रतिस्पर्धा नै चलेको छ। यसले स्थानीय आर्थिक विकासका रणनीतिहरूलाई विशिष्टीकरण भन्दा पनि झन्-झन् सामान्यीकरण गर्दै लागेका छन्। स्थानीय तहहरूले सीपयुक्त जनशक्ति विकासमा धेरै चिन्ता व्यक्त गरेतापनि त्यसमा ठूलो उपलब्धि हाँसिल गर्न नसकेको अवस्था रहेको छ। चरणबद्ध योजना निर्माण र कार्यान्वयन क्षमता विकासमा थप मेहनत गर्न आवश्यक देखिएको छ।

यो अध्ययनले हाल सम्मका उपलब्धिहरूलाई निम्नानुसार पहिचान गरेको छः तीनै तहका सरकारहरूले भूगोल सुहाउँदो नीति र कार्यक्रमलाई विशेष प्राथमिकता र कार्यक्रम सञ्चालनको अनुभव बटुल्नु, उत्पादन र अनुदानसँगसँगै स्थानीय तहहरूले सजिलै अवलम्बन गर्नसक्ने विविध अवधारणाहरू विकसित गर्दै जानु, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयनमा विशेष पहल गर्नु, स्थानीय तहहरूमा क्षेत्र निर्धारण, संरचनागत सुधार र नीतिगत सुधार गर्नु, एकीकृत एवम् बृहत् तथ्याङ्कको आवश्यकता महसुस गर्ने दक्ष जनशक्तिको अभावलाई प्राय सबै स्थानीय तहहरूले अनुभूति गर्नु, बजारीकरणको महत्वलाई बुझ्ने मात्रै होइन आफ्नो उत्पादनलाई ठूला बजारसँग जोड्ने कामको सुरुवात गर्नु र तीन तहका सरकारहरू बीच कसरी सहकार्यलाई थप मझबुत बनाउन सकिन्छ भन्नेमा धारणाहरू प्रष्ट हुँदै जानु मुख्य उपलब्धि हुन्। नीतिगत रूपमा अझै पनि स्थानीय आर्थिक विकासलाई परिष्कृत विकेन्द्रीकरणको मनोविज्ञानको रूपमा बुझ्ने संघ र प्रदेशका नीति तथा कार्यक्रमहरू सीमित पात्रहरूको सहभागिता, फरक पात्रको फरक सरकारसँगको समन्वय एवम् सहकार्य, कसले नेतृत्व गर्ने भन्ने द्विविधा र दक्ष जनशक्ति एवम् विज्ञ उत्पादन तथा प्रयोगका समस्याहरू प्रमुख चुनौतीहरू रहेका छन्। त्यति हुँदाहुँदै पनि स्थानीय आर्थिक विकास नेपालको तत्कालको अपरिहार्यता, आत्मसात गर्न खोजेको र स्थानीय तहहरूले खोजिरहेको आर्थिक विकासको मोडेल रहेको यो अध्ययनको निष्कर्ष रहेको छ। मूलतः सङ्घीयता जारी भएपछिका अभ्यासहरू सोही अपरिहार्यतालाई अभ्यासमा लैजाने क्रममा रहेको पनि यो अध्ययनको निष्कर्ष रहेको छ।

# विषयसूची


शुभकामना ........ इ

दुई शब्द ........ ई

कार्यकारी सारांश ........ ऊ

**अध्याय एक : परिचय ........ १**

१.१ अध्ययनको पृष्ठभूमि ........ १

१.२ समस्याको कथन ........ ४

१.३ अध्ययनको उद्देश्य ........ ६

१.४ अध्ययनको औचित्य ........ ६

१.५ अध्ययनको सीमा ........ ७

१.६ प्रतिवेदनको संरचना ........ ८

**अध्याय दुई : स्थानीय आर्थिक विकासः अवधारणा र अभ्यास ........ ९**

२.१ आर्थिक वृद्धि र आर्थिक विकास ........ ९

२.२ आधुनिकीकरणको सिद्धान्तदेखि मानव विकास सूचकाङ्कसम्म ........ १०

२.३ राष्ट्रिय आर्थिक बहसबाट स्थानीय आर्थिक बहस ........ १३

२.४ स्थानीय आर्थिक विकासको अवधारणा ........ १४

२.५ स्थानीय आर्थिक बहसको चक्र ........ १९

२.६ स्थानीय आर्थिक बहसको विकासक्रम ........ २१

२.७ स्थानीय आर्थिक बहसको बहुआयामिकता ........ २३

२.८ अन्तर्राष्ट्रिय अनुभव ........ २४

२.९ नेपालमा स्थानीय आर्थिक अभ्यास ........ ३१

अध्याय तीन : अध्ययनको विधि ........ ३५
३.१ अध्ययन विधि ........ ३५
३.२ अध्ययन क्षेत्रको छनौट ........ ३५
३.३ अध्ययन प्रकृया ........ ३६
३.४ तथ्याङ्क सङ्कलन विधि तथा औजार ........ ३७
३.५ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन ........ ३८
अध्याय चार : स्थानीय आर्थिक विकासको सिद्धान्तको अवलम्बन एवम् कार्यान्वयनको अवस्था.. ४०
४.१ स्थानीय आर्थिक विकासको सिद्धान्तको अवलम्बनको अवस्था ........ ४०
४.१.१ प्रदेशले तय गरेको समृद्धिका मुख्य संवाहकसँग तादात्म्यताको अवस्था .... ४०
४.१.२ ILO को स्थानीय आर्थिक विकास नीति निर्माणको ५ चरणमा आधारित विश्लेषण ........ ४४
४.२ स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयन अवस्था ........ ६३
४.२.१ भूगोल र प्राथमिकता निर्धारण ........ ६४
४.२.२ पात्र, प्रक्रिया र सहभागिता ........ ६८
४.२.३ स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग ........ ७०
४.२.४ रोजगारी र गुणस्तरीय जीवन ........ ७४
४.२.५ व्यापकता एवम् बहुआयामिकता ........ ७६
४.२.६ क्षमता अभिवृद्धि ........ ८०
४.२.७ दिगोपन ........ ८१
अध्याय पाँच : प्राप्त उपलब्धि, चुनौती र सम्भावाना ........ ८३
५.१ उपलब्धि ........ ८३
५.२ चुनौती ........ ८८
५.३ सम्भावना ........ ९२
अध्याय छ : निष्कर्ष एवम् सुझाव ........ ९४
६.१ निष्कर्ष ........ ९४
६.२ सुझाव ........ ९९
सन्दर्भ सामग्री ........ १०२

# अध्याय-एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

राजनीतिक परिवर्तनमा नेपाल जति सफल भयो, आर्थिक र सामाजिक रूपान्तरणले सोअनुसार गति लिन नसकेको प्रति राष्ट्रिय स्वीकारोक्ति छ ? स्वाभाविक रूपमा कतै आर्थिक र सामाजिक विकासको मोडेलमा समस्या त छैन भन्ने प्रश्न आम चासोको विषय बनेको छ र त्यसमा राष्ट्रिय बहस पनि जारी छ। यस्तो बहसमा केही नयाँ प्रश्न र विषयहरू थपिएका छन्। राष्ट्रिय अर्थतन्त्र झन्-झन् विप्रेषणमा निर्भर बन्दै गैइरहेको छ। अहिले नै नेपालको कुल ग्राईस्थ उत्पादनमा ३० प्रतिशत भन्दा बढी यसको योगदान छ। व्यापार घाटा र मूल्य वृद्धिदर कहाली लाग्दो छ। कतै परनिर्भरता लगायतका सिद्धान्तहरूले व्याख्या गरेझैं दीर्घकालसम्म नेपालको आर्थिक अवस्था यस्तै रहने त होइन भन्ने चिन्ता बढेको छ। आर्थिक र सामाजिक रूपान्तरणमा देखिएको सुस्तताले राजनीतिक व्यवस्था माथि नै प्रश्न खडा हुने अवस्था सिर्जना भएको छ।

माथिका प्रश्नहरू जटिल छन्। यसमा चरणबद्ध अनुसन्धान, छलफल र संवादको खाँचो छ। हामी कहाँ छौं ? हामीले जान खोजेको बाटो कहाँ हो ? हामी त्यसतर्फ जाँदै छौं त ? त्यसतर्फका हाम्रा जटिलताहरू के-के हुन् ? हामी कसरी त्यहाँ पुग्न सक्दछौं ? हाम्रो प्रयत्नमा थप हुनुपर्ने के हो? जस्ता प्रश्नहरूको उत्तरबाट हामी माथिका प्रश्नहरूमा पुग्न सक्दछौं।

यो अध्ययनले स्थानीय आर्थिक विकासको कोणबाट त्यो बहसलाई थप मलजल गर्ने, अध्ययनको नयाँ क्षेत्र खोज्ने प्रयत्न गरेको छ। माथिका प्रश्नहरूको प्रत्यक्ष उत्तर खोज्नु यो अध्ययनको प्रधान उद्देश्य होइन। तर आर्थिक विकासको अवस्था र भविष्यको बाटोको बारेमा चिन्तन गर्ने प्रत्येक छलफलले माथिका विषयहरूलाई प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा उत्तर प्रदान गर्न सक्नु पर्दछ।

"स्थानीय आर्थिक विकास" धेरै चर्चामा रहेको तर अझै पनि स्थानीय तहको, नीति अध्यताहरूको धारणामा एकरूपता आउन नसकेको विषयमध्ये पर्दछ। अक्सफोर्ड विश्वविद्यालयका अर्थशास्त्री Mario D. Tello का अनुसार आर्थिक विकासको बहस बिस्तारै र क्रमिकरूपमा राष्ट्रिय आर्थिक विकासबाट स्थानीय आर्थिक विकासतर्फ उन्मुख छ। यसलाई व्याख्या गर्ने दुई पृथक आयामहरू रहेका छन् (Tello, 2010)। पहिलो, अन्तर्राष्ट्रिय दातृ निकाय एवम् संघ संस्थाहरूले स्थानीय स्तरमा गुणस्तरीय रोजगारी र प्रतिस्पर्धी क्षमता अभिवृद्धि सँगसँगै सहभागिता, समावेशीता, दीर्घकालीनता जस्ता सिद्धान्तहरूलाई

प्राथमिकता दिने गरेका छन्। दोस्रो, स्थानीय स्रोतको अधिकतम प्रयोग र आर्थिक सूचकाङ्कलाई मात्रै नभएर सामाजिक विकास र व्यवस्थापकीय विषयलाई समेत आर्थिक विकासको परिभाषामा समाविष्ट गर्ने प्रचलन छ।

राष्ट्रिय आर्थिक विकासबाट क्षेत्रीय र स्थानीय आर्थिक विकास उन्मुख बहसमा स्थानीय आर्थिक विकासलाई परिभाषित गर्दा पाँच प्रमुख विशेषताहरूलाई ग्राह्यता दिने गरिएको पाइन्छ। ती हुन्:- (क) निश्चित भूगोलको सर्वाङ्गीण अर्थतन्त्रलाई नयाँ आयाम दिने क्षेत्रको पहिचान र त्यसमा आधारित नयाँ आर्थिक संरचनाको विकास, (ख) निश्चित भूगोलभित्रको स्रोत र साधनको अधिकतम प्रयोग, (ग) भूगोल र तय गरिएको क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पात्रहरूको सक्रिय सहभागिता, (घ) स्थानीय तह र सरोकारवालाहरूको आर्थिक विकास योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनको क्षमता विकास, र (ङ) त्यस्ता प्रयासले स्थानीय जनताको जीवन र सामाजिक सम्बन्धमा ल्याएको मात्रात्मक मात्रै नभएर गुणात्मक सुधार।

स्थानीय आर्थिक विकास विकसित मुलुकदेखि विकासोन्मुख देशसम्म छलफल हुने गरेको एक बृहत् र लोकप्रिय विषय हो। हरेक मुलुकले आफ्नो आर्थिक तथा सामाजिक संरचनामा आएका परिवर्तन वा समस्यालाई सम्बोधन गर्ने एक विकल्पको रूपमा स्थानीय आर्थिक विकासको मोडेललाई प्रयोग र अभ्यास गर्ने गरेको पाईन्छ (Blakely & Leigh, 2013; Rogerson, Christian and Rogerson, 2010)। त्यसैले, स्थानीय आर्थिक विकासको अवस्था, चुनौती एवम् सम्भावनाको छलफल स्थानीय आर्थिक विकासको अवधारणा कुनै निश्चित देश वा समाजले उक्त कालखण्डमा के-कस्ता समस्याको समाधानको विकल्पको रूपमा प्रस्तुत गरेका थिए भन्ने विषयबाट सुरुआत गर्नु राम्रो हुन्छ।

नेपालको वर्तमान सन्दर्भमा स्थानीय आर्थिक विकासको छलफलको सान्दर्भिकतालाई पाँच विशेष कोणहरूबाट चर्चा गर्न सकिन्छ। पहिलो, नेपालले विगतदेखि नै पूर्ण बजार अर्थतन्त्रभन्दा पनि पूर्वी एसियाका देशहरूमा जस्तैः (White & Wade, 1988) केन्द्रीकृत योजनावद्ध आर्थिक विकासको मोडेललाई अवलम्बन गर्दै आएको छ। नेपालका राष्ट्रिय योजनाहरू त्यसका ज्वलन्त उदाहरणहरू हुन्। दोस्रो, नेपालले २०७२ सालमा लागु गरेको संविधान, त्यसपछिका कानूनी व्यवस्था, आर्थिक विकासको नीति एवम् अभ्यासहरूलाई हेर्दा स्थानीय आर्थिक विकासको मोडेललाई आत्मसाथ गर्न खोजेको देखिन्छ। स्थानीय जनताहरूले आफूलाई अनुकूल लागेको योजना आफैं तय र कार्यान्वयन गर्ने प्रक्रियालाई स्वीकार मात्रै होइन, यसको अभ्यासलाई विशेष प्राथमिकता दिने गरेका छन्। सँगसँगै त्यससँग सम्बन्धित कानून निर्माण गर्ने अधिकारसम्म स्थानीय तहलाई प्रदान गरिएको छ। आवश्यक जनशक्ति उत्पादनसम्मको अधिकार प्रदेश र स्थानीय तहलाई प्रदान गरिएको छ। त्यसैको नतिजा स्वरूप प्रदेश सरकार र स्थानीय तहले आफ्ना आवधिक योजनाहरू निर्माण गरेका छन्। मध्यमकालीन

खर्च संरचनाहरू तय गरेका छन्। स्थानीय आर्थिक विकासका प्राथमिकताहरू निर्धारण गरेका छन्, नाराहरू तय गरेका छन्। आफ्ना स्थानीय तहगत, प्रदेशगत गुरुयोजना, कार्यक्रम र परियोजनाहरू सञ्चालन गरेका छन्।

तेस्रो, सङ्घीय एवम् प्रदेश सरकारहरूले स्थानीय रूपमा विशिष्टीकृत आर्थिक क्षेत्र र आर्थिक कार्यक्रमहरू सञ्चालन गर्नलाई प्राथमिकता दिने गरेका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एउटा प्रमुख उदाहरण हो। सङ्घीय सरकार वा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूमा "एक टोल एक विशेष उत्पादन" देखि "औद्योगिकग्राम स्थापना" सम्मका विविध कार्यक्रमहरू सञ्चालनमा छन्। साथै, संघदेखि स्थानीय तहसम्म आर्थिक वृद्धिभन्दा पनि सर्वाङ्गीण विकासलाई ग्राह्यता दिने नीति एवम् कार्यक्रमहरूले प्राथमिकता पाउन थालेका छन्। उदाहरणको रूपमा सङ्घीय सरकारको "समृद्ध नेपाल-सुखी नेपाली", गण्डकी प्रदेश सरकारको "समृद्ध प्रदेश, सुखी नागरिक" लाई लिन सकिन्छ।

चौथो, नेपालले अहिले सामना गरिरहेको आर्थिक एवम् सामाजिक रूपान्तरण र चुनौतीहरू जस्तै अर्थतन्त्रको विप्रेषणमा निर्भरता, अर्धसहरीकरण, तीव्र बसाइँसराइँ आदि भूगोल र जनसंख्याको अवस्थाअनुसार पृथक-पृथक छन् र तिनीहरूको निराकरणको लागि भूगोल र समस्या सुहाउँदो नीति एवम् कार्यक्रमहरू आवश्यक हुन्छ। धेरै विकसित मुलकमा देखिने समस्याको रूपमा रहेको निश्चित भूगोल केन्द्रित अर्थतन्त्रका कारण उत्पन्न हुने भौगोलिक असमानता वा असन्तुलन नेपालको पनि राष्ट्रिय समस्याको रूपमा छ। नेपालका धेरै स्थानहरूमा न्यून जन्मदर, जनसंख्याको कमी र शिथिल अर्थतन्त्रका समस्याहरू प्रमुख रूपमा देखा परेका छन्।

पाँचौं, ठूला उद्योगमा आधारित औद्योगिक विकास भन्दा पनि कृषि र सेवा क्षेत्रमा नवीनतम विचारहरूमा आधारित भई साना र मझौला उद्योगको स्थापना र उद्यमशीलता विकासमार्फत अहिलेका तमाम आर्थिक र केही हदसम्म सामाजिक समस्याहरूलाई निराकरण गर्न सकिन्छ भन्ने सवालमा राष्ट्रिय सहमति नै छ। आत्मनिर्भरता नेपालको आर्थिक र राजनीतिक मुद्दा हो र यो राष्ट्रिय स्वाधीनतासँग जोडिएको विषय पनि हो। अन्तर्राष्ट्रिय अनुभवहरूले स्थानीय आर्थिक विकास यस्तो अवस्थामा धेरै नै प्रभावकारी हुने पुष्टि गरिसकेका छन् (Banchirigah& Hilson, 2010;Bartik, 1991)।

नेपालमा स्थानीय आर्थिक विकासको अवस्था कस्तो छ ? सङ्घीयताको कार्यान्वयनमा यसलाई कसरी विकसित गर्दै लगेको छ ? गण्डकी प्रदेश र त्यहाँका स्थानीय तहमा स्थानीय आर्थिक विकासलाई कसरी बुझिएको छ र कार्यान्वयनको अवस्था के कस्तो छ ? आगामी दिनमा यसलाई कार्यान्वयन गर्दाका सम्भावना र चुनौतीलाई सिद्धान्त, तथ्याङ्क र अनुभवहरूमा आधारित भई विश्लेषण र विवेचना गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ।

## १.२ समस्याको कथन

माथि उल्लेख गरेझैं, कानूनी रूपमा स्थानीय तहहरूलाई वार्षिक बजेट र नीति तथा कार्यक्रम बनाउने अधिकार प्रदान गरिएको छ। धेरैभन्दा धेरै क्षेत्रलाई विशिष्टीकृत आर्थिक क्षेत्र बनाउने तीनै तहका सरकारहरूले पहल गरेको देखिन्छ। देशले अहिले सामना गरिरहेको आर्थिक र सामाजिक चुनौती तथा अन्तर्राष्ट्रिय अभ्यासहरूलाई आधार मान्दा स्थानीय आर्थिक विकासको मोडेल नेपाललाई उपयुक्त पनि देखिन्छ र त्यसतर्फ अगाडि बढेको पनि पाइन्छ।

तर यो छलफललाई अगाडि बढाउनु भन्दा अगाडि एउटा विषयलाई प्रष्ट पार्नु आवश्यक हुन्छ। स्थानीय आर्थिक विकास नीतिगतरूपमा नेपालको लागि अझैं पनि नयाँ हो। यसका लागि सङ्घीय सरकारले भर्खरै मात्रै औपचारिक बनाउने कामको सुरुआत गरेको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७९ मा "स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि २०७९" जारी गरी सबै स्थानीय तहहरूमा पठाएको छ। आर्थिक वर्ष २०७६/७७ देखि ८०/८१ सम्म लागु हुने पन्ध्रौं योजनामा स्थानीय आर्थिक विकाससँग मिल्दाजुल्दा धेरै अवधारणालाई आत्मसात गर्न खोजिएको देखिए पनि यसलाई अझै पनि औपचारिक नीतिको रूपमा घोषणा हुन भने सकेको पाइदैन।

प्राज्ञिक क्षेत्रमा यो विषयमा बहसको सुरुआत भएको भएतापनि त्यो कुनै निश्चित क्षेत्रमा स्थानीय रूपमा सीमित छ। अहिलेका बहसहरू लघुवित्त (Dhakal, 2010), स्थानीय तहहरूमा अधिकार प्रत्यायोजन (Rai, 2020), पर्यटन (Anup, 2016; Baral, Stern & Bhattarai, 2008) जस्ता विषयमा मात्र केन्द्रित हुने गरेका छन्। यो विषयले नेपाली मिडियामा बेलाबखतमा चर्चा पाउने गरेको छ र यस्ता बहसमा तुलनात्मक रूपमा सिद्धान्तको बारेमा थप चर्चा हुने गरेको पाईन्छ (बास्कोटा, २०७८; सुवेदी, २०७८)।

समग्रमा नेपालको हकमा स्थानीय आर्थिक विकासको बहस स्थानीय आर्थिक गतिविधिमा सीमित छ। खासमा यो छलफल ग्रामीण विकासको अवधारणाको बहसबाट धेरै माथि उठ्न सकेको छैन। जसले समग्र रूपमा ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनता र परिवारको समाज कल्याणको विषयलाई सम्बोधन गर्दछ (De Janvry, Sadoulet, &Murgai, 2002)। बहुआयामिकता स्थानीय आर्थिक विकासको एउटा महत्वपूर्ण सिद्धान्त हुँदाहुँदै पनि (Bhandari, Bhusal, Paudel, Upadhyaya, & Khanal, 2019; Chaudhary, 2018; Chaudhary, & Pasa, 2015, Kharel, 2018; Tatsumi, & Joshi, 2010) नेपालको हकमा स्थानीय आर्थिक विकास कृषिमा आधारित उत्पादनमार्फत आत्मनिर्भरताको छलफलमा नै सीमित छ। विश्वविद्यालय र त्यसभन्दा माथिको तहमा पनि ग्रामीण विकासको अध्ययन, अध्यापन र अनुसन्धानमा प्राथमिकता दिने गरेको पाइन्छ (Robinson-Pant, 2023)।

माथिको बहस समष्टिगत रूपमा सङ्घीयताको कार्यान्वयनभन्दा अगाडि को बहस र छलफलमा

आधारित छन्। के मुलुक सङ्घीयतामा गए पश्चात् केही परिवर्तन भयो त ? भन्ने प्रश्न यस्ता सबै छलफलको प्रारम्भिक प्रश्न नै हुनेछ। पहिलो, के मुलुक सङ्घीयतामा गए पश्चात् नीतिगत रूपमा आर्थिक विकासको मोडेलमा परिवर्तन आएको छ ? साथै, के सङ्घीय, प्रदेश र स्थानीय तहका नीति एवम् कार्यक्रमहरूले स्थानीय आर्थिक विकासको सिद्धान्त अनुरूप रूपान्तरण हुँदै गएका छन् ? दोस्रो, तीन तहका सरकारहरू बीचको सहकार्यको अवस्था कस्तो छ ? के तीन तहका सरकारहरू बीचको वर्तमान सहकार्यले स्थानीय विकासको अवधारणालाई स्थापित गर्न सहयोगी भूमिका खेलिरहको छ? र तेस्रो, स्थानीय तहहरूमा स्थानीय आर्थिक विकासको बारेमा रहेको बुझाइ र त्यसको कार्यान्वयनको अवस्था कस्तो छ ? स्थानीय तहहरूले स्थानीय आर्थिक विकासलाई कसरी बुझिरहेका छन् ? स्थानीय तहका नीति, योजना, कार्यक्रम र रायलाई विश्लेषण गर्दा स्थानीय आर्थिक विकासको कार्यान्यनको अवस्था के छ ? सँगसँगै अहिलेको अवस्थामा स्थानीय आर्थिक विकासको सिद्धान्तलाई अवलम्बन गर्न के कस्ता प्रयासहरू आवश्यक छन् ? भन्ने विषयमा पनि बृहत् छलफल आवश्यक छ।

यस्तो अवस्थामा नेपालमा स्थानीय आर्थिक विकास सम्बन्धी बहस र छलफल अत्यन्तै आधारभूत प्रश्नहरूबाट सुरुआत हुनुपर्ने देखिन्छ। औपचारिक रूपमा स्थानीय आर्थिक विकासलाई राष्ट्रिय विकासको प्रमुख सिद्धान्तको रूपमा अवलम्बन गर्ने नीति घोषणा नभए पनि २०७२ सालमा जारी भएको संविधान, त्यस पश्चात् जारी भएका सङ्घीय, प्रादेशिक एवम् स्थानीय कानून, नीति तथा कार्यक्रम, बजेट र अन्य धेरै नीतिगत व्यवस्थाले स्थानीय आर्थिक विकासका सिद्धान्तलाई धेरै हदसम्म प्रयोगमा ल्याउन खोजेको देखिन्छ। तीनै तहका सरकारहरूले आफ्ना आवधिक योजनाहरू निर्माण गर्ने, विविध नारा एवम् प्राथमिकताका कार्यक्रमहरू तय गर्ने र कार्यान्वयन गर्ने गरिरेहेका छन्। संघ तथा प्रदेश सरकारले पनि ठूला उद्योग वा योजनाबाट भन्दा उत्पादन र सेवामा आधारित उद्यमशीलता, नेपालको संविधानले तय गरेको समावेशीता, दिगो विकासको लक्ष्यहरूलाई प्राथमिकता दिएका छन्। तर यस्ता धेरै सम्भावनाहरूका बीच नेपालले पूर्णरूपमा स्थानीय आर्थिक विकासलाई अवलम्बन गर्ने वा कुनै स्थानीय तहले यसलाई पूर्ण कार्यान्वयनमा लगेर अन्य स्थानीय तहको तुलनामा विशेष उपलब्धि हाँसिल गरेको वा सर्वाङ्गीण विकासको नयाँ अध्याय सुरु गरेको समाचार वा तथ्यहरू विरलै सुन्न पाईन्छ।

गण्डकी प्रदेशको हकमा यो विषयमा थप विवेचना आवश्यक छ। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले स्थानीय तहहरूसँग मिलेर स्थानीय आर्थिक विकासको सिद्धान्त कार्यान्वयनमा विशेष प्रयत्न गरिरहेको छ। यसले यस सम्बन्धी विशेष प्रशिक्षण सामग्री तय गर्ने, तालिम प्रदान गर्ने, छलफल र अन्तरक्रिया गर्ने र स्थानीय तहहरूलाई आवधिक योजना वा अन्य योजना निर्माण गर्दा स्थानीय आर्थिक विकासको अवधारणाको अधिकतम अभ्यासलाई प्रयोग गर्न अभिप्रेरित गर्ने, प्राविधिक सहयोग प्रदान गर्ने गरेको छ।

स्थानीय तहको गन्तव्य र हालको नतिजा बीचको भिन्नतालाई खोज्दा मात्रै हामीले स्थानीय आर्थिक विकासको अवधारणाको अवस्था र कारणहरू पहिचान गर्न सक्दछौं। स्थानीय आर्थिक विकाससँग सम्बन्धित के कस्ता विषयहरूमा स्थानीय तहहरू सहजै प्रवेश गरेका छन् र के कस्ता विषयमा कठिनाइहरू सामना गरिरहेका छन् ? भन्ने विषयको छलफलले हामी कहाँ छौं र कता जाँदै छौं भन्ने आंकलनलाई सहज बनाउँछ। यिनै विषयहरूलाई मध्येनजर गर्दै यो अध्ययनले गण्डकी प्रदेशका ११ वटा स्थानीय तहहरूमा आधारित भई नेपालमा स्थानीय आर्थिक विकासको मोडेलको कार्यान्वयनको अवस्था, सवल पक्ष र कमजोर पक्ष, सम्भावना र चुनौतीलाई विश्लेषण गर्ने प्रयत्न गरेको छ।

## १.३ अध्ययनको उद्देश्य

स्थानीय आर्थिक विकास वर्तमान नेपालको आवश्यकता र पछ्याउन खोजिएको विषय देखिए पनि सङ्घीयताको कार्यान्वयनको सिलसिलामा यसमा कस्तो परिवर्तन आएको छ ? स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयनको अवस्था के छ ? यसमा स्थानीय तहहरूले के-कस्ता प्रयत्नहरू गरिरेहेका छन् ? यसको सफल कार्यान्वयनको लागि अवसर र चुनौती के हुन् ? भन्ने विषयमा यो अध्ययन केन्द्रित छ। यो अध्ययनको प्रमुख उद्देश्यहरू निम्नलिखित छन् :

- नेपालमा स्थानीय आर्थिक विकासको मोडेलको बारेमा सैद्धान्तिक र व्यावहारिक अभ्यासहरूको विवेचना गर्नु,
- गण्डकी प्रदेशका स्थानीय तहहरूले अबलवन गरेको स्थानीय आर्थिक विकासका रणनीति अनुसरणको अवस्थालाई विश्लेषण गर्नु,
- हाल अभ्यासमा रहेका नीति एवम् कार्यक्रममा स्थानीय आर्थिक विकासका सिद्धान्तको प्रयोगको अवस्थालाई विश्लेषण गर्नु,
- स्थानीय आर्थिक विकासको सिद्धान्तको असल अभ्यासका उपलब्धि, चुनौती र सम्भावनाहरूलाई पहिचान गर्नु,
- स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न आवश्यक नीतिगत र प्रयोगात्मक सुझावहरू पेस गर्नु।

## १.४ अध्ययनको औचित्य

यो अध्ययनले नेपालमा स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयन र अध्ययनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने लक्ष्य राखेको छ। यस अध्ययनको उपयोगिता प्रतिवेदनको पूर्ण

कार्यान्वयन सँगसँगै हुने अपेक्षा गरिएको छ।

नेपाल अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकको अवस्थामा स्तरोन्नति हुँदै गर्दा स्थानीय आर्थिक विकासका आधार, पद्धति र प्रक्रियाहरूलाई स्थानीय तहहरूले कसरी अबलवन गरिरहेका छन् ? अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा रहेको स्थानीय आर्थिक विकासको बहस र मोडेलहरूको विवेचना मार्फत नेपाली माटो सुहाउँदो मोडेल निर्माणको आधार के कस्तो हुनसक्छ ? भन्ने सन्दर्भमा अध्ययन गर्न अध्येता, प्राज्ञिक समूहहरूको लागि एकातर्फ यो अध्ययन उपयोगी हुने अपेक्षा गरिएको छ भने, अर्कोतर्फ स्थानीय तहहरूले आर्थिक विकासका कार्यक्रम, कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न यो अध्ययन उपयोगी हुने र औचित्यपूर्ण रहने छ। यसका अतिरिक्त प्रस्तुत अध्ययनले :

- नेपालमा प्रयोगमा रहेको स्थानीय आर्थिक विकासको मोडेललाई पहिचान गर्न आवश्यक ज्ञान र अनुभव पृष्ठपोषण गर्ने छ।
- गण्डकी प्रदेशका स्थानीय तहहरूमा स्थानीय आर्थिक विकासको मोडेल कार्यान्वयनको चरण पहिचान गर्ने, सो मार्फत आगामी दिनको लागि नीतिगत एवम् कार्यक्रमगत सुझाव पेस गर्ने छ।
- स्थानीय आर्थिक विकासको अभ्यासमा क्षेत्रगतरूपमा गर्नुपर्ने नीतिगत सुधार, सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू र सहकार्यका सुझावहरूलाई पेस गर्ने छ।
- सङ्घीयताको कार्यान्वयनले स्थानीय आर्थिक विकासको कार्यान्वयनमा ल्याएको परिवर्तन पहिचान गर्ने र त्यसको सहजीकरणका उपायहरू पेस गर्ने छ।

## १.५ अध्ययनका सीमा

यो अध्ययनको निम्नानुसारका सीमाहरू छन् :

- सैद्धान्तिक बहस, सङ्घीयता पहिले र पछिको नेपालको अभ्यास र गण्डकी प्रदेशका स्थानीय तहहरूको प्रयासलाई एकै अध्ययनमा समेटेर विश्लेषण गर्दा केही तहगत सीमितता रहनु।
- स्थानीय तहहरूको बुझाइ, अपेक्षा र कार्यसम्पादनमा स्पष्टता विकसित हुने चरणमा नै हालको अवस्थालाई मात्र मूल्याङ्कन गरिनु।
- स्थानीय तहहरूबीचको तुलनात्मक अध्ययन विश्लेषणको अभाव रहनु।
- अध्ययन गरिएका स्थानीय तहहरूकै बीचमा भौगोलिक, आर्थिक र अन्य धेरै विविधता रहनु आदि।

## १.६ प्रतिवेदनको संरचना

यो प्रतिवेदनलाई जम्मा छ वटा अध्यायहरूमा विभाजन गरिएको छ। पहिलो अध्यायमा अध्ययनको परिचय रहेको छ। यसमा अध्ययनको भूमिका, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको सीमा र प्रतिवेदनको संरचना समेटिएका छन्। दोस्रो अध्यायमा स्थानीय आर्थिक विकासको अवधारणा र अभ्यासहरूलाई प्रस्तुत गरिएको छ। यस अन्तर्गत आर्थिक वृद्धि र आर्थिक विकास, आधुनिकीकरणको सिद्धान्त देखि मानव विकास सूचकाङ्कसम्मको सैद्धान्तिक बहस, राष्ट्रिय आर्थिक बहसबाट स्थानीय आर्थिक बहस, स्थानीय आर्थिक विकासको अवधारणा, स्थानीय आर्थिक विकास बहसको विकासक्रम, स्थानीय आर्थिक विकासको बहुआयमिकता, अन्तर्राष्ट्रिय अनुभव र नेपालमा स्थानीय आर्थिक विकासको अनुभवलाई समावेश गरिएको छ।

तेस्रो अध्यायमा अध्ययनको विधिलाई प्रस्तुत गरिएको छ। चौथो अध्याय यो अध्ययनको प्रमुख विश्लेषण अध्याय छ जहाँ गण्डकी प्रदेशका ११ स्थानीय तहहरूमा स्थानीय आर्थिक विकासका सिद्धान्त अबलवनको अवस्थालाई कुल तीन चरणमा चिरफार गरिएको छ। पहिलो, स्थानीय तहहरूका प्राथमिकता के छन् र नीतिहरू प्रदेश सरकारले तय गरेका समृद्धिका मुख्य संवाहकसँग कत्तिको तादात्म्य राख्दछन् भन्ने कुराको विश्लेषण गरिएको छ। अध्ययन गरिएका स्थानीय तहहरू स्थानीय आर्थिक विकास कार्यान्वयनको कुन चरणमा छन् भन्ने सवालको विश्लेषण गरिएको छ। त्यसैगरी, स्थानीय विकासका आधारभूत सिद्धान्तहरूमा रही हाल तय भएका नीति एवम् कार्यक्रमहरूमा स्थानीय आर्थिक विकासका सिद्धान्तहरू कत्तिको अवलम्बन गरिएका छन् भन्ने विश्लेषण गरिएको छ। पाँचौं अध्यायमा हालसम्मका विश्लेषणका आधारमा स्थानीय आर्थिक विकासको प्रयोगको चुनौती र सम्भावनाको पहिचान गरिएको छ। प्रतिवेदनको अन्तिम अध्यायमा अध्ययनको सारांश र सुझावहरू प्रस्तुत गरिएको छ।

# अध्याय-दुई
# स्थानीय आर्थिक विकास : अवधारणा र अभ्यास

## २.१ आर्थिक वृद्धि र आर्थिक विकास

जब हामी आर्थिक विकासको चर्चा गरिरेहेका हुन्छौं, त्यतिखेर हामी आर्थिक वृद्धिमा केही विषयहरू थपेर छलफल गरिराखेका हुन्छौं (Soubbotina, 2004)। आर्थिक विकासको बहसमा स्वाभाविक रूपमा दीर्घकालीन वृद्धि, उत्पादनको संरचनागत परिवर्तन, प्रविधिको विकास, सामाजिक, राजनीतिक एवम् संस्थागत आधुनिकीकरण र मानिसहरूको जीवनमा आमूल परिवर्तन जस्ता विषय समावेश हुन्छन् (Adelman, 2000)।

दुबै बहसको केन्द्रबिन्दुमा प्रतिव्यक्ति आय रहने गरेको हुन्छ। आर्थिक वृद्धि मापनमा एक निश्चित अवधिदेखि अर्को अवधिसम्म प्रतिव्यक्ति अथवा देशको कुल/औषत आयमा आएको परिवर्तनलाई आधार मानिन्छ (Ray, 1998) भने आर्थिक विकासमा प्रतिव्यक्ति आयमा आएको परिवर्तन र अन्य तथ्यलाई पनि समष्टिगत मापन गरिन्छ। बिसौं शताब्दीमा प्रतिव्यक्ति आय सँगसँगै गरिबी र असमानताको अवस्थालाई विकास मापन गर्ने प्रमुख आधार मान्ने गरिन्थ्यो। बिसौं शताब्दीको उत्तरार्द्धमा मानव विकास सूचकाङ्क (औषत आयु, साक्षरता तथा प्रतिव्यक्ति आयमा आधारित सूचकाङ्कहरूको औषत) लाई विकासको अवस्थाको प्रमुख मापक मान्न सुरु गरियो र आज पनि यसलाई उत्तिकै महत्त्वका साथ हेर्ने गरिन्छ। नयाँ शताब्दीमा प्रवेश गरेसँगै प्रतिव्यक्ति आय र संयुक्त राष्ट्र संघका विकासका उद्देश्यहरू, सहस्राब्दी विकास लक्ष्यहरू (२००१–२०१५) र दिगो विकास लक्ष्यहरू (२०१६–२०३०) लाई प्रमुख आधार मानेर विकासको बहस गर्ने गरेको पाईन्छ।

आर्थिक विकासले सामान्य आर्थिक अवस्थाको तथ्याङ्क सँगसँगै जनताको जीवनमा सकारात्मक प्रभाव ल्याउने नीति, कार्यक्रम एवम् अन्य सम्बन्धित गतिविधिहरूलाई समेत समाहित गरेको हुन्छ। अर्थशास्त्री मिसेल टोडारोका अनुसार विकास भन्नाले "सामाजिक संरचना, आम प्रवृत्ति र राष्ट्रिय संस्थाहरूमा व्यापक परिवर्तन ल्याउनुका साथै उच्च आर्थिक वृद्धि, आर्थिक असमानता र त्यसको असर न्यूनीकरण र निरपेक्ष गरिबीको अन्त्य गर्ने बहुआयामिक प्रक्रिया हो (Todaro, 1989, p.89)"। त्यस अर्थमा विकासले बहुआयामिक पक्षहरूलाई समेटेको हुन्छ। त्यसको दायरा कालखण्डअनुसार परिमार्जित र परिष्कृत हुँदै जान्छ। साथै देश र स्थानअनुसार फरक अर्थमा प्रयोग भएको पनि हुन सक्दछ। आधुनिक युगमा यस्तो बहुआयमिकताको बहस मानव विकासमा केन्द्रित छ (Dannefer

& Perlmutter, 1990)। अर्को शब्दमा निश्चित भूगोलभित्र बसोबास गर्ने मानिसहरूको अवस्थालाई विश्लेषण गरेर विकासको अवस्थालाई मूल्याङ्कन गर्ने गरिन्छ।

आर्थिक वृद्धि र आर्थिक विकासको बहस लामो समयदेखि चलिरहेको छ (Bingham & Mier, 1993)। आर्थिक वृद्धिको मोडेलको सीमितताको बहस लामो समयसम्म चले पनि धेरै देशहरूले निश्चित कालखण्डमा आफ्ना अवस्थाहरूलाई विश्लेषण गर्दै आर्थिक वृद्धिको मोडेललाई नै प्राथमिकता दिने गरेका पनि प्रशस्तै उदाहरणहरू छन्। जस्तै, दक्षिण कोरियाले सन् १९६० देखि सन् १९८० सम्म, मलेसियाले सन् १९८० देखि सन् १९९० सम्म वा सन् १९८०मा दक्षिण अमेरिकाको बजारीकरण त्यसका ज्वलन्त उदाहरणहरू हुन्। नेपालको हकमा पनि समृद्धिको बहस सुरुमा आर्थिक वृद्धिमा केन्द्रित थियो। २०७४ मा निर्वाचित सरकारले "सुखी नेपाली" भन्ने नारालाई थपेर वृद्धिको बहसलाई विकासतर्फ लाने प्रयत्न गर्यो। त्यसैगरी गण्डकी प्रदेशले पनि "समृद्ध प्रदेश, सुखी नागरिक" को अवधाराणालाई अगाडि सारेर विकासको बहसलाई नयाँ मोडेलमा लैजाने प्रयत्न गरिरहेको छ। के संघ र प्रदेशको नीति वृद्धिबाट विकास उन्मुख भएकै हो भन्ने विषयमा छुट्टै र थप छलफल आवश्यक हुन्छ जुन यो अध्ययनको सीमा बाहिरको विषय हो।

## २.२ आधुनिकीकरणको सिद्धान्तदेखि मानव विकास सूचकाङ्कसम्म

आर्थिक वृद्धिको बहसको इतिहासलाई विविध कोणबाट चिरफार गर्ने गरिन्छ। सन् १९५० देखि चर्चामा रहेको आधुनिकीकरणको सिद्धान्त (modernization theory) लाई वर्तमान बहसको प्रस्थान बिन्दु मान्न सकिन्छ। त्यसबखत एकातर्फ संसारभर इतिहासमै सबैभन्दा धेरै संख्यामा नयाँ देशहरूको उदय भएको पाईन्छ। अर्कोतर्फ युद्धबाट अस्तव्यस्त भएको अर्थतन्त्रलाई पुनरुत्थान पनि गर्नु थियो। सो वखत कस्तो अवस्थामा त्यस्ता देशहरूले छिटो अर्थतन्त्रलाई पुनरुत्थान गर्न सक्दछन् वा आर्थिक वृद्धि हाँसिल गर्न सक्दछन् भन्ने विषयको बहस निकै नै चुनौतीपूर्ण थियो। के गर्दा धेरै भन्दा धेरै देशहरूलाई प्रजातान्त्रिक मुलुक बनाउन सकिन्छ भन्ने प्रश्नमा पनि पश्चिमा देशहरूको ध्यान केन्द्रित थियो। त्यसै सिलसिलमा उदय भयो "आधुनिकीकरणको सिद्धान्त"। निश्चित रूपमा यहाँ धेरैको ध्यान आर्थिक वृद्धिमा नै केन्द्रित थियो।

यसका दुई आयामहरू छन्। पहिलो आर्थिक वृद्धिको ५ तहको मोडेलको विकास। यसका प्रतिपादक W.W. Rostow का अनुसार हरेक देशको आर्थिक वृद्धि ५ चरणमा हुन्छ (Rostow, 1959)। सुरुमा देशहरू कृषि र सामान्य व्यापारमा आश्रित हुन्छन्। क्रमिकरूपमा उनीहरू कुनै निश्चित उत्पादनमा विशेष दख्खल राख्छन् र सक्षमता विकास गर्दछन्। व्यापारमा पनि आफूलाई परिष्कृत गर्दै जान्छन्। यसले बचत र लगानीलाई अभिप्रेरित गर्दछ। यहाँबाट तेस्रो चरणमा पुग्ने विषय महत्त्वपूर्ण हुन्छ। तेस्रो चरणमा देशहरूको औद्योगिकीकरण हुन्छ र अर्थतन्त्रको समग्र संरचनामा नै

परिवर्तन आउँछ। अर्थतन्त्रको आधार कृषिबाट उद्योगमा रूपान्तरण हुन्छ। Rostow पछिका विज्ञ र नीति निर्माताहरूले यो चरणमा विकासोन्मुख देशहरूले एक्लै पूँजी निर्माण गर्न नसक्ने हुँदा वैदेशिक सहायताको आवश्यकता भएको विचारहरू व्यक्त गरेका छन् (Rostow, 1956)। त्यसपछिको चरणमा प्राथमिकता दिइएका उद्योगलाई केन्द्रबिन्दुमा राखेर अर्थतन्त्रको विविधीकरणको प्रक्रिया सुरु हुन्छ। र अन्तिम चरणमा बृहत् उत्पादन सुरु हुन्छ। आयात क्रमिक रूपमा प्रतिस्थापन हुन्छ। निर्यात प्रवर्द्धन हुँदै जान्छ।

सोही बखत पश्चिमा मुलुकहरूमा “के गर्यो भने धेरैभन्दा धेरै देशहरूलाई प्रजातान्त्रिक बनाउन सकिन्छ”? भन्ने अर्को महत्त्वपूर्ण प्रश्न थियो। एउटा मुलक जति धेरै धनी भयो त्यति नै प्रजातान्त्रिक हुने सम्भावना हुन्छ भन्ने सिद्धान्त प्रतिपादन भयो (Lipset, 1959)। जब हामी आधुनिकीकरणको सिद्धान्त चर्चा गरिराखेको हुन्छौं, आर्थिक र राजनीतिक विषयहरूलाई समष्टिगत रूपमा छलफल गरिराखेका हुन्छौं, यहाँ आर्थिक अवस्थाले राजनीतिक व्यवस्थाको परिवर्तन वा संस्थानीकरणमा पार्ने एकोहोरो सम्बन्ध मात्रै होइन राजनीति र सामाजिक व्यवस्थाले आर्थिक वृद्धिमा पार्ने दोहोरो प्रभावको विवेचना हुन्छ (Wucherpfennig & Deutsch, 2009)। यो सिद्धान्त सन् १९५० को दशकमा बहुप्रचलित रह्यो र अहिले पनि यसको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा नीति निर्माणमा ठूलो प्रभाव छ।

धेरै विकासोन्मुख वा अल्पविकसित मुलुकहरूको हकमा आधुनिकीकरणको सिद्धान्तका आँकलनहरू मिलेनन्। यो सिद्धान्तलाई अवलम्बन गरेका देशहरूमध्ये थोरै देशहरूले मात्र युद्धको चपेटाबाट पुनरुत्थानमा पूर्ण सफलता प्राप्त गर्न सके र सोंचेको आर्थिक वृद्धि हाँसिल गर्न सके। त्यसका कारणहरूका बारेमा दुई धारमा विचारको मन्थन सुरु भयो। पहिलो, निश्चित तहको राजनीतिक व्यवस्था (Political Order) नभएको मुलुकले आर्थिक वृद्धि प्राप्त गर्न गाह्रो हुन्छ र प्राप्त गरेको अवस्थामा पनि त्यहाँ प्रजातन्त्र स्थापना हुने संभावना कम हुन्छ (Huntington, 2006)। दोस्रो, निर्भरताको सिद्धान्त (Dependency Theory)। अन्तरार्ष्ट्रिय पूँजीवादी संरचना नै अविकसित, अल्पविकसित र विकासोन्मुख देशहरूलाई यथास्थितिमा राख्ने प्रमुख कारणहरू हुन् भन्ने विषयलाई जोडतोडका साथ उठाउन थालियो। मानव स्रोत र प्राकृतिक स्रोतमा आर्थिक पूँजी धेरै भएका मुलकहरूको एकाधिकार र नियन्त्रण हुने र उनीहरूले आफ्नो हितका लागि मात्र प्रयोग गर्ने हुँदा मानव पूँजी निर्यात गर्ने अविकसित, अल्पविकसित र विकासोन्मुख देशहरूको अवस्थामा आमूल परिवर्तन आउन सक्दैन र यथास्थितिमा रहन्छन्। तर त्यस्ता स्रोतलाई दुरूपयोग गर्ने सम्पन्न मुलुकहरूको अवस्था भने झन्-झन् मझबुत हुँदै जान्छ (Frank, 1967)। यसलाई अन्तर्राष्ट्रिय अर्थतन्त्रको संरचना मात्रै होइन राष्ट्रिय अर्थतन्त्रको संरचनामा पनि लागु हुने उनीहरूको तर्क छ। देशभित्र पनि ठूला सहर वा आर्थिक क्षेत्र र गाउँ वा आर्थिक गतिविधि कमजोर क्षेत्र बीच पनि त्यस्तै सम्बन्ध हुन्छ।

यस्ता तर्कहरूले एकातर्फ संसारभर राजनीतिक व्यवस्था निर्माण गर्ने बहानामा अधिनायकवादी

शासन व्यवस्थालाई प्रश्रय दिने काम गर्यो भने अर्कोतर्फ राष्ट्रिय योजनामा आधारित आर्थिक विकासको मोडेललाई पनि प्रवर्द्धन गर्यो। नेपालमा पनि त्यसको प्रत्क्षय, अप्रत्यक्ष प्रभाव रह्यो। सन् १९७० को दशकमा थप दुई मोडेलहरू प्रयोगमा आए र केही महत्वपूर्ण सफलताहरू पनि प्राप्त गरे। पहिलो, राज्यको नेतृत्वमा योजनाबद्ध निर्यात केन्द्रित आर्थिक वृद्धि मोडेलको अभ्यास थियो (Haggard, Kim, & Moon, 1991)। पूर्वी एसियाका देशहरूले यो मोडेलमा संसारलाई आश्चर्य चकित पार्दै द्रुत आर्थिक वृद्धि हाँसिल गरे र क्रमिक रूपमा विकास गर्न सफल भए।

त्यस्तै, विकसित देशहरू खासगरी अमेरिका र बेलायतमा राज्यले समाज र अर्थतन्त्र आफैं एक्लै पर्याप्त रहेको क्षेत्रमा पनि आफ्नो उपस्थिति जनाउँदा समाज र बजारको प्रभावकारितामा नकारात्मक प्रभाव पार्ने र समग्रमा आर्थिक संरचनामा नै नकारात्मक प्रभाव पार्ने निष्कर्ष निकालियो। त्यसको विकल्पकको रूपमा सानो राज्य (minimal state) मा आधारित नव उदारवाद (neo-liberalism) को नीति अवलम्बन गरे। त्यसमा उनीहरूले केही सफलता पनि प्राप्त गरे। त्यसैमा आधारित भई संसारभर नवउदारवादको प्रवर्द्धनमा पनि लागे। यो नै अन्तर्राष्ट्रिय संघ संस्थाहरूको प्रमुख नीति रह्यो र त्यसको ठूलो प्रभाव नेपालको आर्थिक नीतिमा पर्यो। त्यसपश्चात् विकासोन्मुख देशहरूमा यी दुबै सिद्धान्तहरूलाई मिसाएर नीति बनाउने र लागु गर्ने प्रचलन सुरु भयो। एकातर्फ उनीहरूले बजार अर्थतन्त्रलाई स्वीकार गरेका छन् भने अर्कोतर्फ रोजगारी सिर्जना र समाज कल्याणमा राज्यको भूमिका पनि सशक्त बनाउँदै लागेका छन्।

बजार अर्थतन्त्रमा आधारित वृद्धिको तथ्याङ्कमा प्रतिव्यक्ति आय वृद्धि भएतापनि आम नागरिकहरूको जीवनका धेरै समस्याहरू यथावत रहे वा थपिए। आर्थिक असमानताहरू वृद्धि भए। व्यक्ति र व्यक्तिको बीचमा, एउटा भूगोल र अर्को भूगोलको बीचमा, एउटा समुदाय र अर्को समुदायको बीचमा असमानताहरू बढ्दै गए। देशभित्रको आर्थिक गतिविधिहरू केही निश्चित सहर वा भूगोलमा केन्द्रित हुने र देशको ठूलो भूगोल मन्दी वा समस्या ग्रस्त हुन थाले। यस्ता समस्याहरू निर्भरताको सिद्धान्तमा आधारित भई राम्रोसँग व्याख्या गर्न सकिन्छ। तर पूर्वी एसिया लगायत अल्पविकसित मुलकहरूले छोटो समयमा कसरी आर्थिक वृद्धि र क्रमिकरूपमा विकास गर्न सफल भए भन्ने प्रश्नमा उनीहरूले स्पष्ट उत्तर दिन सकेनन्।

यो छलफल निरन्तर रहँदै गर्दा विश्व अर्थतन्त्र र राजनीतिमा नयाँ घटनाहरू घटे र नयाँ बहस सुरुवात भयो। पहिलो, संसारभर प्रजातन्त्रको तेस्रो लहर (पहिलो लहर, सन् १८२८-१९२६, दोस्रो लहर दोस्रो विश्वयुद्ध देखि सन् १९६२ सम्म, तेस्रो लहर सन् १९७४ देखि १९९५ सम्म) चल्यो (Shin, 1994)। विश्वभर ६० भन्दा धेरै देशहरूमा एकैपटकमा प्रजातन्त्र स्थापना वा पुनर्स्थापना भयो। यस्ता मुलकहरूमा आर्थिक वृद्धि मात्रै होइन सर्वाङ्गीण विकासको बहसले उच्च स्थान प्राप्त गर्न थाल्यो। जलवायु परिवर्तन र पर्यावरणको बहसले पनि विश्वव्यापीरूप लियो। मानिसहरू एक स्थानबाट

अर्को स्थानमा सजिलै आवतजावत गर्न थाले। सर-समानको ओसारपसारमा व्यापक वृद्धि भयो। विश्वव्यापीकरणको नयाँ युगको उदय भयो।

विकासको संवादमा यस्ता बहुआयमिकतालाई केन्द्रबिन्दुमा राख्नु पर्दछ भन्ने तर्क सर्वस्वीकार्य बन्दै गयो (Sen, 2000)। गरिबीको कारण स्रोत र साधनको अपर्याप्तता भन्दा पनि त्यसको असमान र अव्यवस्थित वितरण रहेको निष्कर्षहरूले आर्थिक विकासको बहसमा प्राथमिकता प्राप्त गर्न थाले। तर त्यसका लागि राज्यले उद्योग धन्दा चलाउने होइन, जुनजुन आधारभूत अधिकार प्राप्त गर्न नसक्दा नागरिकहरू पूर्णरूपमा आर्थिक गतिविधिमा सहभागी हुन् सकिराखेका हुँदैनन् त्यसबाट जनताहरूलाई छुटकारा दिलाउने, क्षमता अभिवृद्धि गर्ने र बजारको स्वतन्त्रतालाई सुनिश्चित गर्दा मात्र सर्वाङ्गीण विकास हुन्छ भन्ने सिद्धान्त प्रतिपादन भयो। भारतीय मूलका अर्थशास्त्री अमरत्य सेनको यो सिद्धान्तको निर्माणमा अतुलनीय योगदान रह्यो (Sen, 1999)। उनको समेत संलग्नतामा युएनडिपीले त्यसैमा आधारित भई मानव विकास सूचकाङ्क निर्माण गर्यो र यो आज हरेक मुलकको विकासको अवस्थालाई मूल्याङ्कन गर्ने प्रमुख औजार बनेको छ। यो सूचकाङ्कमा जनताहरूको लामो र स्वस्थकर, ज्ञान युक्त तथा सम्मानजनक र सुविधा सम्पन्न स्तरको जीवनको अवस्थालाई मापन गरिन्छ।

## २.३ राष्ट्रिय आर्थिक बहसबाट स्थानीय आर्थिक बहस

विकासोन्मुख देशहरूमा लामो समयसम्म कसरी राष्ट्रिय विकासबाट माथि उल्लिखित लक्ष्यहरू प्राप्त गर्न सकिन्छ भन्ने बहस चल्यो। राष्ट्रिय अर्थतन्त्र सामान्यतया समग्र वस्तुको वा सेवाको उत्पादन, वितरण, व्यापारको नीति र कार्यक्रममा केन्द्रित हुन्छ। राज्यले सम्भावनाका क्षेत्रहरूलाई सवलीकरण गर्दै त्यस क्षेत्रको आम्दानीले अन्य क्षेत्रको सुधार वा व्यवस्थापनमा प्राथमिकता दिन्छ। तर त्यस्ता योजनाहरूले विश्वव्यापीकरणले सिर्जना गरेका समस्या समाधान गर्न नसक्ने मात्रै होइन केही निश्चित सहरहरूमा आर्थिक गतिविधिहरू सीमित हुँदा देशको ठूलो भूगोलमा स्थानीय आर्थिक गतिविधिहरू निष्क्रिय बनाउँछ। नेपालको हकमा पनि विश्वव्यापीकरणका कारण बाह्य एवम् आन्तरिक बसाईंसराईंमा द्रुत वृद्धि भइरहेको छ र त्यसको नतिजा स्वरूप देशको धेरै भूगोलमा आर्थिक गतिविधिहरू निष्क्रिय हुँदै गएका छन्। बढ्दो बाँझो जमिनको समस्या एउटा ज्वलन्त उदाहरण हो। गाउँ र सहरबीचको असमानता वृद्धि अर्को प्रमुख उदाहरण हो।

माथि उल्लेख गरेझैं सन् १९७० को दशकदेखि संसारभर प्रजातन्त्रको तेस्रो लहर चल्यो। त्यसै सिलसिलामा विकेन्द्रीकरणको पनि अभ्यास सुरु भयो। तर यस्ता अभ्यासहरूले अपेक्षित रूपमा नतिजाहरू दिन सकेनन्। विकेन्द्रीकरण असफल हुनुका धेरै कारणहरू रहेका हुन् सक्दछन् जस्तै, कानूनी अपूर्णता, केन्द्रको निरन्तरको हस्तक्षेप, केन्द्रको कमजोर प्राविधिक र व्यवसायिक सहयोग, कमजोर स्थानीय तह, व्यक्तिमा आधारित स्थानीय शासन, स्थानीय स्तरमा कमजोर नागरिक समाज

आदि (Wunsch, 2008)। स्थानीय आर्थिक विकासको मोडेल यस प्रकारको पृष्ठभूमिमा चर्चा र अभ्यासमा आएको हो।

Andy Pike को टोलीले स्थानीय वा क्षेत्रीय अर्थतन्त्रमा ध्यान जानु पछाडिका चार प्रमुख कारणहरू औंल्याएका छन् (Pike, Rodríguez-Pose & Tomaney, 2016)। पहिलो, विश्वव्यापीकरणले विविध अनिश्चितताहरू सिर्जना गरेको छ। त्यसबाट जोगिन आत्मनिर्भर र सवल स्थानीय आर्थिक संरचना आवश्यक हुन्छ। दोस्रो, संसारभर नै विकेन्द्रीकरण प्रचलित छ र स्थानीय तहहरूलाई थप अधिकार दिने सवालमा प्रतिस्पर्धा नै चलेको छ। देशभित्रका सरकार र संस्थाहरू बीच सम्बन्धहरू फेरिँदै छन् र स्थानीय तहहरू त्यसको केन्द्रबिन्दुमा छन्। तेस्रो, फरक-फरक स्थानमा फरक-फरक पद्धतिबाट विकासको मोडेल निर्माण गर्दै लागु गर्ने र सफल हुने उदाहरणले अरुलाई पनि त्यसतर्फ प्रेरित गरिरहेको छ। चौथो, अहिलेको विकासको बहस संख्या वा मात्रा भन्दा पनि गुणमा केन्द्रित छ। स्थानीय आर्थिक विकासले यी सबै विशेषताहरूलाई समाविष्ट गरेको छ।

सारांशमा, राजनीतिक एवम् आर्थिक दुबै कारणहरूले गर्दा स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयन एक उत्तम विकल्पबाट अपरिहार्य मोडल बन्न पुगेको छ। सन् १९७० को दशकदेखि चलेको लोकतन्त्रको तेस्रो लहर, त्यसले ल्याएको विकेन्द्रीकरणको अर्को लहर साथै आर्थिक रूपमा विश्वव्यापी र देशभित्रको आर्थिक संरचनामा आएको परिवर्तनहरूले सिर्जना गरेका विविध समस्या एवम् अनिश्चितताले विकासोन्मुख देशहरूका लागि स्थानीय आर्थिक विकासको सिद्धान्त उत्तम विकल्प बन्न पुगेको छ। यसले विकासोन्मुख देशहरूले खेपिरहेका तमाम समस्याहरू जस्तै : जीवनको गुणस्तर अभिवृद्धि, बेरोजगारी, गरिबी र असमानता निवारणको समष्टिगत र एकीकृत विकल्प प्रस्तुत गर्दछ (Enaifoghe & Vezi-Magigaba, 2022)। खासगरी ठूला उद्योगभन्दा प्रविधि र नवीनतम् विचारहरूमा आधारित भई उद्यमशीलतामा आधारित अर्थतन्त्रको विकल्पहरू खोजिरहेको देश र समाजका लागि स्थानीय आर्थिक विकासको मोडेल धेरै नै उपयुक्त हुन्छ।

## २.४ स्थानीय आर्थिक विकासको अवधारणा

स्थानीय आर्थिक विकासको छलफल सुरुवात गर्नुभन्दा अगाडि तीन विषयहरूमा प्रष्ट पार्नु आवश्यक हुन्छ। पहिलो, स्थानीय आर्थिक विकास निश्चित भूगोलमा आधारित रणनीति हो। निश्चित भूगोलको अवस्थाको समष्टिगत विश्लेषण गर्ने, त्यसका आधारमा उक्त क्षेत्रको समग्र क्षमता विकास गर्ने रणनीति आफैं तय गर्ने विधि हो स्थानीय आर्थिक विकास। यसलाई विशेष आर्थिक क्षेत्र वा पकेट, जोन निर्माण, निश्चित साँस्कृतिक, प्राकृतिक, पर्यटकीय, औद्योगिक क्षेत्रको घोषणा, ग्रामीण जीवनमा प्रविधिको प्रयोग आदि कार्यक्रमहरूको रूपमा पनि लागु गर्ने गरिएको छ। तर, यहाँ सबैभन्दा महत्वपूर्ण विषय भनेको स्थान र त्यसको समष्टिगत विश्लेषणमा आधारित नीति र कार्यक्रम हुन्छ। दोस्रो, स्थानीय

आर्थिक विकास नीति मात्रै होइन नीति र व्यावहारको समष्टिगत स्वरूप पनि हो (Blakely, 2003)। यहाँ पात्रहरूको पहिचान, भूमिका निर्धारण, सञ्जाल निर्माण, समन्वय र सहभागिता महत्त्वपूर्ण हुन्छ। त्यसैगरी, उनीहरूको क्षमता विकास स्थानीय आर्थिक विकासको एक प्रमुख विशेषता हो।

तेस्रो, महत्त्वपूर्ण विषय भनेको स्थानीय र क्षेत्रीय अर्थतन्त्रको बारेमा रहेको बुझाइ हो। "स्थानीय" वा "क्षेत्र" भन्ने शब्द राजनीतिक सीमा, संस्कृति, समुदाय वा निश्चित आर्थिक क्षेत्रलाई दर्शाउन प्रयोग गरिन्छ। त्यसभित्र समाज, संस्कृति, अर्थतन्त्र वा संस्कार जस्ता विषयहरू समिश्रण भएका हुन्छन्। तिनीहरू समय र परिस्थितिअनुसार फरक दृष्टिकोणबाट परिभाषित भएका हुन सक्दछन्। आर्थिक रूपमा यस्ता क्षेत्रहरूलाई उत्पादन क्षेत्र, अप्रत्यक्ष फाइदा लिने क्षेत्र, मन्दी क्षेत्र वा पिछडिएका क्षेत्रको रूपमा पनि वर्गीकरण गर्न सकिन्छ।

स्थानीय अर्थतन्त्रमा निश्चित क्षेत्रभित्रको उत्पादन वा खपतको विश्लेषण गर्ने गरिन्छ। स्थानीय आर्थिक विकासको प्रमुख उद्देश्य भनेको उक्त निश्चित भूगोल भित्रका जनताहरूको जीवनको गुणस्तर अभिवृद्धि गर्नु हो। स्थानीय वा क्षेत्रीय अर्थतन्त्रको अध्ययन निश्चित भूगोलभित्रको अर्थव्यवस्था र त्यहाँभित्रको सीमित स्रोतलाई सोही भूगोलभित्र कसरी अधिकतम सदुपयोग गर्न सकिन्छ भन्नेमा केन्द्रित हुन्छ (Nourse, 1968)। जब हामी निश्चित (सानो) भूगोलमा आधारित आर्थिक विश्लेषण गर्दछौं त्यसले स्वाभाविक रूपमा त्यस क्षेत्रको आर्थिक मात्रै होइन सामाजिक, सांस्कृतिक र कहिलेकाहीँ राजनीतिक परिवेशलाई पनि समेटेको हुन्छ (Hoover& Giarratani, 2020)।

चौथो, स्थानीय आर्थिक विकासलाई प्रक्रियाको सिद्धान्तको रूपमा बुझ्नु आवश्यक हुन्छ। यसले विशेषतः स्थानीय अर्थतन्त्रको बारेमा स्थानीय स्तरमा कसरी अनुसन्धान गरिन्छ, आफ्ना सवल पक्षहरूलाई कसरी पहिचान गरिन्छ र आफ्ना रणनीतिहरू कसरी तय गरी लागु गरिन्छ भन्ने विषयको प्रक्रियालाई प्रस्तुत गर्दछ जस्तै, नवशास्त्रीय अर्थशास्त्रले श्रम, पूँजी र प्रविधिको समिश्रणमा कसरी औद्योगिकीकरण गर्न सकिन्छ र त्यसले व्यक्ति र परिवारको जीवनमा कस्तो असर पार्दछ भन्ने कुराको विश्लेषण गर्दछ। यिनीहरूबीचको सन्तुलनको मोडेल निर्माण गर्नु अर्थशास्त्रीहरूको प्रधान चासोको विषय रहन्छ। तर स्थानीय आर्थिक विकासले कुनै निश्चित आर्थिक क्षेत्र वा संस्थामा प्राथमिकता दिने वा सन्तुलन खोज्ने भन्दा पनि आर्थिक विकासको रणनीति निर्माण र त्यसको कार्यान्वयनको प्रक्रियामा ध्यान दिन्छ। जस्तै, दक्षिण अफ्रिकाका ११ सहरहरूमा स्थानीय आर्थिक विकासमा आधारित भई सञ्चालन गरिएका एग्रो टुरिजमका गतिविधिहरूलाई विश्लेषण गरेको एउटा अध्ययनले हरेक सहरहरूले पृथक ढङ्गका गतिविधिहरूमा आधारित भई आर्थिक विकासका रणनीति तय गरेको र कार्यक्रम सञ्चालन गरेको निष्कर्ष निकालेको छ (Rogerson & Rogerson, 2014)।

## दक्षिण अफ्रिकाको अभ्यास

| क्र.स. | सहर | प्राथमिकता दिइएको व्यवसाय |
|---|---|---|
| १ | स्टेलेंनबोसच | स्थानीय वाइन, ओलिभ, भिनिगर, प्रोटिया, गुलाब, घोडा चढाउने, र घरपालुवा जनवारसँग खेल्ने एवम् खेलाउने |
| २ | मोन्टागु | स्थानीय वाइन, फलफूल, खुबानी, ओलिभ, घोडी गोठ, घोडाचढाउने, र माछा मार्ने |
| ३ | वोरक्सटर | अंगुर टिप्ने, घोडा चढाउने, र माछा मार्ने |
| ४ | टुलबाघ | अलिभ, वाइन, माछा मार्ने, फलफूल बगैंचा र घोडा चढाउने |
| ५ | ओड्स्थ्रोन | अस्ट्रिज खेती, घोडाचढाउने र चरा अवलोकन |
| ६ | केन्यासना | माछा मार्ने, बेरी खेती, घोडा चढाउने, गौपालन, र अन्डा सङ्कलन |
| ७ | क्रित्रुद्स्दल | सुन्तला प्रजातिका फलफूल खेती, चरा अवलोकन, माछा मार्ने र घोडा चढाउने |
| ८ | डलस्ट्रोम | ट्राउट माछा, घोडा चढाउने, र घरपालुवा जनावर पालन |
| ९ | जोर्ज | माछा मार्ने, घोडा चढाउने, स्ट्रवेरी टिप्ने, र जनावरलाई खाना खुवाउने |
| १० | मेमेल | माछा मार्ने, गाईवस्तु हेरचाह, मकै र आलु खेती, र चरा अवलोकन |
| ११ | पार्ल | वाइन, फलफूल, ओलिभ, चरण हेर्ने, माछा मार्ने र घोडा चढाउने |

स्थानीय आर्थिक विकासको बारेमा धेरै परिभाषाहरू छन्। विकासोन्मुख देशहरूको अर्थतन्त्रको बारेमा अध्ययन गर्ने विधालाई विकास अर्थतन्त्र भन्ने गरिन्छ (Ray, 1998)। विकास अर्थतन्त्र अर्थतन्त्रका अन्य हाँगा जस्तै औद्योगिक अर्थतन्त्र, ऊर्जा अर्थतन्त्र आदिमा वर्गीकृत गर्ने प्रचलन रहे पनि स्थानीय आर्थिक विकास भने यस्ता कुनै उपसमूहमा पर्दैन। सामान्यतया स्थानीय आर्थिक विकासलाई निश्चित भूगोलमा उपलब्ध स्रोतको कुशल व्यवस्थापनमार्फत रोजगारीको सिर्जना एवम् गुणस्तर अभिवृद्धि र समग्र अर्थतन्त्र प्रवर्द्धन गर्न स्थानीय तह, समुदाय, नागरिक समाज र निजी क्षेत्रबीच साझेदारी स्थापना गर्ने प्रक्रियाको रूपमा व्याख्या गरिन्छ। यसले स्थानीय मानव, भौतिक, संस्थागत एवम् प्राकृतिक स्रोत उपर स्थानीय नियन्त्रणलाई प्राथमिकता दिन्छ। संवाद र रणनीतिक योजनामार्फत उपलब्ध पात्र, संस्था र स्रोतको परिचालन र नयाँ स्थानीय आर्थिक व्यवस्था निर्माण गरिन्छ (Helmsing, 2003: 69)। यस्तो स्थानीय आर्थिक विकासका ५ विशेष उद्देश्यहरू हुन्छन् (Leigh & Blakely, 2016: 40)।

(१) सम्भावित मानव एवम् प्राकृतिक स्रोतको सदुपयोगमार्फत निश्चित भूगोलको प्रतिस्पर्धी क्षमता अभिवृद्धि।

(२) स्थानीय रूपमा उत्पादित वस्तु वा सेवामा आधारित भएर स्थानीय प्रयत्नबाट नै आर्थिक विकास सम्भव छ भन्ने अवसरहरूको पहिचान।

(३) स्थानीय नागरिकहरूको दीर्घकालीन रोजगारीको विकल्प एवम् रोजगारीको स्तरमा सुधार।

(४) स्थानीय अर्थतन्त्रमा सीमान्तकृत समूहको सहभागिता अभिवृद्धि।

(५) व्यवसायिक वातावरण र जनताको जीवनको गुणस्तर अभिवृद्धि गर्न आवश्यक भौतिक वातावरणमा सुधार।

स्थानीय आर्थिक विकासलाई तीन पृथक कोणबाट परिभाषित गर्ने गरिन्छ। पहिलो, निश्चित भूगोलभित्रका स्थानीय जनताहरूको रोजगारी र जीवनको गुणस्तरलाई प्रमुख आधार मान्ने परिभाषा छ। दातृ निकायहरूले यस्ता विशेषताहरूलाई विशेष प्राथमिकता दिने गरेका छन्। खासगरी सो भूगोलमा रहेका अल्पसंख्यक एवम् सीमान्तकृत समुदायको उत्थान, पर्यावरण जस्ता विषयमा उनीहरूले धेरै ध्यान दिने गरेका छन्। जस्तै, विश्वबैंकको परिभाषाअनुसार स्थानीय आर्थिक विकास भन्नाले सरकारी, व्यवसायिक र निजी क्षेत्रले संयुक्तरूपमा काम गर्दै आर्थिक विकास र रोजगारी सिर्जनाका लागि थप उपयुक्त वातावरण सिर्जना गर्ने प्रक्रिया भन्ने बुझिन्छ। यहाँ सबैको जीवनको गुणस्तरलाई अभिवृद्धि गर्नु प्रमुख उद्देश्य हुन्छ (World Bank, 2003)। दातृ निकायहरूले पर्यावरण र अल्पसंख्यक एवम् सीमान्तकृत समुदायका समस्याको समाधानको रूपमा दिगो समावेशी स्थानीय आर्थिक विकास अवधारणालाई अगाडि सारेका छन्। UNDP ले सेरालियोनमा सञ्चालन गरेको दिगो समावेशी स्थानीय आर्थिक विकास कार्यक्रमको उद्देश्यलाई निम्नानुसार तय गरेको छ :

*प्राकृतिक स्रोत व्यवस्थापनमा दिगो र न्यायसङ्गत सहयोग, प्राकृतिक प्रकोप पुनरुत्थान एवम् व्यवस्थापनमा राष्ट्रिय क्षमता अभिवृद्धि र असमानता न्यूनीकरण गर्न दिगो आयआर्जनका अवसर सिर्जना गर्दै पर्यावरणीय जोखिमलाई न्यूनीकरण, विपद व्यवस्थापन क्षमता अभिवृद्धि र गरिबी निवारण (UNDP)।*

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले स्थानीय आर्थिक विकासलाई "गुणस्तरीय रोजगारी र दिगो आर्थिक गतिविधिको अन्तिम लक्ष्य हाँसिल गर्न उपलब्ध स्थानीय स्रोतहरूको प्रतिस्पर्धी प्रयोगको योजना निर्माण र रणनीतिहरूको संयुक्त कार्यान्वयनका लागि स्थानीय सरोकारवालाहरूबीचको सहकार्यलाई प्रोत्साहन र सहजीकरण गर्ने सहभागितामूलक" प्रक्रियाको रूपमा परिभाषित गरेको छ (Canzanelli, 2001: 9)।

दोस्रो, स्थानीय आर्थिक विकासलाई स्थानीय श्रोतको अधिकतम प्रयोग र आर्थिक वृद्धि मात्रै नभएर अर्थ सामाजिक, राजनीतिक र व्यवस्थापनसहित समष्टिगत रूपमा व्याख्या गर्ने प्रचलन छ। जस्तै; W. Trousdale का अनुसार स्थानीय आर्थिक विकास सबै क्षेत्रका स्थानीय जनताहरूले संयुक्त रूपमा सबल र दीर्घकालीन अर्थतन्त्रको नतिजाको लागि सहभागी हुने प्रक्रिया हो। उनका अनुसार यो गरिब र सीमान्तकृत समुदायका अतिरिक्त सबैका लागि गुणस्तरीय रोजगारीको सिर्जना र जीवनको गुणस्तर अभिवृद्धिमा सहयोग पुऱ्याउने माध्यम हो (Trousdale, 2003: 1)। स्थानीय आर्थिक विकासले उपलब्ध स्रोत र साधन उपर स्थानीय नियन्त्रण गर्दै नयाँ आर्थिक व्यवस्था निर्माण, क्षमता अभिवृद्धि र स्रोत विस्तार गर्ने बृहत् लक्ष्य तय गरेको हुन्छ। Tello (2010) का अनुसार स्थानीय आर्थिक

विकासलाई परिभाषित गर्दा चार विशेष पक्षहरूलाई ध्यान दिनुपर्दछ। पहिलो, भूगोलः कुन स्थानमा के-कस्ता आर्थिक गतिविधिहरू सञ्चालन गर्ने भन्ने विषय प्रष्ट हुनुपर्दछ। दोस्रो, सार्वजनिक सेवाः स्थानीय आर्थिक विकास आफ्ना जनताहरूको क्षमता अभिवृद्धि र गुणस्तरीय जीवनमा केन्द्रित हुनु पर्दछ। राष्ट्रिय आर्थिक विकासमा टेवा पुऱ्याउनु यसको अन्तिम लक्ष्य हुनेछ। तेस्रो, स्थानीय नागरिक एवम् संघ संस्थाहरूको सक्रिय सहभागिता। चौथो, बहुआयामिकता : एउटा सानो र निश्चित भूगोललाई केन्द्रबिन्दु मानेर आर्थिक नीति निर्माण गरिने हुँदा त्यस सिलसिलमा आर्थिक सँगसँगै सामाजिक, राजनीतिक, संस्कृतिक अवस्थाको चित्रण मात्रै होइन त्यसको विकासको सबै पक्षलाई समाविष्ट गरिन्छ। यस्तो परिभाषामा सबै भन्दा धेरै चर्चा हुने विषय सामाजिक पूँजी हो। (Evans & Syrett, 2007;Midgley & Livermore,1998; Blair & Carroll, 2016)।

तेस्रो, आर्थिक चक्रको कोणबाट स्थानीय आर्थिक विकास परिभाषित हुने गरेको छ। यहाँ विकास अर्थतन्त्रमा आधारित आर्थिक तथ्याङ्क जस्तै; कूल पूँजीमा आएको परिवर्तन, रोजगारी वा कर जस्ता विषयलाई ग्राह्यता दिने गरिन्छ। Krumholz का अनुसार स्थानीय आर्थिक विकास भन्नाले "स्थानीय तहहरूले लगानी प्रवर्द्धनमार्फत नयाँ रोजगारी र कर अभिवृद्धि गर्न स्थानीय स्रोतको व्यस्थापन गर्ने प्रक्रिया" हो (Krumholz, 1999: 83)। यस्ता परिभाषाहरूले आर्थिक विकासमा राज्य र मातहतका निकायहरूको भूमिकालाई अझै प्राथमिकता दिने गरेका छन्। यो अध्ययनले व्यावहारिक रूपमा स्थानीय आर्थिक विकासका विविध पक्षहरूलाई विस्तृत रूपमा विश्लेषण गर्न सुरुमा "स्थानीय", "आर्थिक" र "विकास"का महत्त्वपूर्ण पक्षहरूलाई उजागर गरी बृहत् परिभाषा तय गरेको छ।


***स्थानीयः*** *यसले भूगोल र पात्रलाई एकैपटक दर्शाउँछ। यो एक निश्चित भूगोलमा आधारित हुन्छ र त्यहाँ भित्रका सबै व्यक्ति र संस्थाको सञ्जाल र सहभागितालाई सुनिश्चितता गरेको हुनु पर्दछ। खासगरी उनीहरू बीचको साझेदारी र सहकार्यताको व्यवस्थामा ध्यान दिन आवश्यक हुन्छ। त्यस अर्थमा भूगोल, पात्र र प्रक्रिया स्थानीय आर्थिक विकासका तीन मेरुदण्डहरू हुन्।*

***आर्थिकः*** *कुनै निश्चित क्षेत्रको आर्थिक गतिविधिलाई वृद्धि गर्ने विषयमा केन्द्रित हुनुपर्दछ। यहाँ कुनै निश्चित क्षेत्रमा रोजगारी सिर्जना र गुणस्तर अभिवृद्धिमा केन्द्रित हुन्छ तर त्यसको बहुआयामिक पक्षहरूको विश्लेषण गरिएको हुन्छ। एक क्षेत्रमा गरिएको लगानीले अन्य आर्थिक गतिविधिहरूमा आउने परिवर्तनको आँकलन पनि गरिएको हुन्छ। खासगरी त्यस क्षेत्रका सीमान्तकृत समुदाय वा वर्गको समृद्धिमा यो केन्द्रित हुनु आवश्यक हुन्छ।*

***विकासः*** *स्थानीय आर्थिक विकासले संख्या वा मात्रा मात्रै होइन, गुणात्मक पक्षहरूमा विशेष ध्यान दिएको हुन्छ। पहिलो, तय गरिएको क्षेत्रको विकास र त्यसले समग्र अर्थतन्त्रको संरचनामा परिवर्तन ल्याएको हुनु पर्दछ। दोस्रो, आर्थिक विकास सँगसँगै क्षमता अभिवृद्धि, सामाजिक पूँजी विकास जस्ता अमूर्त विकासमा पनि योगदान पुऱ्याउनु पर्दछ।*


## २.५ स्थानीय आर्थिक विकासको चक्र

यो खण्डमा तीन चक्रको बारेमा चर्चा गरिने छ। पहिलो, संसारभर विकास योजना एवम् अन्य कार्यक्रमको समष्टिगत रूपमा मूल्याङ्कन गर्न PDCA मोडेल प्रयोग गर्ने गरिन्छ (Moen & Norman, 2006)। यसले योजना निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने, सुरुमा योजना गरिएअनुसार काम सम्पादन हुन् सक्यो वा सकेन भन्ने मूल्याङ्कन गर्ने र अन्तिममा त्यस्तो मूल्याङ्कनका आधारमा सुधार गर्ने चक्रलाई प्रस्तुत गर्दछ। यस्तो चक्रलाई स्थानीय आर्थिक विकास मात्रै होइन प्रत्येक क्षेत्रमा लागु गर्ने अभ्यास र संस्कृतिको विकास आवश्यक छ। यसै मोडेलमा आधारित भई UN Habitat ले स्थानीय आर्थिक विकासको रणनीतिक योजनाको १० चरणहरूलाई प्रस्तुत गरेको छ।




ILO ले पनि स्थानीय आर्थिक विकास योजना प्रक्रियामा धेरै प्रयोगमा हुने योजना प्रक्रियाको मोडेल निर्माण गरेको छ। पाँच चरणमा वर्गीकृत यो प्रक्रियामा स्थानीय तहहरू कहाँ छन् भन्ने विश्लेषण सबैभन्दा उपयुक्त मोडेल देखिएकोले यो अध्ययनले यो मोडेललाई एउटा प्रमुख आधार मानेको छ (Salzano, 2002)।

स्थानीय आर्थिक विकास योजनाको प्रक्रिया




## (क) क्षेत्र निर्धारण एवम् संस्थागत नक्साङ्कन

यो चरणमा मूलभूतरूपमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिन्छ। स्थानीय आर्थिक विकासको मोडेलको एउटा प्रमुख विशेषता भनेको समष्टिगत तथ्याङ्क (निश्चित भूगोल र क्षेत्रको बारेमा आर्थिक, सामाजिक र राजनीतिक) सङ्कलन र विश्लेषणमा आधारित भविष्यको योजना निर्माण र कार्यान्वयनको अवधारणाको अनुसरण हो। यही चरणमा सरोकारवालाहरूको र विज्ञहरूको राय पनि सङ्कलन गरिन्छ। सङ्कलित तथ्याङ्कका आधारमा कुन भौगोलिक क्षेत्रमा कुन उत्पादन वा सेवालाई व्यवस्थित गर्दै समग्र क्षेत्रको आर्थिक र सामाजिक अवस्थामा आमूल परिवर्तन गर्न सकिन्छ भन्ने नक्साङ्कन गरिन्छ।

## (ख) महत्त्व उजागर

आवश्यक सामाजिक र आर्थिक तथ्याङ्कको सङ्कलन र विश्लेषण पश्चात् नक्साङ्कन गरिएको क्षेत्र र विषय नै अब हाम्रो विकास र रूपान्तरणको कोसेढुङ्गा हुँदै छ भन्ने विषय सबै सरोकारवालाहरूलाई जानकारी गराउने, उत्प्रेरित गर्ने र आम सहमति जुटाउने काम गरिन्छ। यो सिलसिलामा सरोकारवालाहरूको पहिचान मात्रै गरिँदैन उनीहरूसँग रहेका नवीनतम विचारहरूलाई पनि स्थानीय आर्थिक विकासको योजना र कार्यक्रममा समेट्ने कार्य गरिन्छ। त्यस अर्थमा

यसलाई पूर्वतयारीको दोस्रो चरणको रूपमा पनि बुझ्न सकिन्छ। त्यसका लागि स्थानीय तह र सरोकारवालाहरूले विविध सेमिनार, वर्कसप, भ्रमण आदि आयोजना गर्दछन्। सामान्यतया महत्त्वको उजागर गर्ने काम तीन चरणमा हुन्छ। पहिलो, यसलाई नेतृत्व गर्ने पात्रहरूको पहिचान र निर्धारण, दोस्रो, औपचारिक संवाद र कुन पात्रको हकमा के कस्ता क्षमता अभिवृद्धि आवश्यक छ भन्ने पहिचान, र तेश्रो, त्यसका आधारमा कार्यक्रम निर्माण एवम् सञ्चालन।

### (ग) सरोकारवालाहरूको सञ्जाल निर्माण र प्रवर्द्धन

यो चरणमा स्थानीय तह, व्यवसायी, सरोकारवाला संस्थाहरू, सहयोगी संस्था र स्थानीय जनताको नियमितरूपमा संवाद र सहकार्य गर्ने कार्यशैली (मोडालिटी) निर्माण हुन्छ। स्थानीय क्षेत्रको विकासका लागि के गर्दा उपयुक्त हुन्छ भन्ने बारेमा नियमित छलफल र विचारको आदान प्रदान गर्ने, स्थानीय स्रोत र साधनहरूको अधिकतम प्रयोगको बारेमा उपायहरू निकाल्ने, उक्त भूगोल भित्र रहेका सरकारी/गैरसरकारी संस्था र कार्यालयहरूको सहकार्यको मोडेल निर्माण गर्ने र योजनाहरूको अनुगमन गर्ने विधि निर्धारण गर्ने काम गरिन्छ। यस्ता कामहरू सामान्यतया छ चरणमा गर्ने गरिन्छ : सञ्जालको आवश्यकता सर्वेक्षण, सञ्जाललाई नेतृत्व गर्न सक्ने व्यक्तिहरूको पहिचान, समावेशी सदस्यहरूको छनोट, सञ्जाल सञ्चालन योजना निर्माण, आवश्यक बजेट तर्जुमा र विषयगत संवाद।

### (घ) स्थानीय आर्थिक विकास रणनीति तयार

माथिका चरणहरूबाट क्षेत्र र पात्र निर्धारण भए पश्चात् स्थानीय आर्थिक विकास सम्बन्धी रणनीति तयार गरिन्छ। यस्तो रणनीति तयार गर्दा तीन विषयमा ध्यान दिनु आवश्यक हुन्छ। पहिलो, यसमा उक्त क्षेत्रको दीर्घकालीन आर्थिक विकासमा निर्णायक भूमिका खेल्ने क्षेत्रसँग सम्बन्धित सबै क्षेत्रसँगको सम्बन्ध प्रष्ट हुने खाकाको आवश्यकता पर्दछ। दोस्रो, यस्ता योजनाहरू सूत्रवद्ध हुनु आवश्यक हुन्छ र तेस्रो, हाल सञ्चालनमा रहेका कार्यक्रम वा अन्य रणनीतिसँगको तादात्म्यता आवश्यक हुन्छ।

### (ङ) रणनीति लागु गर्ने संरचना तयार वा सहकार्य

तय गरिएको रणनीतिलाई लागु गर्ने संरचना र सहकार्यको मोडेल अन्तिम चरणमा तय गरिन्छ। खासगरी यो चरणमा उपलब्ध स्थानीय स्रोत र साधनको परिचालनको खाका तय गरिन्छ।

## २.६ स्थानीय आर्थिक विकासको विकासक्रम

स्थानीय अर्थतन्त्रको अवधारणा सन् १९२० देखि अमेरिकाबाट सुरु भएको थियो जहाँ कृषिमा आधारित छुट्टै क्षेत्रहरूलाई चित्रित गर्न वर्गीकरण गरिएको थियो (Parr, 2014)। धेरै विकसित

मुलुकहरूले सन् १९३० देखि नै स्थानीय तह र व्यवसायीहरूलाई स्वायत्तता दिँदै हरेक क्षेत्रको आर्थिक विकास प्रवर्द्धन गर्ने नीति लिएका थिए (Ward, 1990)। नेपालले अभ्यास गरे जस्तै लामो समयसम्म स्थानीय तहहरूको स्वायत्ततामा ध्यान दिएको भने पनि अहिले त्यसमा गैरसरकारी क्षेत्रहरूको सहभागितालाई विशेष ग्राह्यता दिने गरिएको छ। Blakey र Leigh ले स्थानीय आर्थिक विकासको परिभाषामा आएको परिवर्तनलाई यसरी प्रस्तुत गरेका छन् (Leigh & Blakely, 2016: 104)।

| विषय | पुरानो परिभाषा | नयाँ परिभाषा |
|---|---|---|
| भूगोल वा इलाका | भौतिक इलाका (प्राकृतिक स्रोत, यातायात वा बजारसँग नजिक रहेको)ले प्रदान गर्ने आर्थिक अवसरका विकल्पहरू | आर्थिक गतिविधि गर्न सहज वातावरण र समुदायको क्षमता अभिवृद्धिमार्फत हरेक क्षेत्रमा अवसर सिर्जना |
| व्यवसाय र आर्थिक आधार | निर्यात केन्द्रित कलकारखाना र उद्योगले रोजगारी सिर्जना गर्ने र स्थानीय आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्ने | सबैभन्दा धेरै प्रतिस्पर्धी क्षमता भएको क्षेत्रसँग स्थानीय आर्थिक गतिविधिलाई जोड्ने र त्यसमा आधारित नयाँ आय र विकास |
| रोजगारीको स्रोत | धेरै रोजगारी सिर्जना | बहुआयामिक क्षमता अभिवृद्धि र प्राविधिक नवीनतामा आधारित गुणस्तरीय र उच्च आम्दानीको रोजगारी |
| सामुदायिक स्रोत | निश्चित उद्देश्य रहेका संघ संस्थाहरूको आर्थिक अवसर अभिवृद्धि | प्रतिस्पर्धी उद्योगको आधारस्तम्भ स्थापना गर्न धेरैभन्दा धेरै संघ संस्थाहरूको सहकार्य आवश्यक |

स्थानीय आर्थिक विकासको मोडेल यसरी विकसित र परिमार्जित हुँदै जानुका ३ प्रमुख कारणहरू छन् (Helmsing, 2003)।

(१) आर्थिक संरचनामा आएको परिवर्तन (सामान्यतया उदारवादी सिद्धान्तको प्रयोगका कारण उत्पन्न समस्या) र राजनीतिक अस्थिरताका कारण कमजोर बन्दै गएको अर्थतन्त्र,
(२) केन्द्रीय सरकारको अर्थतन्त्रको व्यस्थापन र नियन्त्रणमा कमजोर भूमिका,
(३) देशभित्र देखापरेको भौगोलिक आर्थिक असमानता।

हालसम्मका अध्ययनहरूले स्थानीय आर्थिक विकासको सफलताको चार प्रमुख आधारहरू प्रस्तुत गरेका छन् (Leigh & Blakely, 2016: 232-234) :

(१) अर्थतन्त्रको समग्र क्षेत्रमा निर्णायक भूमिका खेल्ने जस्तै, रोजगारी, बिक्री, कर र अन्य स्थानीय उद्योगको पारस्परिक प्रवर्द्धन क्षेत्र निर्धारण,

(२) स्थानीय अर्थतन्त्र र बाह्य अर्थतन्त्रलाई जोड्ने र महत्त्वपूर्ण हुने भौतिक पूर्वाधारको पहिचान र विकास,

(३) दीर्घकालिन रूपमा वृद्धि हुने र घट्ने आर्थिक गतिविधिको पहिचान र सवल स्थानीय अर्थतन्त्रको निर्माणका लागि पुलको भूमिका खेल्ने क्षेत्रको पहिचान,

(४) तत्काल स्थानीय जनताहरूलाई रोजगारी, बिक्री वितरण, व्यक्तिगत एवम् सार्वजनिक आय, आर्थिक उत्पादकत्व, रोजगारी र जीवनको गुणस्तरमा प्रभाव पार्ने क्षेत्रको पहिचान।

## २.७ स्थानीय आर्थिक विकासको बहुआयामिकता

स्थानीय आर्थिक विकासका बारेमा आधुनिकताको सिद्धान्तले जस्तो गरी विकासका लागि ठ्याक्कै के गर्नु पर्दछ भन्ने पुनर्निर्धारण गर्दैन। तर, स्थानीय आर्थिक विकासको छलफल हुनु भनेकै पात्रको पहिचान, सहकार्य, क्षमता विकासमा थप प्रयत्न आवश्यक छ भन्ने स्वीकारोक्ति हो। जुन क्षेत्रमा कमजोरी छ त्यहींबाट सुधार र क्षमता अभिवृद्धि सुरुवात गर्नुपर्दछ। त्यस अर्थमा एउटा निश्चित भूगोल र अर्को भूगोलमा लागु हुने स्थानीय आर्थिक विकासको कार्यक्रम, दिइने प्राथमिकता नितान्त फरक हुन् सक्दछ वा हुनु पर्दछ।

स्थानीय आर्थिक विकासको आवश्यकता एवम् औचित्यताको बारेमा धेरै कोणबाट बहस गरिएको छ (Cunningham & Meyer-Stamer, 2005)। निश्चित रूपमा गुणस्तरीय रोजगारी र गुणस्तरीय जीवन स्थानीय आर्थिक विकासको केन्द्रबिन्दुमा रहन्छन् (Bartik, 1993) र हुनु पर्दछ। यहाँ उक्त क्षेत्रका सबै पात्रहरूको सहभागिता अनिवार्य हुन्छ। यो प्रक्रियाले निश्चित क्षेत्रको आर्थिक विकास त अवश्य हुन्छ त्यो सँगसँगै यसले धेरै अप्रत्यक्ष सशक्तीकरण र सुधार गर्दछ जसले उक्त क्षेत्रको सर्वाङ्गीण विकासको नयाँ क्षितिज उघार्छ (Reese & Fasenfest, 1997: 203)। त्यो मध्ये पहिलो योजना निर्माण क्षमता अभिवृद्धि हो। स्थानीय आर्थिक विकासको मोडेलको कार्यान्वयनको सिलसिलामा उक्त भूगोलमा अनुसन्धान, शिक्षा र पूर्वाधारमा लगानी गरिन्छ। त्यस्तो लगानीले धेरै क्षेत्रको क्षमता अभिवृद्धि गर्दछ (Malecki, 1984)। साथै एउटा क्षेत्रको बारेमा विस्तृत योजना निर्माण गर्ने, कार्यान्वयन र अनुगमन गर्न सक्ने क्षमतामा आएको परिवर्तनले आर्थिक लगायत अन्य क्षेत्रमा पनि अत्यन्तै सकारात्मक नै प्रभाव पार्दछ। यस्ता प्रभावहरू प्रत्यक्ष देखिने वा अप्रत्यक्ष र नदेखिने क्षेत्रसम्म फैलिएका हुन्छन् (Evans & Syrett, 2007)।

कुनै पनि देश वा भूगोलको आर्थिक एवम् राजनीतिक विकासका लागि निश्चित तहको सामाजिक पूँजी वा विश्वासको वातावरण अत्यावश्यक हुन्छ (Fukuyama, 2002)। स्थानीय आर्थिक विकास यस्तो पूँजी निर्माणको लागि अत्यन्तै प्रभावकारी मोडेल रहेकोमा धेरैको सहमति छ (Evans & Syrett,

2007)। स्थानीय आर्थिक विकासभित्रको पात्र पहिचान, संवादको मोडेल र स्थानीय स्रोतको अधिकतम् प्रयोगमा आमसहमति निर्माण गर्ने प्रक्रियाले उक्त भूगोल भित्रका पात्रहरूको सम्बन्ध झन् मजबुद र सुमधुर हुन्छ। यसले अन्य क्षेत्रहरूको बारेमा हुने छलफल र संवादलाई पनि प्रभावकारी बनाउँछ।

स्थानीय आर्थिक विकासको अर्को महत्वपूर्ण प्रभाव भनेको पात्रहरूको विविधीकरण र क्षमता अभिवृद्धि पनि हो। माथि धेरैपटक जोड दिए जस्तै निश्चित आर्थिक गतिविधिसँग संलग्न सम्पूर्ण पात्रहरूको पहिचान, सञ्जाल निर्माण र सहभागिताको सुनिश्चितता यो सिद्धान्तको केन्द्रबिन्दुमा रहन्छ। त्यस्ता पात्रहरूको भूमिका समाजका अन्य क्षेत्रहरूमा फैलिँदै जान्छ। समाजले बहुआयमिक फाइदाहरू लिन सक्दछ। विशेषगरी स्थानीय आर्थिक विकासको मोडलको सफलता सामाजिक पूँजी र जनताहरूको आर्थिक विकासलाई नेतृत्व प्रदान गर्न सक्ने पात्रहरू उत्पादन वा क्षमता अभिवृद्धि हुन सक्यो कि सकेन भन्ने तथ्यले निर्धारण गर्दछ (Midgley & Livermore, 1998)।

एक अध्ययनका अनुसार स्थानीय आर्थिक विकासमा न्यूनतम ११ पक्षहरूलाई हेर्नु आवश्यक छः (१) इलाका वा भूगोल, (२) भौतिक विकास, (३) पूर्वाधार विकास, (४) मानव स्रोत विकास, (५) पूँजी र वित्त, (६) ज्ञान र प्रविधि, (७) औद्योगिक संरचना, (८) जीवनको गुणस्तर, (९) व्यवसायिक संस्कृति, (१०) सामुदायिक पहिचान, र (११) संस्थागत क्षमता (Wong, 2002)।

## २.८ अन्तर्राष्ट्रिय अनुभव

निश्चित देश वा स्थानीय तहले स्थानीय आर्थिक विकासलाई सो भूगोलभित्रको निश्चित कालखण्डका समस्याहरूलाई समाधान गर्न अवलम्बन गरेका हुन्छन् र तिनीहरूको नतिजा पनि फरक हुन्छ। देश वा सो भूगोलको आर्थिक अवस्था वा समस्याका आधारमा स्थानीय आर्थिक विकासको मोडेल पनि फरक हुन्छ। माथि उल्लेख गरिएझैं दक्षिण अफ्रिकाका ११ सहरमा कृषि पर्यटन (Agro-tourism) कार्यक्रम लागु गरे पनि तिनीहरूको स्वरूप र प्राथमिकता क्षेत्र धेरै फरक थिए। त्यसैगरी दक्षिण कोरियाले जनश्रमदानमा आधारित अभियानको रूपमा स्थानीय आर्थिक विकास कार्यक्रमलाई लागु गरेको थियो। अफ्रिकी मुलक युगान्डाले सन् २०१४ देखि स्थानीय आर्थिक विकासलाई राष्ट्रिय विकासको प्रमुख सिद्धान्तको रूपमा अवलम्बन गरेको छ। विकसित मुलुकहरूमा स्थानीय आर्थिक विकासका सिद्धान्त पर्यटन वा अन्य क्षेत्रमा प्रविधिको प्रयोग वा उद्यमशीलता विकासमा केन्द्रित छन् (Lau, Milne & Johnston, 2005)।

यो खण्डमा ५ देशहरू (दक्षिण अफ्रिका, दक्षिण कोरिया, भारतको केरला सहर, युगान्डा, र संयुक्तराज्य अमेरिकाको स्प्रिङफिल्ड) का अनुभवहरूलाई प्रस्तुत गरिएको छ। तीनवटा उदाहरणहरू सिङ्गो देशले स्थानीय आर्थिक विकासका सिद्धान्तलाई कार्यान्वयनमा ल्याउँदाका अनुभवहरूमा आधारित

रहेका छन् भने २ वटामा निश्चित सहरका उदाहरणहरू रहेका छन्। तिनीहरूलाई तुलना गर्ने भन्दा पनि प्रत्येक देशहरूमा कसरी स्थानीय विकास कार्यान्वयनमा आए र तिनीहरूले के कस्ता नतिजाहरू निर्माण गरे भन्नेमा यो छलफल केन्द्रित छ।

## दक्षिण अफ्रिका

दक्षिण अफ्रिकाले सन् २००६मा स्थानीय आर्थिक विकासका लागि राष्ट्रिय अवधारणा सार्वजनिक गरेको थियो। यसले स्थानीय अर्थतन्त्रको विविधीकरण एवम् नवीनतामा आधारित स्थानीय अर्थतन्त्र, समावेशी अर्थतन्त्र, सीपयुक्त अर्थतन्त्र, उद्यमशीलता विकास, आर्थिक सुशासन एवम् पूर्वाधार र स्थानीय व्यवस्थालाई थप नवीनतम् बनाउने उद्देश्य राखेको छ।

यो अवधारणा लागु भए पश्चात् स्थानीय आर्थिक विकासको अनुभवको बारेमा धेरै अध्ययनहरू भएका छन्। समग्रमा यसबाट दक्षिण अफ्रिकाले मिश्रित नतिजा हाँसिल गरेको निष्कर्ष निकालेका छन् (Rogerson, 2014)। यस्ता अध्ययनहरूले खासगरी स्थानीय आर्थिक विकासको सिद्धान्त अवलम्बनले विषयगत क्षेत्रमा परेको प्रभावहरू मूल्याङ्कनमा धेरै प्राथमिकता दिने गरेका छन् (Rogerson & Rogerson, 2014)। एक अध्ययनका अनुसार दक्षिण अफ्रिकाले आगामी दिनमा स्थानीय आर्थिक विकासलाई थप प्रभावकारी बनाउन १२ चुनौतीहरूलाई सुधार गर्नुपर्ने देखिन्छ (Rogerson, 2010) :

(१) सङ्घीय सरकारको LED को धारणामा थप स्पष्टता ल्याउनु,
(२) सो क्षेत्रका सरोकारवाला र निकायहरू बीच थप एकीकृत एवम् नजिकको सहकार्य गर्ने,
(३) सूचकाङ्क र मापन विधिमा सुधार गर्ने,
(४) प्रदेश सरकारको भूमिकामा पुनःव्याख्या गर्ने,
(५) ठूला सहरहरू र साना गाउँबीच LED को अभ्यासमा रहेको असमानता न्यूनीकरण गर्ने,
(६) असल अभ्यासको प्रचारप्रसार गर्ने,
(७) LED को अभ्यासलाई थप व्यवसायिक बनाउने गर्ने,
(८) निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने,
(९) LED सञ्जाल एवम् ज्ञान प्लेटफर्म निर्माण गर्ने,
(१०) विविध तहमा क्षमता अभिवृद्धि गर्ने,
(११) LED केन्द्रित वित्त व्यवस्था गर्ने,
(१२) स्थानीय अर्थतन्त्रको तथ्याङ्क सुदृढीकरण गर्ने।

## दक्षिण कोरियाको नयाँ गाउँ अभियान

सन् १९७० को दशकमा सुरू भएको दक्षिण कोरियाको नयाँ गाउँ अभियान खासगरी तीन विषयहरूमा केन्द्रित सामाजिक रूपान्तरणको अभियान थियो। पहिलो, बास स्थान तथा गाउँको भौतिक स्तरोन्नति। दोस्रो, कृषि उत्पादन अभिवृद्धि र तेस्रो, नागरिकहरूको सोचमा परिवर्तन। समग्रमा यो अभियान ग्रामीण स्तरोन्नति गर्ने अभियान थियो। दक्षिण कोरिया भित्र यो अभियानका कार्यक्रमहरू क्रमिक रूपमा परिवर्तन हुँदै गएका छन्। ग्रामीण जीवनको रूपान्तरणको सफलता पछि सन् १९७६ मा यो अभियानलाई सहरमा पनि विस्तार गरियो र यो असल जीवन, नागरिक परिचालन, इमान्दारिताको अभियान, स्वाभिमान, सहकार्य र देश निर्माणको राष्ट्रिय अभियान बन्यो। पछिल्लो समयमा कोरिया भित्र वातावरण संरक्षण अन्तर्गत कसरी कार्बनडाइअक्साइड उत्सर्जनलाई घटाउन सकिन्छ भन्ने अभियानमा आफ्नो ध्यानलाई केन्द्रित गरेको छ।

सन् १९७० को अक्टोबरमा पहिलो पटक सुरू भएको यस कार्यक्रम अन्तर्गत सरकारले ३३,२६७ गाउँमा ३०० बोराको दरले सिमेन्ट दिँदै राज्यले तोकेको दश मध्ये कुनै एक काममा प्रयोग गर्न सक्ने व्यवस्था गर्यो। तत्कालीन समयमा कोरियाली सरकारसँग नयाँ गाउँ अभियानलाई कसरी व्यवस्थित गर्ने भन्ने बारेमा विशेष योजना नहुँदा पनि १६०० गाउँमा सिमेन्ट दिने र आफ्नै योजनामा भौतिक विकास गर्ने काम अत्यन्तै सफल रह्यो। कोरियाली सरकारले सोही अनुभवमा आधारित भई विस्तृत योजना निर्माण गर्यो र एउटा सफल सहभागितामूलक विकासको मोडेललाई प्रस्तुत गर्‍यो। सन् १९७० को दशकमा यो अभियान अन्तर्गत गाउँहरूलाई निम्नबमोजिम ५ विशेषताका आधारमा आधारभूत, प्रयत्नरत र आत्मनिर्भर गाउँमा वर्गीकरण गरी प्रतिस्पर्धाका आधारमा गाउँहरूलाई भौतिक अनुदान प्रदान गरिएको थियो :

(क) नयाँ गाउँ अभियानमा सक्रिय सहभागी हुने वा धेरै प्रयत्न गर्ने गाउँलाई प्राथमिकता,

(ख) गाउँको भौतिक वातावरण, सामाजिक तथा आर्थिक अवस्था र जनताहरूको विकासको चाहनाका आधारमा पहिला गाउँको भौतिक अवस्था सुधार, कृषि उत्पादन विकास, ग्रामीण आय वृद्धि कार्यक्रमलाई क्रमिक रूपमा सञ्चालन गर्ने,

(ग) सरकारको आर्थिक सहयोग मध्ये आधाभन्दा धेरै गाउँले गर्नु पर्ने,

(घ) गाउँको विकासको योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन र पुरस्कृत गर्ने काम जनता आफैंले गर्ने,

(ङ) कार्यक्रम छनोट गर्दा गाउँका धेरै जनताको उपस्थितिमा सकभर धेरै जनतालाई फाइदा हुने कार्यक्रम छनोट गर्ने।

यसरी १९७० को दशकमा हरेक गाउँहरूलाई आत्मनिर्भर, आर्थिक रूपमा सबै जनताहरूको खाने-बस्ने समस्याको समाधान गर्ने, गाउँमा आधुनिक कृषिको न्यूनतम वातावरण सिर्जना गर्ने र

सामाजिक तथा मनोवैज्ञानिक रूपमा जस्तोसुकै अवस्थामा पनि इमान्दारीपूर्वक दुःख गरेर जीविकोपार्जन गर्न सक्ने नागरिक उत्पादन गर्ने अभियान नै कोरियाली नयाँ गाउँ अभियान हो। खासगरी यो अभियानमा महिलाहरूको विशेष भूमिका रह्यो र कालान्तरमा त्यसले कोरियाको विकासमा अत्यन्तै ठूलो भूमिका निर्वाह गऱ्यो (हुमागाईं, २०२१)।

## भारतको केरला सहर

केरला भारतको दक्षिण पश्चिमी भागमा अवस्थित राज्य हो। यो सहर उच्च मानव विकास सूचकहरू र अद्वितीय सामाजिक-आर्थिक मोडेलको लागि प्रसिद्ध छ। आर्थिक असमानतालाई सम्बोधन गर्न र दिगो विकासलाई प्रोत्साहन गर्न राज्यले विगतका वर्षहरूमा विभिन्न स्थानीय आर्थिक विकासका कार्यक्रमहरू कार्यान्वयन गरेको छ।

*(क) मानव विकासमा प्राथमिकता:* केरलाको स्थानीय आर्थिक विकास रणनीतिले मानव विकासलाई आर्थिक वृद्धिको प्रमुख चालकको रूपमा जोड दिएको छ। राज्यले शिक्षा, स्वास्थ्य सेवा, र समाजकल्याण कार्यक्रमहरूमा उल्लेखनीय लगानी गरेको छ। जसले दक्ष र स्वस्थ जनशक्तिको निर्माण गरेको छ। शिक्षित र स्वस्थ जनसङ्ख्याले लगानी आकर्षित गरी उद्यमशीलता बढाएर राज्यको आर्थिक उन्नतिमा योगदान पुऱ्याएको छ।

*(ख) साना र मझौला उद्यमहरू (SMES) को प्रवर्द्धन:* केरलाले स्थानीय आर्थिक वृद्धिलाई प्रोत्साहित गर्न साना र मझौला उद्यमहरूको विकासलाई प्रोत्साहन गरेको छ। राज्य सरकारले साना तथा मझौला उद्योगहरूलाई वित्तीय प्रोत्साहन, प्राविधिक सहयोग र बजारमा पहुँच प्रदान गरेको छ। यस दृष्टिकोणले कुइर निर्माण, ह्यान्डलूम कपडा र काजु प्रशोधन लगायत विभिन्न उद्योगहरूको विकासमा मद्दत पुऱ्याएको छ।

*(ग) पर्यटन प्रवर्द्धन:* केरलाको रमणीय परिदृश्य, ब्याकबाटर, र सांस्कृतिक सम्पदाले यसलाई लोकप्रिय पर्यटक गन्तव्य बनाउँछ। आर्थिक वृद्धिको संवाहकका रूपमा पर्यटनको सम्भावनालाई मान्यता दिँदै राज्यले पर्यटन पूर्वाधार, आतिथ्यता तालिम र मार्केटिङमा लगानी गरेको देखिन्छ। पर्यटन क्षेत्रले स्थानीय समुदायलाई लाभान्वित गर्दै रोजगारीका अवसरहरू सृजना र राजस्व आर्जन गरेको पाइन्छ।

*(घ) कृषि र जैविक खेती:* आधुनिक उद्योग र सेवाहरूमा केन्द्रित भएता पनि केरलाले कृषिलाई बेवास्ता गरेको छैन। राज्यले दिगो कृषि र उच्च गुणस्तरको जैविक उत्पादनको सुनिश्चितता गर्दै जैविक खेती अभ्यासलाई बढावा दिएको छ। यस दृष्टिकोणले कृषि उत्पादकत्व बढाउन, रसायनिक सामग्रीमा निर्भरता घटाउन र अर्गानिक उत्पादनका लागि नयाँ बजार खोल्न मद्दत गरेको छ।

(ङ) ***सामाजिक उद्यम र सामुदायिक पहलहरू:*** केरलाले सामाजिक उद्यमहरू र समुदायद्वारा सञ्चालित पहलहरूको वृद्धि गरेको छ। जसले आर्थिक विकासलाई बढावा दिँदै स्थानीय चुनौतीहरूलाई सम्बोधन गर्दछ। यी उद्यमहरू फोहोर व्यवस्थापन, दिगो कृषि, र महिला सशक्तीकरण जस्ता क्षेत्रमा केन्द्रित छन्। त्यस्ता पहलहरूले रोजगारी मात्र सिर्जना गरेका छैनन् बरु समुदायको समग्र कल्याणमा पनि योगदान पुऱ्याएका छन्।

केरलाको स्थानीय आर्थिक विकास पहलहरूले सकारात्मक नतिजाहरू देखाएको छ र राज्यको आर्थिक वृद्धि र सामाजिक प्रगतिमा निम्नअनुसारको महत्त्वपूर्ण प्रभाव पारेको छ :

(१) ***उच्च मानव विकास सूचकहरू:*** मानव विकासमा केरलाको प्राथमिकताले उच्च साक्षरता दर, राम्रो स्वास्थ्य परिणामहरू र शिक्षित जनशक्तिको परिणामस्वरूप लगानी आकर्षित गरेको छ र आर्थिक वृद्धिमा योगदान पुऱ्याएको छ।

(२) ***अर्थतन्त्रको विविधीकरण:*** साना तथा लघु उद्यमहरू, पर्यटन र दिगो कृषिलाई प्रवर्द्धन गर्न राज्यले एउटै क्षेत्रमाथिको निर्भरता घटाउँदै विविध अर्थतन्त्रको नेतृत्व गरेको छ।

(३) ***बढ्दो रोजगारीका अवसरहरू:*** विभिन्न उद्योगहरूको विकास, विशेष गरी सेवा र पर्यटन क्षेत्रहरूले राज्यको बढ्दो जनसंख्याका लागि रोजगारीका अवसरहरू सिर्जना गरेको छ।

(४) ***गरिबी न्यूनीकरण:*** मानव विकास र सामाजिक कल्याण कार्यक्रमहरूमा केरलाको जोडले गरिबीको स्तरमा उल्लेखनीय कमी ल्याउन योगदान गरेको छ।

(५) ***दिगो विकास:*** दिगो कृषि र जैविक खेतीका अभ्यासहरूप्रति केरलाको प्रतिबद्धताले आर्थिक वृद्धिका लागि वातावरणमैत्री दृष्टिकोणलाई बढावा दिएको छ।

केरलाको स्थानीय आर्थिक विकासको मामलाले मानव विकासमा लगानी गर्ने, दिगो अभ्यासहरू प्रवर्द्धन गर्ने, र दीर्घकालीन आर्थिक वृद्धि र सामाजिक प्रगति हाँसिल गर्न स्थानीय उद्योगहरूलाई समर्थन गर्ने महत्त्वलाई देखाउँछ। शिक्षा, स्वास्थ्य सेवा, साना तथा लघु उद्यमहरू पर्यटन, र सामुदायिक-सञ्चालित कार्यक्रमहरूमा ध्यान केन्द्रित गरेर केरलाले सन्तुलित र समावेशी दृष्टिकोणले सकारात्मक आर्थिक नतिजाहरू र त्यहाँका बासिन्दाहरूको जीवनको गुणस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने देखाएको छ।

## युगान्डा

अफ्रिकी मुलुक युगान्डा स्थानीय आर्थिक विकासको सन्दर्भमा अर्को एक नमुना उदाहरण हो। नेपालमा जस्तै युगान्डामा पनि सन् १९९० को सुरु देखि नै विकेन्द्रीकरणका सिद्धान्तहरूलाई

अवलम्बन गरिएको थियो। तर अपेक्षाअनुसारको नतिजा दिन सकेन। युगान्डा सरकारले सन् २००६ मा त्यसको विकल्पमा स्थानीय आर्थिक विकासको अवाधारणालाई अगाडि ल्यायो। सन् २०१४ मा स्थानीय आर्थिक विकास नीति पारित गर्दै स्थानीय आर्थिक विकासको मोडेललाई थप मजबुत बनायो। उक्त नीतिले सात विशेष सिद्धान्तलाई अवलम्बन गरेको छ। (Kavuma, Tibamwenda, Mushemeza, Bogere, Tamale, Semakula, & Mbabazi, 2020)।

(१) राष्ट्रिय विकास योजना, विकेन्द्रीकरण नीति र रणनीतिक योजनासँगको तादात्म्य,
(२) सम्बन्धित सरोकारवालाहरूको प्रतिवद्धता,
(३) निजी सार्वजनिक साझेदारी,
(४) प्रतिस्पर्धी क्षमता अभिवृद्धि,
(५) पारदर्शिता एवम् जवाफदेहिता,
(६) लैङ्गिक समानता र समावेशीकरण,
(७) दिगो विकास प्रवर्द्धन।

दिगो विकास सम्बन्धी एक प्रतिवेदन अनुसार युगान्डाको हकमा स्थानीय आर्थिक विकासको प्रयोग अत्यन्तै सफल रहेको छ (NPA, 2023)। यसले गरिवी निवारणमा उल्लेखनीय सफलता प्राप्तिमा सहयोग पुऱ्याएको छ। यसले हरेक स्थानीय क्षेत्रको आर्थिक विकासको मेरुदण्ड निर्माण गर्न रचनात्मक लगानी अभिवृद्धि, पुरानो व्यावसायको स्तरोन्नति र नयाँ व्यवसायको सिर्जना गरेको छ। दातृ निकायहरूसँग यसै मोडेलमा आर्थिक सहयोग लिने पद्धतिले अर्थतन्त्रको सुधारमा धेरै सहयोग पुऱ्याएको छ। यी सवल पक्षहरूका अलवा यसको कार्यान्वनका कठिनाइहरू पनि प्रतिवेदनले समेटेको छ। जसमा निजी र गैरसरकारी क्षेत्रलाई समेट्ने स्थानीय तहहरूको प्रष्ट प्रबन्धको अभाव, स्थानीय आर्थिक विकास योजना निर्माण, बजेट र कार्यान्वयनमा स्थानीय तहहरूको कमजोर प्राविधिक एवम् वित्तीय क्षमता, पुरानै प्रकृतिका सेवा प्रदान केन्द्रित मनोविज्ञान आदि छन्।

## संयुक्त राज्य अमेरिकाको स्प्रिङफिल्ड

स्प्रिङफिल्ड संयुक्त राज्य अमेरिकाको मध्य-पश्चिमको केन्द्रमा अवस्थित एउटा सानो ग्रामीण समुदाय हो। करिब १०,००० जनसङ्ख्या भएको सहरले घट्दै गएको कृषि क्षेत्र र सीमित रोजगारीका अवसरहरूमा निर्भरताका कारण महत्वपूर्ण आर्थिक चुनौतीहरूको सामना गर्‍यो। यी चुनौतीहरूको सम्वोधन गर्न सहरका नेताहरूले समुदायलाई पुनरुत्थान गर्न र दिगो र विविध अर्थतन्त्र सिर्जना गर्न एक व्यापक स्थानीय आर्थिक विकास योजना प्रारम्भ गरे।

उनीहरूले सर्वप्रथम शक्ति र अवसरहरूको पहिचान गरे। स्थानीय आर्थिक विकास पहलको

पहिलो चरण सहरको मूल्याङ्कन र सम्भावित अवसरहरूको पहिचान गर्नु थियो। प्रमुख यातायात मार्गहरूसँग सहरको निकटता, एक ऐतिहासिक सहर, र एक कुशल जनशक्तिलाई प्रमुख शक्तिहरूको रूपमा पहिचान गरियो। यसका अतिरिक्त, समुदाय रमणीय प्राकृतिक परिदृश्यले घेरिएको थियो, यसलाई पर्यटन र बाहिरी गतिविधिहरूको लागि आकर्षक गन्तव्य बनाइयो।

त्यससँगै सरोकारवालाहरूलाई संलग्न गराउने पहलको सफलता सुनिश्चित गर्न सहरका नेताहरूले स्थानीय व्यापारीहरू, मालिकहरू, बासिन्दाहरू, सामुदायिक संस्थाहरू र शैक्षिक संस्थाहरूसहित विभिन्न सरोकारवालाहरू संलग्न गराए। साथै विभिन्न दृष्टिकोण, विचार र सरोकारहरू सङ्कलन गर्न नियमित टाउन हल बैठकहरू र फोरमहरू सञ्चालन गरियो।

स्प्रिङफिल्ड सहरको स्थानीय सरकारले एक व्यवसाय-मैत्री वातावरण सिर्जना गर्दै लगानी आकर्षित गर्न र उद्यमशीलतालाई बढावा दिनको लागि व्यवसाय-मैत्री वातावरण सिर्जना गर्न आवश्यक रहेको महसुस गर्यो र उनीहरूले व्यवसाय गर्न अनुमति दिने प्रक्रियालाई सरल बनाए। नयाँ व्यवसायहरूका लागि कर प्रोत्साहन प्रस्ताव गरे र स्टार्टअपहरूका लागि ऋण कार्यक्रम विकास गरे। सहरले साना व्यवसायहरूलाई सस्तो वित्तीय पहुँच प्रदान गर्न स्थानीय बैंकहरूसँग पनि सहकार्य गरेको थियो।

(क) **अर्थतन्त्रको विविधीकरण :** कृषिमा समुदायको निर्भरता घटाउन सहरले स्थानीय अर्थतन्त्रको विविधीकरणलाई बढावा दियो। उनीहरूले आर्थिक विकास समितिको स्थापना गरेका छन् जसले विकास सम्भावना भएका क्षेत्रहरू पहिचान गर्ने काम गर्छ र यसले गर्दा सहरले साना निर्माण फर्महरू, प्रविधि स्टार्टअपहरू र सेवा-उन्मुख व्यवसायहरूलाई आकर्षित गर्यो।

(ख) **पर्यटन प्रवर्द्धन :** स्प्रिङफिल्ड सहरले आफ्नो सहरमा भएको प्राकृतिक सौन्दर्यको सदुपयोग गर्दै आर्थिक विकास योजनाले पर्यटन प्रवर्द्धनमा जोड दियो। सहरले पार्क अपग्रेड गर्न, हाइकिङ ट्रेलहरू बनाउन र सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न लगानी गर्यो। तिनीहरूले क्षेत्रीय पर्यटन प्याकेजहरू विकास गर्न नजिकका सहरहरूसँग पनि सहकार्य गरे, जसले आगन्तुकहरूलाई आकर्षित गर्यो र यस क्षेत्रमा उनीहरूको बसाइ विस्तार गर्यो।

(ग) **जनशक्ति निर्माण र विकास :** दक्ष जनशक्तिको महत्त्वलाई स्वीकार गर्दै सहरले स्थानीय विद्यालयहरू, सामुदायिक कलेजहरू, र व्यवसायिक प्रशिक्षण केन्द्रहरूसँग नजिकबाट काम गर्यो। तिनीहरूले बासिन्दाहरूलाई सान्दर्भिक सीपहरू जस्तै, उन्नत उत्पादन प्रविधिहरू र आतिथ्यता सम्बन्धी प्रशिक्षणहरू प्रदान गर्न अनुकूल कार्यक्रमहरू विकास गरे। यसले रोजगारीका सम्भावनाहरू मात्र सुधार गरेन, दक्ष जनशक्ति खोज्ने रोजगारदाताहरूलाई पनि आकर्षित गर्यो।

केही वर्षको समयमा स्प्रिङफिल्डको स्थानीय आर्थिक विकास पहलले महत्त्वपूर्ण परिणामहरू हाँसिल गर्यो। ती परिणामहरू निम्न छन् :

(१) **रोजगारी सिर्जना :** अर्थतन्त्रको विविधीकरणले विभिन्न क्षेत्रहरूमा सयौं नयाँ रोजगारीको सिर्जना गर्यो।

(२) **राजस्व वृद्धि :** व्यवसाय र पर्यटनको वृद्धिले कर राजस्वमा वृद्धि ल्यायो, सहरलाई थप सुधार र सामुदायिक परियोजनाहरूमा लगानी गर्न अनुमति दिइयो।

(३) **बेरोजगारी न्यूनीकरण :** नयाँ रोजगारीका अवसरहरू उपलब्ध हुन थालेपछि बेरोजगारी दर उल्लेखनीय रूपमा घट्यो।

(४) **जीवनको गुणस्तर सुधार :** सहरको पुनरोत्थान प्रयासहरू, परिष्कृत सार्वजनिक स्थानहरू र सामुदायिक कार्यक्रमहरू सहित बासिन्दाहरूको जीवनको समग्र गुणस्तरमा सुधार भयो।

(५) **सामुदायिक गौरव :** पहलको सफलताले बासिन्दाहरूमा गर्व र स्वामित्वको भावना जगायो, जसले समुदायको संलग्नता र स्थानीय व्यवसायहरूको लागि समर्थन बढायो।

स्प्रिङफिल्डको स्थानीय आर्थिक विकास पहलले आफ्नो अर्थतन्त्रलाई पुनरुत्थान गर्न खोजिरहेका साना ग्रामीण समुदायहरूको लागि नमुनाको रूपमा काम गर्दछ। सबल पक्षहरू पहिचान गरेर, सहकार्यलाई बढवा दिँदै, विविधीकरणलाई प्रवर्द्धन गर्दै, र जनशक्ति निर्माण एवम् विकास र पर्यटनमा लगानी गरेर सहरले दिगो आर्थिक वृद्धि हाँसिल गर्यो र बासिन्दाहरूको जीवनमा सुधार ल्यायो।

## २.९ नेपालमा स्थानीय आर्थिक विकासको अभ्यास

नेपालमा स्थानीय आर्थिक विकासलाई तीन चरण वा क्षेत्रमा विश्लेषण गर्नु आवश्यक हुन्छ। "आफ्नो गाउँ आफैं बनाऔं" त्यसको प्रस्थान बिन्दु हो। त्यहीं जगमा बसेर विकेन्द्रीकरणको सिद्धान्तको पनि जोडदार प्रयत्न पनि भयो। यी दुई खम्बामा आधारित भई विकास योजना निर्माण, सञ्चालन र अनुगमनमा जनताहरूको सहभागिता वृद्धि गराउन धेरै खाले प्रयत्न भएको पाईन्छ। त्यसलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले कानूनी मान्यता पनि दिएको थियो। ऐनको प्रस्तावनमा त्यस सम्बन्धी परिकल्पनालाई प्रष्ट रूपमा उल्लेख गरिएको थियो।

*विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था गर्न, आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न, योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय स्तरमा*

*नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय निकायहरूको संस्थागत विकास गर्न र स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायहरूको गठन गर्न वान्छनीय भएकोले ........... ऐन जारी*

प्रष्ट मार्गचित्र र कानूनी आधारका बाबजुद पनि विकेन्द्रीकरणको नीतिले नेपालमा सोचेको नतिजा दिन सकेन। उल्टै यस्ता प्रयत्नहरू भ्रष्टाचार र अनियमितताहरूलाई गाउँ-गाउँसम्म पुऱ्याउने र संस्थागत गर्ने औजारको रूपमा प्रयोग भयो भन्ने आरोपबाट मुक्त हुन सकेनन्। "उपभोक्ता समिति" धेरैले चर्चा गर्ने एक दृष्टान्त हो। यस्तो अवस्थालाई सुधार गर्न २०७२ सालमा जारी संविधानले स्थानीय निकायलाई थप संवैधानिक अधिकार प्रदान गर्दै स्थानीय तहमा रूपान्तरण गर्यो। अब स्थानीय तहले आफूलाई चाहिने कानूनको निर्माणसम्म आफैं गर्न सक्ने अधिकार राख्दछ। लगत्तै आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले उक्त प्रक्रियालाई थप व्यवस्थित गर्ने आधारहरू तय गरेको छ।

वि.सं. २०४७ देखिको अभ्यास, नयाँ संवैधानिक एवम् कानूनी व्यवस्था र अभ्यास (स्थानीय आर्थिक विकासको मोडेल राष्ट्रिय रूपमा अवलम्बन भइनसकेको अवस्था) मा स्थानीय आर्थिक विकासको अभ्यास कार्यक्रमहरूमा केन्द्रित वा सीमित छन् (बास्कोटा, २०७८; सुवेदी, २०७८)। त्यसका उदाहरणहरू हुन् : स्थानीय विकास कोष, युवा स्वरोजगार कोष, गरिबसँग विश्वेश्वर कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम आदि। यी कार्यक्रमसँगसँगै सरकारले स्थानीय आर्थिक विकासको मोडेललाई सहयोग र प्रवर्द्धन गर्न विशेष जिम्मेवारी सहितका कार्यालय पनि सञ्चालनमा ल्याएको छ वा निरन्तरता दिएको छ। गरिबी निवारण कोष, ग्रामीण विकास बैंक, कृषि विकास बैंक आदि त्यसका प्रर्वद्धनात्मक वित्तीय संस्थाका उदाहरणहरू हुन्। सङ्घ, प्रदेश र स्थानीय तहहरूले जारी गरेका आवधिक योजनाहरूमा पनि घोषित तथा अघोषित रूपमा यस्ता अवधारणालाई धेरै हदसम्म समेट्ने प्रयास गरिएको छ।

नेपालको हकमा थप केही आन्तरिक विषयहरू पनि छलफल गर्नु आवश्यक हुन्छ। वि.सं. २०७२ सालमा जारी नेपालको संविधानले स्थानीय तहहरूलाई प्रशासनिक अधिकार सँगसँगै विधायिकी र न्यायिक समेत अधिकार प्रदान गरी आफ्नो लागि आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनको अधिकार प्रदान गरेको छ। त्यस अर्थमा हरेक स्थानीय तहले आफ्ना स्रोतसाधनहरूलाई अधिकतम प्रयोग गर्दै स्थानीय आर्थिक विकासको मोडेल निर्माण गर्ने र कार्यान्वयन गर्नु पनि राजनीतिक परिवर्तनको एउटा प्रमुख उद्देश्य एवम् मर्म हो। त्यस्तै, नेपालको विविधता अर्को प्रमुख विषय छ। एकातर्फ स्थानीय तहहरूको भौगोलिक, सामाजिक एवम् आर्थिक अवस्था पृथक छ भने अर्कोतर्फ त्यहाँका सम्भावनाहरू पनि पृथक छन्। त्यस्तो अवस्थामा आफूलाई सुहाउँदो आर्थिक विकासको योजना बनाउनु अपरिहार्य हुन्छ। दाताहरूले आफ्नो स्वादमा निर्माण गरेको विकास मोडेलभन्दा

स्थानीय आवश्यकतालाई मध्यनजर गरेर आफैंले तय गरेको विकास मोडेल प्रभावकारी हुन्छ भन्ने विषयमा अन्तर्राष्ट्रिय रूपमा नै आम सहमति छ (Easterly, 2006)।

नेपालको हकमा यो विषयलाई थप दुई विषयसँग जोडेर चर्चा गर्नु उपयुक्त हुन्छ। पहिलो, उच्च अन्तरिक बसाइँ-सराइँ। नेपालमा गाउँबाट सहरतर्फको बसाइँ-सराइँ तीव्र रहेको छ। त्यसबाट छोडिने र थपिने दुबै स्थानमा व्यापक सामाजिक एवम् आर्थिक संरचनागत परिवर्तनहरू हुन थालेका छन्। त्यस्ता समस्याहरूको सही विश्लेषण गर्दै स्थानीय रोजगारी सिर्जना नगर्ने हो भने दुबै स्थानमा विविध नयाँ संकटहरू आउने निश्चित छ। दोस्रो, नेपालको संविधानले अंगिकार गरेको शासन व्यवस्थाको प्रभावकारिता अभिवृद्धि गर्न स्थानीय आर्थिक विकासका सिद्धान्तहरूलाई अवलम्बन गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउन आवश्यक छ।

स्थानीय तहको झन्डै ७ वर्षको अभ्यासले नेपालका स्थानीय तहहरू बीचका समानता र असमानतालाई मूल्याङ्कन गर्दै स्थानीय आर्थिक विकासका सिद्धान्तहरूको अर्थपूर्ण प्रयोगको विवेचनाको चरणमा आइपुगेको छ। त्यसको एउटा नतिजा हो स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको उक्त कार्यविधिले (क) आर्थिक नीति तथा योजना, (ख) आर्थिक विकास पूर्वाधार, (ग) आर्थिक सशक्तीकरण, (घ) उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धनलाई स्थानीय आर्थिक विकास मूल्याङ्कनका विषय क्षेत्रको रूपमा लिएको छ।

**आर्थिक नीति तथा योजना :** स्थानीय आर्थिक सर्वेक्षण, स्थानीय आर्थिक विकास योजना, स्थानीय आर्थिक विकास संवाद समिति, स्थानीय उद्योग वाणिज्य सम्बन्धी संघसंस्था सँगको सहकार्य, स्थानीय लगानी प्रवर्द्धनका लागि स्थानीय लगानी संवाद वा भेला, स्थानीय आर्थिक विकासका क्षेत्रमा स्थानीय तहको लगानी, उद्यम विकास सम्बन्धी कार्यविवरण र जिम्मेवारी, स्थानीय तहले खर्च भई नजाने स्वदेशी उत्पादनका सामानको प्रयोग, उत्कृष्ट उद्यमीलाई सम्मान, स्थानीय आर्थिक विकासमा गैरसरकारी संस्था तथा सामुदायिक संस्थाको लगानी, नयाँ उद्यमीलाई व्यवसाय सहायता, स्थानीय तहमा विषयगत तथ्याङ्क, लगत राखी व्यवसाय दर्ता आदि यस अन्तर्गत पर्दछन्।

**स्थानीय आर्थिक विकास पूर्वाधार :** स्थानीय उत्पादनको बजारीकरणका लागि कार्यक्रम कार्यान्वयन, औद्योगिक ग्रामको घोषणा, स्थापना र सञ्चालन, प्राविधिक शिक्षालय वा विद्यालयमा व्यवसायिक विषयको प्रयोगात्मक शिक्षण, विद्युतीकरण, सडकको पहुँच, स्थानीय तहभित्र निजी क्षेत्रबाट होटेल तथा लज सञ्चालन, सिँचाइ पहुँच, खानेपानीको पहुँच, बैंक तथा वित्तीय संस्था, इन्टरनेट पहुँच, फोहोर मैला व्यवस्थापन, व्यवसायिक वा प्राविधिक तालिम प्राप्त जनशक्तिको उपलब्धता, स्थानीय तहको अन्तरिक आय वृद्धि आदि स्थानीय आर्थिक विकास पूर्वाधार अन्तर्गत राखिएको छ।

**आर्थिक सशक्तीकरण :** आर्थिक, सामाजिक रूपमा पछि परेका वर्गको आयवृद्धि र सीप विकास वा जीविकोपार्जन सुधार वा उद्यमशीलताका लागि बजेट विनियोजन, रोजगार/स्वरोजगार संलग्न जनसंख्या, सीपमा आत्मनिर्भरता, व्यवसायिक कृषि फार्म, व्यवसायिक पशुपंक्षीपालन वा मत्स्यपालन, पर्यटन विस्तार, एक घर एक रोजगार कार्यक्रम, प्राङ्गारिक खेती, स्थानीय उत्पादन प्रदर्शनी मेला, सहकारी बिक्री कक्ष, वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि लक्षित कार्यक्रम, आर्थिक वा व्यवसायिक वा वित्तीय साक्षरताका लागि अभिमुखीकरण कार्यक्रम वा आर्थिक सचेतना कक्षा सञ्चालन आदि यसमा समावेश गरिएको छ।

**उद्यमशीलता विकास र औद्योगिक प्रवर्द्धन :** लघु, घरेलु तथा साना उद्योगको विस्तार, श्रमको लागि विदेश जाने जनशक्ति, एक स्थानीय तह एक उत्पादन कार्यक्रम सञ्चालन, कृषिजन्य क्रियाकलाप, रोजगारीमूलक वा उत्पादनमूलक सहकारीको संख्या, व्यवसायको प्रवर्द्धन, परम्परागत हस्तकला उद्योग प्रवर्द्धन, स्थानीय तहभित्र कृषिजन्य उत्पादनको सङ्कलन र प्रशोधन, कृषि उत्पादन पकेट क्षेत्र, स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर), कृषि आधुनिकीकरण र व्यवसायिकताको लागि प्रविधि, उपकरणको उपयोग तथा लगानी, नयाँ उद्योग, व्यवसाय स्थापना, दर्ता र नवीकरण हरेक स्थानीय तहमा एक स्थानीय आर्थिक विकास संवाद समिति उद्यमशीलता विकास र औद्योगिक प्रवर्द्धनले समेटेको छ। संवाद समितिको काम, कर्तव्य र अधिकारलाई देहाय बमोजिम तोकेको छ :

(क) स्थानीय आर्थिक विकासको अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गर्ने।
(ख) स्थानीय आर्थिक विकासका सूचकको प्रगतिको अवस्थाको समीक्षा गर्ने।
(ग) स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहजीकरण गर्ने।
(घ) स्थानीय सीप विकासको सहजीकरण गर्ने।
(ङ) लघु, घरेलु तथा साना उद्योग र उद्यमशीलता विकासका लागि सहजीकरण गर्ने।
(च) एक स्थानीय तह एक उत्पादन सम्बन्धी कार्यमा सहजीकरण गर्ने।
(छ) औद्योगिक ग्रामको स्थापना सम्बन्धमा सहजीकरण गर्ने।
(ज) सार्वजनिक निजी संवाद सम्बन्धी कार्यहरू गर्ने।
(झ) स्थानीय आर्थिक विकास योजनाको निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्ने।
(ञ) स्थानीय उत्पादनको प्रवर्द्धन सम्बन्धी कार्यमा सहजीकरण गर्ने।
(ट) निजी लगानी आकर्षण सम्बन्धमा समन्वय गर्ने।
(ठ) आर्थिक सशक्तीकरण सम्बन्धी कार्यमा सहजीकरण गर्ने।
(ड) आर्थिक सचेतना कक्षा सञ्चालनमा सहजीकरण गर्ने आदि।

# अध्याय-तीन
# अध्ययनको विधि

## ३.१ अध्ययन विधि

यो अनुसन्धानात्मक प्रतिवेदन मिश्रित अध्ययन (गुणात्मक र मात्रात्मक) प्रणालीमा आधारित अध्ययन प्रतिवेदन हो। सामान्यतया नीतिको विकासक्रम सम्बन्धी अध्ययनलाई नीति संवाद वा डिस्कोर्स विश्लेषण भन्ने गरिन्छ (Gasper & Apthorpe, 1996)। स्थानीय आर्थिक विकास नेपालमा पनि धेरै कोणबाट औपचारिकीकरणको अवस्थामा रहेकोले यसलाई पनि नीति संवाद विश्लेषणको रूपमा व्याख्या गर्न सकिन्छ। तर यो अध्ययन नीति संवादमा मात्रै सीमित भने छैन। एकातर्फ यसले अवस्था के कस्तो छ चित्रण गरेको छ। स्थानीय तहहरू यो विधि कार्यान्वयनको कुन चरणमा छन् भन्ने पहिचान गर्ने छ। अर्कोतर्फ त्यसका कारणहरूलाई पहिचान गरेको छ। तसर्थ यो एक विश्लेषणात्मक अध्ययन हो (Bhattacherjee, 2012)।

यो अध्ययनले मुलभूत रूपमा गण्डकी प्रदेशका ११ स्थानीय तहहरूमा तीन प्रकृतिको अध्ययन विधि - अवलोकन, सर्वेक्षण र विश्लेषणलाई अवलम्बन गरेर अध्ययनको निष्कर्ष निकालेको छ। यो अध्ययनले जिल्लागत रूपमा हिमाल, पहाड र तराईका स्थानीय तहलाई निर्वाचित जनप्रतिनिधिको सेवा अवधिलाई समेत विचार गरी ११ स्थानीय तह छनौट गरिएको छ।

## ३.२ अध्ययन क्षेत्रको छनौट

प्रस्तुत अध्ययनमा गण्डकी प्रदेशका ११ वटै जिल्लाहरूका सबै ८५ वटा स्थानीय तहहरू मध्ये जिल्लागत भूबनोट, स्थानीय तहको दलीय सन्तुलन, पुनः दोस्रोपटक निर्वाचित जनप्रतिनिधि तथा प्रथम पटक निर्वाचित जनप्रतिनिधि एवम् गाउँपालिका र नगरपालिकाको समुचित प्रतिनिधित्वका आधारमा तपसिलका गाउँपालिका र नगरपालिकाहरू अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ।


### छनौट गरिएका स्थानीय तह र छनौटका आधार

| आधार | विस्तृत |
|---|---|
| जिल्ला | प्रत्येक जिल्लाबाट एक स्थानीय तह<br>तनहुँ, पर्वत, गोरखा, नवलपुर, मुस्ताङ, लमजुङ, स्याङ्जा, बागलुङ, कास्की, म्याग्दी, नवलपुर |
| दलीय सन्तुलन | प्रमुख वा अध्यक्ष नेपाली कांग्रेसका रहेका ५ स्थानीय तह, नेकपा एमालेका रहेका २ स्थानीय तह, माओवादी (केन्द्र) का रहेका २ स्थानीय तह, ने.क.पा. समाजवादीका रहेका १ स्थानीय तह र स्वतन्त्र रहेका १ स्थानीय तह |
| पुनःनिर्वाचित | प्रमुख वा अध्यक्षलाई आधार मान्दा २ स्थानीय तह |
| नगरपालिका र गाउँपालिकाको प्रतिनिधित्व | **नगरपालिकाहरू :**<br>(१) बागलुङ नगरपालिका, बागलुङ<br>(२) कुश्मा नगरपालिका, पर्वत<br>(३) पोखरा महानगरपालिका, कास्की<br>(४) गोरखा नगरपालिका, गोरखा<br>(५) गैंडाकोट नगरपालिका, नवलपुर<br>**गाउँपालिकाहरू :**<br>(१) घरपझोङ गाउँपालिका, मुस्ताङ<br>(२) मालिका गाउँपालिका, म्याग्दी<br>(३) फेदीखोला गाउँपालिका, स्याङजा<br>(४) मादी गाउँपालिका, कास्की<br>(५) आँबुखैरेनी गाउँपालिका, तनहुँ<br>(६) हुप्सेकोट गाउँपालिका, नवलपुर |

## ३.३ अध्ययन प्रकृया

छनौट भएका स्थानीय तहहरूलाई आधार मानेर कुल ५ चरणमा यो अध्ययन सम्पन भएको छ। यो अध्ययन स्थानीय आर्थिक विकास सम्बन्धी सिद्धान्त र त्यसको अभ्यासको द्वितीय तथ्याङ्कको सङ्कलनबाट सुरु भएको थियो। छनौट गरिएका ११ स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाहरूसँग नेपालमा स्थानीय आर्थिक विकासको अवस्था र कारणहरू पहिचान गर्नु अध्ययनको प्रमुख उद्देश्य थियो।

**अध्ययनको प्रक्रिया**




## ३.४ तथ्याङ्क सङ्कलन विधि तथा औजार

प्रश्नावलीलाई वस्तुगत प्रश्न र अन्तरवार्ता प्रश्नमा वर्गीकृत गरी तय भएका प्रश्नावली सहित २०७९ चैतदेखि २०८० जेठ महिनासम्म स्थानीय तहको स्थलगत अवलोकन, सर्वेक्षण, अन्तरवार्ता र सामूहिक छलफल गरी प्राथमिक तथ्याङ्क सङ्कलन भएको थियो। स्थानीय तहहरूमा स्थलगत अवलोकन गर्ने क्रममा स्थानीय तहका अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतमध्ये १ जनालाई वस्तुगत प्रश्नावली भराउने काम भएको थियो भने ती मध्ये १ जनासँग विस्तृत अन्तर्वार्ता लिने र उपलब्ध कर्मचारी एवम् जनप्रतिनिधिसँग सामूहिक छलफल गरी प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्पन भएको थियो। साथै स्थानीय तहहरूले निर्माण गरेका कानूनहरू र अन्य प्रकाशन सङ्कलन गर्ने काम पनि यही चरणमा भएको थियो।

**प्रश्नावलीमा समेटिएका विषयहरू**

| प्रश्नावली क्षेत्र | प्रश्नावलीको विषय |
|---|---|
| आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्था | तथ्याङ्क एवम् आर्थिक अवस्था प्रतिको धारणा; योजनावद्ध आर्थिक विकासको रणनीति भए/नभएको; आफ्नै गा.पा/न.पा सुहाउँदो योजना भए/नभएको, गा.पा/न.पा.को आर्थिक विकासमा प्रभाव पार्न सक्ने विषयहरूको विवरण र विकासक्रम, गा.पा/न.पाको आर्थिक योजना निर्माणमा संघ तथा प्रदेशको तथ्याङ्क र नीतिको प्रयोग; आन्तरिक आय वृद्धिका कार्यक्रम, कार्ययोजना र प्रभावकारिता |
| आर्थिक क्रियाकलापहरूको प्राथमिकता र सम्भाव्यता | प्राथमिकता क्षेत्रको पहिचानको अवस्था; प्राथमिकता क्षेत्र पहिचानको विधि; गा.पा/न.पा.को विशेष योजना र कार्यक्रम; उद्योग र औद्योगिकीकरणको योजना र सफलता; आगामी ५ देखि १० वर्षको सम्भाव्यता; गा.पा/न.पा. को ब्रान्डिङ नीति र मूल्याङ्कन |
| स्थानीय आर्थिक विकास योजना निर्माण | विकासको अवधारणाको पहिचान; स्थानीय तहले खोजेको विकासको मोडेल; संघ र प्रदेशका आर्थिक विकासका योजनाको बुझाइ र त्यस प्रतिको मूल्याङ्कन; योजना तर्जुमा विधि, प्रक्रिया र चरण (नीति, सिद्धान्त र व्यवहार); सरोकारवालाको पहिचान र सञ्जाल; योजना निर्माण संवादको मोडेल र प्रभावकारिता |
| स्थानीय आर्थिक विकास योजनाको कार्यान्वयन | कार्यान्वयनको अवस्था; संस्थागत क्षमता; सशक्तीकरण र प्रोत्साहन; सहकार्य; दीर्घकालीन विकास नीति; जनशक्ति परिचालन नीति र कार्यक्रम। |
| **स्थानीय आर्थिक विकास योजना कार्यान्वयनको समीक्षा** | |

## ३.५ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन

यो अध्ययनले प्राथमिक तथ्याङ्कमा मात्रै आधारित भएर अध्ययनको निष्कर्ष निकालेको छैन। यसले द्वितीय स्रोतहरू जस्तै, प्राज्ञिक लेख एवम् रचना, अन्तर्राष्ट्रिय संघ संस्थाका प्रतिवेदन, अन्तर्राष्ट्रिय अभ्यासका आधारमा प्रकाशन भएका प्रतिवेदन एवम् प्राज्ञिक लेख, नेपाल सरकारको नीति, कार्यक्रम, राष्ट्रिय योजनाहरू, प्रदेश सरकारको योजना एवम् नीति, गण्डकी प्रदेशका स्थानीय तहहरूले निर्माण गरेका योजना तथा गुरुयोजनाहरूलाई पनि अधिकतम प्रयोग र विश्लेषण गर्ने प्रयत्न गरेको छ।

समग्रमा यो अध्ययनले मिश्रित विधि अवलम्बन गरेको छ। नेपाल र विश्वका अन्य देशहरूले प्रयोग गरेका अभ्यासहरूमा आधारित भएर स्थानीय आर्थिक विकासको अवस्थालाई मूल्याङ्कन गरिएको छ। आगामी दिनमा नेपालमा स्थानीय आर्थिक विकासको सम्भावना र चुनौतीको विश्लेषण मात्रै होइन समग्र नेपालमा यसको के कस्तो अध्ययन, अनुसन्धान र प्रवर्द्धन आवश्यक छ भन्ने विषयमा विवेचना गर्दै नयाँ विचार र संवादको सुरुवात गरेको छ।

यो अध्ययनले कुल तीन चरणको विश्लेषण मार्फत निष्कर्षहरू निकालेको छ। अध्ययन गरिएका स्थानीय तहहरूले स्थानीय आर्थिक विकासलाई कसरी बुझेका छन् र यसको कार्यान्वयनको कुन चरणमा छन् भन्ने पहिचान गरिएको छ। यसको विश्लेषणको खाका ILO ले तय गरेको स्थानीय आर्थिक विकास रणनीति निर्माण (①क्षेत्र निर्धारण एवम् संस्थागत नक्साङ्कन →② महत्व उजागर →③ स्थनीय फोरमको निर्माण →④ स्थानीय आर्थिक विकास रणनीति तयार →⑤ लागु गर्ने संरचना तयार वा सहकार्य) को ५ चरणमा आधारित भई गरिएको छ। साथै, हाल स्थानीय तहले प्राथमिकता दिएका क्षेत्रमा स्थानीय आर्थिक विकासको आधारभूत सिद्धान्तहरू (भूगोल र प्राथमिकता निर्धारण; पात्र, प्रक्रिया र सहभागिता; स्थानीय स्रोत साधनको अधिकतम प्रयोग, रोजगारी र गुणस्तरीय जीवन; व्यापकता एवम् बहुआयमिकता; क्षमता अभिवृद्धि र दिगोपन) को प्रयोगको अवस्था र सङ्घीयता कार्यान्वयन पश्चात् तीन तहका सरकारहरूका प्राथमिकता र सम्बन्धमा आएका परिवर्तनहरूलाई विश्लेषण गरिएको छ। अवस्थाको मूल्याङ्कन पश्चात् त्यसका कारण, सम्भावना र चुनौतीहरूलाई विश्लेषण गरिएको छ। यहाँ नीतिगत कारण, कार्यक्रम, सम्बन्ध एवम् सहकार्य र क्षमतालाई विशेष प्राथमिकता राखेर छलफल गरिएको छ। यो अध्ययनका सुझावहरू पनि यस्ता कारणहरूमा कसरी सुधार गर्दै स्थानीय आर्थिक विकासको पूर्ण कार्यान्वयन र त्यसका आधारमा सर्वाङ्गीण विकास गर्न सकिन्छ भन्नेमा केन्द्रित छन्।

# अध्याय-चार
# स्थानीय आर्थिक विकासको सिद्धान्तको अवलम्बन एवम् कार्यान्वयनको अवस्था

यो अध्यायमा दुई प्रमुख विषयहरूमा विश्लेषण गरिएको छ। पहिलो, स्थानीय आर्थिक विकास रणनीति एवम् कार्यक्रम विकासमा अध्ययन गरिएका स्थानीय तहहरू कहाँ पुगेका छन् ? स्थानीय तहहरू अहिले कुन चरणमा छन् र सो चरण पार गर्न के कस्ता कठिनाइहरू सामना गरिरहेका छन्? यसको लागि ILO ले तय गरेको स्थानीय आर्थिक विकास योजना प्रक्रियाको मोडेललाई प्रमुख आधार मानिएको छ। दोस्रो, हाल प्राथमिकताका साथ सञ्चालनमा रहेका कार्यक्रममा समग्रमा स्थानीय आर्थिक विकासका सिद्धान्तहरूको प्रयोगको अवस्था के छ ? यी दुई प्रश्नको बारेमा विस्तृत छलफल गर्नु पूर्व स्थानीय तहहरूका क्षेत्रगत प्रथामिकताहरू के छन् र तिनीहरू प्रदेशले तय गरेको समृद्धिका मुख्य संवाहकसँग कत्तिको तादात्म्य राख्दछन् भन्ने विषयमा विश्लेषण गरिएको छ।


## ४.१ स्थानीय आर्थिक विकासको सिद्धान्तको अवलम्बनको अवस्था


### ४.१.१ प्रदेशले तय गरेको समृद्धिका मुख्य संवाहकसँग तादात्म्यताको अवस्था

गण्डकी प्रदेशले नीतिगत रूपमा प्रदेश समृद्धिका लागि ७ मुख्य संवाहकहरू क्रमशः पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, मानव संसाधन, सुशासनलाई पहिचान गरेको छ। यो खण्डमा स्थानीय तहहरू प्रदेशले तय गरेको समृद्धिका मुख्य संवाहक क्षेत्रहरू प्रति कत्तिको सकारात्मक छन् र उक्त क्षेत्रहरूको बारेमा आफ्नो स्थानीय तहको अवस्थालाई कसरी मूल्याङ्कन गरिरहेका छन् भनी विश्लेषण गरिने छ। त्यसको लागि वस्तुगत प्रश्नावलीमा प्रदेश समृद्धिका मुख्य संवाहकका ७ आधारहरूको सन्दर्भमा आफ्नो स्थानीय तहको अवस्थाको बारेमा (अत्यन्तै सवल, ठिकै, कमजोर वा अत्यन्तै कमजोर) सोधिएको थियो र त्यसैको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ।

गण्डकी प्रदेशले पर्यटनलाई रोजगारी सिर्जना गर्ने र सवल प्रदेश अर्थतन्त्र निर्माणको प्रमुख आधारको रूपमा लिएको छ। कृषिको हकमा उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक लाभ लिन सकिने निष्कर्ष निकालेको छ। प्रदेश भित्रका स्थानीय तहहरूको सोंच पनि प्रदेशसँग अत्यन्तै मिल्दोजुल्दो पाइएको छ। जस्तै; कुश्मा नगरपालिकाले पर्यटन क्षेत्रको विकासमार्फत रोजगारी सिर्जना

गरी नगरको समृद्धि हाँसिल गर्नु र कृषि, पशु, वन, वातावरण र पूर्वाधारको दिगो विकासमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नुलाई क्रमशः पहिलो र दोस्रो उद्देश्यको रूपमा राखेको छ। हिमाली जिल्ला मुस्ताङको घरपझोङ गाउँपालिकाले पनि कृषि, पर्यटन, उद्योग लगायत आर्थिक क्षेत्रको विकास गरी नागरिकको जीवनस्तर सुधार गर्नुलाई पहिलो उद्देश्यको रूपमा लिएको छ (स्रोत, आवधिक योजना)। प्राय सबै स्थानीय तहहरूका नारा, नीति तथा कार्यक्रम उस्तै छन्। साथै, अन्तरवार्ताको क्रममा पनि सरोकारवालाहरूको राय पनि कृषि र पर्यटनलाई प्राथमिकता दिएको पाइयो।




स्रोतः स्थलगत सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

कृषि र पर्यटनको वर्तमान अवस्थाको बारेमा पनि स्थानीय तहका अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उप-प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत सन्तुष्ट रहेको सर्वेक्षणले देखाएको छ। ठिकैलाई पनि सन्तुष्टिमा राखेर विश्लेषण गर्दा स्थानीय तहका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत मध्ये ९२ प्रतिशतले आफ्नो स्थानीय तहभित्रको पर्यटन र कृषिको वर्तमान अवस्था सबल रहेको धारणा व्यक्त गरेका छन्।

गण्डकी प्रदेशले ऊर्जा उत्पादनको हब बन्ने लक्ष्य राखेको छ। प्रदेशले उर्जाको उत्पादन वृद्धिले राजस्व वृद्धि, औद्योगीकरणको विस्तार, विद्युतीय सवारी साधनको उपयोगमा वृद्धि र पेट्रोलियम पदार्थको आयात कम गरी स्वाधीन र हरित अर्थतन्त्रको जग बसाल्ने उद्देश्य राखेको छ। गण्डकी प्रदेशको ऊर्जासँग सम्बन्धित अवधारणा स्थानीय आर्थिक विकासको सिद्धान्तसँग धेरै मिल्दोजुल्दो छ। तर, यस क्षेत्रका स्थानीय तहहरू भने ऊर्जा क्षेत्रको बारेमा मौन वा अनविज्ञ रहेको पाइयो। स्थानीय तहका बहुसंख्यक प्रतिनिधिहरू ऊर्जाको विषयका बस्तुगत प्रश्नहरूको बारेमा उत्तर दिन अनिच्छुक रहेको पाइयो। हाल जलविद्युत आयोजना सञ्चालनमा रहेका वा सञ्चालनको सम्भावना भएका स्थानीय तहहरूसँग यस विषयमा विस्तृत विचार र योजनाहरू नहुनु अत्यन्तै सोचनीय विषय रहेको छ।


प्रदेशले कृषि प्रशोधन र खनिजजन्य उद्योग स्थापनामार्फत कच्चापदार्थ उत्पादनलाई प्राथमिकता दिएको छ। सर्वेक्षणको क्रममा नवलपुरको हुप्सेकोट गाउँपालिका यो विषयमा अत्यन्तै उत्साहित देखिए


पनि अन्य स्थानीय तहहरू धेरै उत्साहित भएको पाइएन। उद्योगको बारेमा दुई प्रमुख समस्याहरू पहिचान भएका छन्।

पहिलो, उद्योगको बारेमा प्रष्ट तथ्याङ्कको अभाव। स्थानीय तहको अवधारणा कार्यान्वयन गर्नु त्यस स्थानीय तहमा दर्ता भएका उद्योगहरू कति छन् र त्यसमा के-कति जनताहरूले रोजगारी प्राप्त गरिरहेका छन् ? अहिले त्यस स्थानीय तहभित्र को र किन उद्योग दर्ता गर्न आउछन् ? कतिले घरेलु लगायतका संघ मातहतका कार्यालयमा उद्योग दर्ता गर्ने गरेका छन् ? त्यस स्थानीय तह भित्र दैनिक ज्यालादारी बाहेक मासिकरूपमा तलब खाने निजी क्षेत्रमा कार्यरत जनसंख्या कति छन् ? जस्ता तथ्याङ्कमा अध्ययन गरिएका प्राय सबै स्थानीय तहहरू कमजोर देखिएका छन्। खासगरी बाणिज्य बैंकहरूबाट कर्जा प्राप्ति गर्नको लागि कार्यालयहरू अझै पनि संघ मातहतका कार्यालयहरूमा दर्ता हुनु पर्ने र स्थानीय तहबाट सामान्य स्वीकृति लिने प्रचलन छ। स्थानीय तहहरूले अझै पनि यस्ता कम्पनी वा त्यहाँ हुने आर्थिक गतिविधिहरूलाई आफ्नो तथ्याङ्क र नीतिमा समावेश गर्न सकिरहेका छैनन्।

दोस्रो, उत्पादनलाई उद्योगसँग जोड्ने बहसले अझै पनि प्राथमिकता प्राप्त गर्न सकिरहेको छैन्। स्थानीय आर्थिक विकास एउटा समष्टिगत अवधारणा हो। एउटा निश्चित क्षेत्रमा उत्पादन वृद्धि मात्रै होइन त्यस्ता उत्पादनहरूले बजारमा लोकप्रिय र केही थप मूल्यमा बिक्री हुन उत्पादन वा उत्पादकत्वमा आएको सुधार मात्रै पर्याप्त नहुन सक्दछ। त्यसको लागि उत्पादन पश्चात् सामान्य प्रसोधन वा प्याकिङ आवश्यक हुन्छ। सँगसँगै उत्पादनसँग सम्बन्धित उद्योगको स्थापना गरेर निश्चित उत्पादनबाट धेरै फाइदा लिन सकिन्छ। तर, अध्ययन गरिएका स्थानीय तहहरूमा यसरी विस्तृतरूपमा सोंचेको पाइएन। जस्तै, अध्ययन गरिएको एक स्थानीय तहसँग उत्पादनमा आएको व्यापक वृद्धिको अत्यन्तै प्रष्ट तथ्याङ्कहरू छन्। स्थानीय तह अध्यक्षका अनुसार विगत ५ वर्षमा उक्त स्थानीय तहमा कृषि सामग्री उत्पादनमा तीन गुणा वृद्धि भएको छ। तर, उत्पादित सामग्री मार्फत नयाँ रोजगारी सिर्जना गर्ने र आय (दुबै स्थानीय तह र नागरिकहरूको) उद्योगको स्थापनाको बारेमा भने अझै पनि योजना निर्माणको चरणमा रहेको छ। अझ प्रष्ट भन्ने हो भने त्यस्तो अवधारणा विकसित भएको नै छैन।

माथि राष्ट्रिय आर्थिक विकास र स्थानीय आर्थिक विकासको तुलना गरिएको छ। राष्ट्रिय आर्थिक विकासको सिलसिलमा देशका केही निश्चित क्षेत्रहरू विशेष आर्थिक क्षेत्र बन्दै जान्छन् र त्यहाँको आर्थिक गतिविधि अत्यन्तै चलायमान हुन्छ। त्यसको नकारात्मक प्रभावको रूपमा अन्य क्षेत्रमा आर्थिक गतिविधिहरू शिथिल हुँदै जान्छन्। स्थानीय आर्थिक विकासको अवधारणाले त्यसको विकल्पलाई प्रदान गर्दछ। र त्यसको केन्द्रबिन्दुमा साना तथा मझौला उद्योगहरू रहेका हुन्छन् (Ayandibu & Houghton, 2017)। तर अहिले सञ्चालनमा रहेका स्वरोजगारका कार्यक्रमहरू कसरी साना तथा मझौला उद्योगहरूको रूपमा विकसित गर्ने भन्ने बारेमा अझै पनि धेरै अस्पष्टताहरू रहेका छन् र तीन तहका सरकारहरू बीचमा सबै भन्दा धेरै सहकार्य आवश्यक क्षेत्र पनि यही हो।









स्रोतः स्थलगत सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

उद्योगको बारेमा स्थानीय तहहरू त्यति धेरै सन्तुष्ट नरहेको देखियो। यो विषयलाई माथिको तथ्याङ्कसँग राखेर थप चर्चा गर्नु आवश्यक हुन्छ। स्थानीय तहहरू कृषि र पर्यटन क्षेत्रमा आफ्नो स्थानीय तह सवल रहेको सोच्नु तर उद्योगको अवस्थासँग असन्तुष्ट रहनुले उनीहरूले कृषि वा पर्यटन उद्योग भन्दा पनि अन्य क्षेत्रको उद्योगको विकासलाई प्राथमिकतामा राखेका छन् भन्ने प्रष्ट हुन्छ।

पूर्वाधारको क्षेत्रमा भने स्थानीय तहहरूको सन्तुष्टि राम्रो देखियो। अन्तर्वार्ताका क्रममा हाल स्थानीय तहहरूले धेरै प्राथमिकता दिने क्षेत्र पनि पूर्वाधार रहेको र जनताहरूको माग पनि त्यसैमा रहेको धारणाहरू धेरै नै व्यक्त भएको थियो। स्थानीय तहहरूले सोही क्षेत्रमा सन्तुष्टि व्यक्त गर्नु भनेको आफ्ना वर्तमान गतिविधिहरू प्रतिको सन्तुष्टिको प्रतिविम्ब पनि हो।




स्रोतः स्थलगत सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

स्थानीय तहहरू आफ्नो जिम्मेवारीको एउटा प्रमुख क्षेत्रको रूपमा रहेको सुशासनको अवस्थाको बारेमा अत्यन्तै सन्तुष्ट रहेको पाइएको छ। यसलाई सकारात्मक रूपमा हेर्नु पर्दछ। आफूले प्रदान गर्ने सेवाको पद्धति प्रतिको सन्तुष्टि भनेको उच्च आत्मविश्वास हो। यसलाई स्थानीय आर्थिक विकास अवधारणा अवलम्बनको सम्भावनाको आधारको रूपमा प्रयोग गर्नु पर्दछ। माथिका तथ्याङ्कहरूले प्रदेश सरकार र स्थानीय तहहरूको चासो, ध्यान र प्राथमिकता उस्तै क्षेत्रमा रहेको देखाएको छ। यसलाई अत्यन्तै सकारात्मक रूपमा लिनु पर्दछ। यसले प्रदेश र स्थानीय तहहरूको सहकार्यको सम्भावनालाई चित्रित मात्रै गरेको छैन, त्यसको आवश्यकतालाई पनि प्रष्टरूपमा दर्शाएको छ।

## ४.१.२ ILO को स्थानीय आर्थिक विकास नीति निर्माणको ५ चरणमा आधारित विश्लेषण

### (क) क्षेत्र निर्धारण एवम् संस्थागत नक्साङ्कन

यो चरणमा मूलभूत रूपमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिन्छ। स्थानीय आर्थिक विकासको मोडेलको एउटा प्रमुख विशेषता भनेको समष्टिगत तथ्याङ्क (निश्चित भूगोल र क्षेत्रको बारेमा आर्थिक, सामाजिक र राजनीतिक) सङ्कलन र विश्लेषणमा आधारित भविष्यको योजना निर्माण र कार्यान्वयनको अवधारणाको अनुसरण हो। यस्ता तथ्याङ्कभित्र निश्चित भूगोलभित्रको जनसंख्या, उमेर, जातजाति, शिक्षाको अवस्था, घरधुरी जस्ता सामान्य तथ्याङ्कदेखि सम्भावित पात्रहरूको व्यक्तिगत (सीप) एवम् संस्थागत क्षमता, आर्थिक क्रियाकलापमा असर पार्न सक्ने सामाजिक अवस्था जस्तै; शान्ति सुरक्षा, पूर्वाधार, बैंक तथा वित्तीय संस्थाको अवस्था, स्थानीय जनताहरूको आर्थिक क्रियाकलाप एवम् रोजगारीको अवस्था, आर्थिक रूपमा समस्याग्रस्त क्षेत्रहरूको पहिचान, प्राकृतिक स्रोतको अवस्था, सामूहिक आर्थिक गतिविधि सञ्चालन सम्बन्धी कानूनी प्रावधान, नागरिक समाज र गैरसरकारी संस्थाहरूका गतिविधि एवम् अवस्था, सम्बन्धित क्षेत्रमा सञ्चालनमा रहेका कार्यक्रम एवम् त्यस्ता कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन जस्ता बृहत् तथ्याङ्कको सङ्कलन र विश्लेषण गरिन्छ।

यही चरणमा सरोकारवाला र विज्ञहरूको राय पनि सङ्कलन गरिन्छ। सङ्कलित तथ्याङ्कका आधारमा कुन भौगोलिक क्षेत्रमा कुन उत्पादन वा सेवालाई व्यवस्थित गर्दै समग्र क्षेत्रको आर्थिक र सामाजिक अवस्थामा आमूल परिवर्तन गर्न सकिन्छ भन्ने नक्साङ्कन गरिन्छ। त्यसको केन्द्रबिन्दुमा रोजगारी सिर्जना र त्यसको गुणस्तर अभिवृद्धि रहेको हुन्छ। यस्ता गतिविधिहरू सञ्चालनको एउटा प्रत्यक्ष नदेखिने उद्देश्य पनि रहेको हुन्छ। त्यो अरु केही नभएर सञ्चालनमा ल्याउन खोजिएको अवधारणा, योजना वा कार्यक्रमको प्रचारप्रसार हो। यसले एकातर्फ सम्बन्धित सरोकारवालाहरूलाई एकै छातामुनि गोलबद्ध गर्ने काम गर्दछ भने अर्कोतर्फ सम्बन्धित क्षेत्रमा स्थानीय जनताहरूसँग रहेको नवीनतम विचारहरूलाई व्यक्त गर्ने फोरमको स्वतस्फूर्त निर्माण पनि हुन्छ।

यस्ता तथ्याङ्कहरूले सर्वप्रथम स्थानीय आर्थिक, सामाजिक र राजनीतिक अवस्था कस्तो छ भन्ने विषयलाई बुझ्न सहयोग पुऱ्याउँछन्। त्यो क्षेत्रमा के-कस्ता पात्र (व्यक्ति र संस्था) हरू सक्रिय छन्, के-कस्ता गतिविधिहरू सञ्चालन गरिरहेका छन्, भौगोलिक रूपमा कहाँ केन्द्रित छन् भन्ने प्रष्ट हुन्छ। सँगसँगै योजना तय गरिएको क्षेत्रमा अपेक्षित रूपमा उपलब्धि हाँसिल गर्न कुन-कुन क्षेत्रमा प्राथमिकता निर्धारण गर्नु पर्दछ भन्ने पनि प्रष्ट हुन्छ। अर्को शब्दमा भन्ने हो भने स्थानीय आर्थिक विकासको योजना निर्माण हिजो त्यस क्षेत्रमा भएको प्रगति र समस्याको समीक्षाबाट सुरु हुन्छ।

स्थानीय तहहरूले यस्ता तथ्याङ्कको आवश्यकतालाई महसुस मात्रै गरेका छैनन् त्यसको सङ्कलन र विश्लेषणको प्रयत्न पनि गरेका छन्। अध्ययन गरिएका स्थानीय तहहरू मध्ये वि.सं. २०७५ देखि लागु हुने पञ्चवर्षीय आवधिक योजना निर्माण गरेको एक गाउँपालिकाले निम्नअनुसारको कुल १० क्षेत्रमा तथ्याङ्क सङ्कलन गरेर गाउँपालिकाको वस्तुस्थिति विश्लेषण गरेको छ। भौगोलिक अवस्था, प्राकृतिक स्रोत र सम्पदा, भू-उपयोग तथा मानव बसोबास, सामाजिक तथा संस्कृतिक अवस्था, आर्थिक अवस्था र क्रियाकलाप, खानेपानी तथा सरसफाइको अवस्था, इन्धनको स्रोत र प्रयोगको अवस्था, वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था, यातायात तथा परिवहन सुविधाको अवस्था, सूचना तथा सञ्चारको पहुँच, पार्क तथा मनोरञ्जनको अवस्था। यसैगरी, हरेक ठूला योजनाहरू निर्माण गर्ने सिलसिलामा बृहत् तथ्याङ्क सङ्कलन गर्ने राम्रो सुरुवात भई सकेको छ।

अन्तरवार्ताको क्रममा स्थानीय जनप्रतिनिधि, कर्मचारी एवम् स्थानीय संघसंस्थाका प्रतिनिधिहरूले त्यस्ता तथ्याङ्कहरूको आवश्यकता र महत्वलाई राम्रोसँग बुझेको र खाँचोलाई महसुस गरिरहेको पाइयो। तर त्यस्ता तथ्याङ्कहरूलाई सजिलै र कम खर्चमा कसरी निर्माण गर्न सकिन्छ र त्यसको सही विश्लेषणका उपायहरू के हुन् भन्नेमा भने धेरै नै अनविज्ञता रहेको पाइयो। अन्तर्राष्ट्रिय रूपमा पनि स्थानीय आर्थिक विकासको बहससँग ज्ञान उत्पादन र शैक्षिक एवम् अनुसन्धान संस्थाहरूको भूमिकाको बारेमा धेरै छलफल हुने गरेको छ (Lawton, 2003, Yigitcanlar, T. & Velibeyoglu, 2008)। तर यो अध्ययनमा छनौट भएका स्थानीय तहहरूको हकमा तथ्याङ्क निर्माणमा स्थानीय तह भित्र वा बाहिरका कुनै निकायको प्रयोग वा सहयोग लिनेमा अझै प्रष्ट धारणाहरू निर्माण हुन् बाँकी रहेको पाइएको छ।

धेरै प्रयत्नहरूका बाबजुद पनि क्षेत्र निर्धारण एवम् संस्थागत नक्साङ्कनको अभ्यास र अवस्था बारेमा केही आलोचनात्मक विश्लेषण आवश्यक देखिन्छ। सर्वप्रथम, स्थानीय आर्थिक विकासको योजना निर्माणको लागि आवश्यक उत्पादनको अवस्थाको बारेमा स्थानीय तहसँग पर्याप्त तथ्याङ्क रहे पनि त्यसभित्र रोजगारी र पात्रहरूको क्षमताको बारेमा प्रष्ट तथ्याङ्कहरू अभाव देखिन्छ। खासमा त्यस्ता तथ्याङ्कको सङ्कलन, निर्माण र विश्लेषणमा तदारुकता देखाएको देखिदैन। यस्ता तथ्याङ्कको पूर्णता बिना स्थानीय आर्थिक विकासको बहस अपर्याप्त नै रहन्छ। अध्ययन गरिएका स्थानीय तहको

यो अवस्थाले अन्य चरण वा विशेषतामा पनि धेरै प्रभाव परेको देखिन्छ।

दोस्रो, राष्ट्रिय योजना, प्रदेश योजना र अन्य स्थानीय तहका योजनाहरूमा के-कस्ता समष्टिगत तथ्याङ्कहरू आवश्यक छन् भन्ने जानकारी राखे पनि हर शीर्षकमा के कस्ता सूचकाङ्क प्रयोग गर्ने भन्नेमा अझै पनि एकरूपता र प्रष्टताको खाँचो देखिन्छ। तेस्रो, तथ्याङ्क सङ्कलन गर्दा अझैपनि निश्चित योजना, नीति वा भूगोलको विश्लेषण भन्दा पनि स्थानीय तहको वर्णनात्मक चित्र प्रस्तुतमा नै केन्द्रित रहेको पाइयो। उपलब्ध योजना र कार्यक्रमहरूलाई विश्लेषण गर्दा तथ्याङ्कको परिचयमा धेरै जोडबल गरिए पनि त्यसको विश्लेषणमा अझै थप मेहनत आवश्यक देखिन्छ। साथै, स्थानीय तहहरू आफूले सङ्कलन गरेका तथ्याङ्कमा धेरै केन्द्रित रहने तर त्यस क्षेत्रमा उलब्ध हुनसक्ने द्वितीय तथ्याङ्कको बारेमा अझै पनि त्यति धेरै उत्साहित नरहेको पाइएको छ। तसर्थ, आगामी दिनहरूमा निश्चित सूचकाङ्क आधारित र आर्थिक गतिविधिलाई विश्लेषण गर्न सकिने तथ्याङ्क सङ्कलन एवम् निर्माणको क्षमता अभिवृद्धि आवश्यक देखिन्छ।

नक्साङ्कनको लागि कुन भौगोलिक क्षेत्रमा कुन उत्पादन वा सेवामा केन्द्रित हुने भन्नेमा प्रष्ट हुनु आवश्यक हुन्छ। हालको आवधिक योजना निर्माण वा सामान्य आर्थिक विकासको नीतिमा हुने तथ्याङ्कहरू त्यसतर्फ भन्दा पनि समग्र स्थानीय तहको अवस्थाको चित्राङ्कनमा केन्द्रित रहेको अवस्थामा विशेष गुरुयोजना वा नीतिहरू निर्माण आवश्यक हुन्छ। जस्तै, केही स्थानीय तहहरूले पर्यटन गुरुयोजना निर्माण गरिसकेका छन् भने कतिपय निर्माणको क्रममा रहेका छन्। के त्यस्ता योजनाहरूका तथ्याङ्क पृथक छन् त भन्ने प्रश्न स्वभाविक रूपमा उठ्छ।

अध्ययन गरिएका स्थानीय तहहरू मध्ये मालिका गाउँपालिका म्याग्दीले पर्यटन गुरुयोजना तय गरी सार्वजनिक गरेको छ। आर्थिक वर्ष २०७४/७५ मा तय गरिएको उक्त गुरुयोजनामा पर्यटकीय आकर्षणका सम्पदाहरू, हालको बजारको अवस्था, पर्यटन विकासमा संलग्न संस्थाहरू, पर्यटकीय क्रियाकलापहरू, खानिज तथा खानीहरू, झरना, गल्छी, गुफा र तालहरूको तथ्याङ्क संलग्न गरिएको छ। तर यसमा माथि छलफल गरिएका स्थानीय आर्थिक विकासको योजना निर्माण गर्दा आवश्यक समष्टिगत तथ्याङ्कको अभाव देखिन्छ। अहिले पर्यटनको क्षेत्रमा को-कसरी सामेल छन् ? उनीहरू के-कस्ता गतिविधिमा संलग्न छन् ? हाल पर्यटनले के-कति रोजगारी सिर्जना गरिरहेको छ र आगामी दिनमा पर्यटनको कुन क्षेत्रमा के-कस्ता सुधार गर्दा यो क्षेत्रको आम्दानी र रोजगारी वृद्धि हुन्छ ? त्यसले हालको आर्थिक संरचनामा पार्ने प्रभाव के हो ? त्यसले समग्र गाउँपालिकाको राजश्व र आर्थिक क्षमता अभिवृद्धिमा पार्ने प्रभाव के हो ? भन्ने बारेको विश्लेषणमा धेरै सुधार आवश्यक छ। स्थानीय तहहरूका क्षमता अभिवृद्धिको क्षेत्रमा काम गर्ने सरकारी वा गैर सरकारी संघ-संस्थाहरूले आगामी दिनमा यो विषयमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

तथ्याङ्कको बारेमा यस्तो अवस्था रहे पनि स्थानीय तहहरूले धेरै हदसम्म कुन क्षेत्रमा प्राथमिकता

दिने भन्ने निर्धारण गरिसकेका छन्। त्यो कुन प्रक्रियाबाट तय भयो भन्ने विषयको छलफल आवश्यक हुन्छ। माथि उल्लेख गरेझैं स्थानीय तहहरू कृषिमा उत्पादन वृद्धि र पर्यटन पूर्वाधार विकासमार्फत पर्यटनको विकासमा केन्द्रित छन्। उनीहरूले तय गरेका नाराहरूले पनि त्यस्तै देखाउँछ। केही प्रतिनिधिमूलक नाराहरू निम्नबमोजिम रहेका छन्।

- घरपझोङ गाउँपालिका - उत्पादन : हाम्रो पहिचान; बजारमुखी कृषि, स्वास्थ्य र शिक्षामा दिगो पूर्वाधार, अबको यात्रा युवा स्वरोजगार;
- कुश्मा नगरपालिका - समृद्ध सुन्दर कुश्मा नगर;
- आबुखैरेनी गाउँपालिका - आँबुखैरेनी समृद्धिको आधार : कृषि, शिक्षा, पर्यटन र पूर्वाधार,
- गैडाकोट नगरपालिका - हामी सबैको साझा अठोट - शान्त समुन्नत सुन्दर गैडाकोट, कृषिलाई उद्दम, कृषकलाई उद्यमी।

हाल स्थानीय तहहरूले कृषि र सेवा क्षेत्रमा रोजगारी सिर्जनामा प्रमुख प्राथमिकता दिन खोजेका छन्। उनीहरूले यसलाई रोजगारी भनेपनि यो धेरै हदसम्म स्वरोजगारमा नै केन्द्रित छ। उत्पादनमा आधारित अनुदान त्यसको प्रमुख उदाहरण हो। त्यसैगरी स्थानीय तहहरूले अहिले उत्पादनमा विविधीकरणलाई प्राथमिकता दिएका छन्। खासगरी फलफूल र पशुजन्य उत्पादन र त्यसको आत्मनिर्भरतामा धेरै चासो दिएका छन्। सँगसँगै स्थानीय तहभित्र रहेका वनलाई कसरी उत्पादनसँग जोडन सकिन्छ भन्नेमा पनि बृहत् संवाद गरेको पाइएको छ। जस्तै, मुस्ताङको घरपझोङ गाउँपालिकाले वनभित्र कसरी जिम्बु उत्पादन गर्ने भन्ने विषयमा छलफल सुरु गरेको छ। फिल्ड सर्वेक्षणको क्रममा धेरै जनप्रतिनिधिहरूले रैथाने खाद्यबाली कम लोकप्रिय हुँदै जाँदा सिर्जना भएका आर्थिक एवम् सामाजिक समस्याहरूको बारेमा धेरै चिन्ता व्यक्त गरेको पाइयो। तर, यसको समाधानको विकल्पहरूको बारेमा भने खासै नयाँ प्रयत्नहरू सुरु भने भएका छैनन्।

माथि प्रश्न गरेझैं, यस्ता योजनाहरू कसले र कसरी तय गर्दैछन् ? यो अध्ययनमा यस्ता निर्णयहरूमा सामान्यतया जनप्रतिनिधिहरू, त्यसमा पनि प्रमुखको निर्णायक भूमिका रहने पाइएको छ। प्रमुखहरूले आफ्ना योजनाहरूलाई व्याख्या गर्दा सामूहिक रूपमा भन्दा पनि व्यक्तिगत रूपमा चित्रण वा व्याख्या गरेको पाइयो। 'मैले यसो गरैं।' "मैले यसो गर्न खोजेको भएन।" सँगसँगै उनीहरूले आफू निर्वाचित हुनुभन्दा अगाडिका नीति तथा योजनाहरूको अपनत्व लिन ठूलै आनाकानी गरेको पाइयो। त्यो निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरू बीचको द्वन्द्वको एउटा प्रमुख कारण पनि बन्न पुगेको छ। खासगरी आफूहरूले ठूलो मेहेनत गरेर योजना बनाएको तर नयाँ जनप्रतिनिधिले त्यसलाई पुराना जनप्रतिनिधिका कार्यक्रमको रूपमा बुझेको वा लिएको प्रति कर्मचारीहरूको ठूलो गुनासो रहेको पाइयो।

समग्रमा, प्रत्येक स्थानीय तहले आगामी दिनमा प्राथमिकता दिने क्षेत्रको बारेमा एक खाले खाका तय गरेका छन्। उत्पादनको विषयमा आगामी दिनमा त्यसलाई कतिसम्म कसरी वृद्धि गर्ने भन्नेमा योजनाहरू पनि छन्। तर समष्टिगत तथ्याङ्कको अभाव, रोजगारी वा क्षमताको बारेमा प्रष्ट धारणाहरूको अभावले यस्ता धेरै प्रयत्नहरूका बाबजुद स्थानीय आर्थिक विकासको अवधारणाको सुरुवाती चरणमा नै धेरै सीमितता वा कमीकमजोरीहरू देखा परेका छन्।

## (ख) उत्प्रेरणा एवम् आमसहमति निर्माण

आवश्यक सामाजिक र आर्थिक तथ्याङ्कको सङ्कलन र विश्लेषण पश्चात् नक्साङ्कन गरिएको क्षेत्र र विषय नै अब हाम्रो विकास र रूपान्तरणको कोसेढुङ्गा हुँदै छ भन्ने विषय सबै सरोकारवालाहरूलाई जानकारी गराउने, उत्प्रेरित गर्ने र आमसहमति जुटाउने काम गरिन्छ। स्थानीय आर्थिक विकासको सिद्धान्तमा आधारित योजना वा कार्यक्रम सञ्चालन गर्दा प्राविधिक र गैर प्राविधिक जनशक्तिहरूबीच सहकार्य अपरिहार्य हुन्छ। उनीहरूबीच हामीसँगै काम गर्दछौं र हामी बीच सहकार्य सम्भव छ भन्ने विश्वासको वातावरण सिर्जना यसको समग्र सफलता वा असफलतासँग जोडिएको हुन्छ। जस्तै, पर्यटनको विकासलाई हेरौं। प्रविधि, मिडिया र विदेशी भाषा अब पर्यटन व्यवसायका महत्पूर्ण पक्ष भइसकेका छन्। त्यो क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थाहरूको प्राविधिक सीप र स्थानीय कला, संस्कृति, उत्पादन र प्रकृतिलाई मिसाएर नयाँ पर्यटन सामग्री (tourism content) विकास गर्ने योजना वा कार्यक्रममा सबै सँगसँगै मिलेर काम गर्ने र एउटा सफल नतिजा तयार गर्ने विश्वासको वातावरण सिर्जना स्थानीय आर्थिक विकासको एउटा महत्पूर्ण चरण हो।

यसबाट सरोकारवालाहरूको पहिचान मात्रै गरिदैन, उनीहरूसँग रहेका नवीनतम विचारहरूलाई पनि स्थानीय आर्थिक विकासको योजना र कार्यक्रममा समेट्ने काम गरिन्छ। त्यस अर्थमा यसलाई अर्को एक पूर्वतयारी चरणको रूपमा पनि बुझ्न सकिन्छ। त्यसका लागि स्थानीय तह र सरोकारवालाहरूले विविध सेमिनार, वर्कसप, भ्रमण आदि आयोजना गर्दछन्।

अध्ययन गरिएका स्थानीय तहहरूमा उत्प्रेरणा एवम् आमसहमति निर्माणमा प्रयत्न धेरै भएको तर स्थानीय आर्थिक विकासका सिद्धान्तले परिकल्पना गरेको प्रक्रिया भन्दा टाढा रहेको पाइएको छ। स्थानीय आर्थिक विकासको कोणबाट दुई प्रष्ट उपलब्धिहरू पहिचान भएका छन्। पहिलो, स्थानीय तहहरूले आफ्नो स्थानीय तहको आर्थिक विकासका समस्याहरूलाई पहिचान गर्न सुरु गरेका छन्। त्यसमा पनि जनशक्तिको बहसले झन्-झन् प्राथमिकता पाउनुले स्थानीय तहहरू स्थानीय आर्थिक विकासतर्फ उन्मुख भएको दर्शाउँछ।

एक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले यसरी आफ्नो धारणा राखेका थिए :

*मान्छे नै नभए पछि कसले विकास गर्ने ? अब हाम्रो विकासको संवाद गाउँमा कसरी मानिसहरूलाई फर्काउन सकिन्छ भन्ने प्रश्नबाट सुरु गर्नु पर्दछ। गाउँ छोडेका धेरै जनताहरूले आफ्ना सन्ततिहरूको भविष्य (शिक्षा) को लागि गाउँ छोड्ने गरेको बताएका छन्। तर उनीहरू खासमा रोजगारीको अवसरको लागि धेरै बसाइँसराइँ गर्ने गरेका छन्। त्यसैले यदि हामीले पर्यटन पूर्वाधारमा लगानी नगर्ने हो भने अब गाउँमा काम गर्न सक्ने जनशक्ति रोक्न सकिने अवस्था नै छैन।*

दोस्रो, क्षेत्रगत रूपमा के कस्ता विषयमा ध्यान दिने भन्नेबारेमा स्थानीय तह र जनताहरू प्रष्ट मात्रै हुँदै गएका छैनन्, निश्चित भूगोलमा आधारित नवीनतम विचारहरूसमेत विकसित हुँदै गएका छन्। जस्तै, घरपझोङ गाउँपालिकाले वनमा जिम्बु उत्पादन गर्ने विषयलाई आगामी दिनमा प्राथमिकता दिने योजना निर्माण गरेको छ। बाग्लुङ नगरपालिकाले काली गण्डकीको ढुँगाबाट मूर्ति बनाउन आवश्यक जनशक्ति निर्माण र अन्य व्यवस्थाको योजना निर्माणको लागि 'नगर उपप्रमुखसँग पर्यटन कार्यक्रम' सञ्चालनमा ल्याएको छ। हुप्सेकोट गाउँपालिकाको कार्यालयमा बंगुर फारम सञ्चालन र त्यसको व्यवस्थापन अब नियमित छलफलको विषय बनेको छ। यो अध्ययनको सिलसिलामा सम्पन समूहगत छलफलबाट प्राप्त विचारहरूका आधारमा हाल स्थानीय तहहरूले निम्नानुसारका प्राथमिकता क्षेत्र पहिचान गरेको पाइएको छ।

**स्थानीय तहहरूमा समूहगत छलफलमा व्यक्त क्षेत्रगत प्राथमिताहरू**

| क्र.स. | जिल्ला/स्थानीय तह | खाद्यबाली | फलफूल | उद्योग | कृषि | पशुपालन | पर्यटकीय क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | स्याङ्जाः फेदीखोला | धान, मकै, कोदो | सुन्तला | पर्यटन | तरकारी, आलु | गाई, भैंसी, कुखुरा | नुवाकोट देउराली, चण्डी स्थान रामकोट, देविस्थान |
| २ | कास्कीः मादी गाउँपालिका | धान, मकै, कोदो | - | पर्यटन | तरकारी, आलु | गाई, भैंसी | ताङलिङ, सिक्लेस |
| ३ | नवलपुरः हुप्सेकोट गाउँपालिका | धान, मकै, गहुँ | आँप/ सुन्तला | उत्पादन उद्योग | तरकारी, आलु, काक्रा, तरुल, अदुवा, पिडालु | गाई, वंगुर, भैंसी, कुखुरा | रुद्रपुर |
| ४ | नवलपुरः गैंडाकोट नगरपालिका | धान, मकै, गहुँ, दलहन | आँप | चामल घरेलु | तरकारी | गाई, भैंसी, कुखुरा | मौलाकालिका, कैलाश सन्यास आश्रम कोटिहोम, मुकुन्दसेन दरवार |

| क्र.स. | जिल्ला/स्थानीय तह | खाद्यबाली | फलफूल | उद्योग | कृषि | पशुपालन | पर्यटकीय क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| ५ | गोरखाः गोरखा नगरपालिका | धान, मकै, कोदो | सुन्तला | | तरकारी | गाई, भैंसी, वाखा, भेडा, कुखुरा | गोरखा दरवार, गोर्खा संग्रहालय |
| ६ | मुस्ताङः घरपझोङ गाउँपालिका | आलु, फापर, उवा | स्याउ, खुर्पानी | पर्यटन, जुस उद्योग | आलु, साग, सिमी | च्याङ्ग्रा, चौरी गाई | स्याङ्ग गुम्बा, ठिनी गुम्बा |
| ७ | म्याग्दीः मालिका गाउँपालिका | मकै, धान | सुन्तला | | बन्दा, काउली, सिमी, भांगो | भैंसी, बंगुर, वाखा | मालिका मन्दिरकोट |
| ८ | बाग्लुङः बाग्लुङ नगरपालिका | मकै, धान, कोदो | सुन्तला | क्रसर | गोलभेडा, सिमी, साग, आलु, काउली | भैंसी, बंगुर | पंचकोट , कालिका मन्दिर, झोलुङ्गे पुलहरू |
| ९ | पर्वतः कुश्मा नगरपालिका | मकै, धान | सुन्तला, लप्सी | क्रसर, कृषि मुलक | | गाई, भैंसी, कुखुरा, बंगुर | गुप्तेश्वर महादेव मन्दिर, बन्जी, मोदिबेनी, झोलुङ्गे पुलहरू |
| १० | कास्कीः पोखरा महानगरपालिका | धान, मकै | केरा | चाउचाउ, बिस्कुट, Textile, पर्यटन | बन्दा, काउली, आलु, सिमी | गाई, भैंसी | फेवाताल, विन्ध्यवासिनी मन्दिर, सराङ्कोट, पुम्दिकोट, बेगनासताल |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

यसरी विकासको बहुआयामिकताको बहसको सुरुवातका बाबजुद प्रक्रियाको बारेमा केही निश्चित समस्याहरू अझै पनि यथावत रहेका छन्। सामान्यतया, महत्त्वको उजागर वा उत्प्रेरणा गर्ने काम तीन चरणमा हुन्छ। पहिलो, यसलाई नेतृत्व गर्ने पात्रहरूको पहिचान गर्ने र उनीहरूले नेतृत्व गर्ने वातावरण निर्माण गर्ने। स्थानीय आर्थिक विकासको मोडेलले सार्वजनिक निजी सहकार्यमा त्यस्तो नेतृत्व विकासको परिकल्पना गर्दछ। नेपालको हकमा संघको सरकारको नीति र अध्ययनमा छनौट भएका स्थानीय तहहरूमा पनि स्थानीय तह (प्रमुख) केन्द्रित नेतृत्वलाई प्राथमिकता दिएको पाइएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि २०७९ ले निम्नानुसारको स्थानीय आर्थिक विकास संवाद समितिको परिकल्पना गरेको छ।

संयोजक : स्थानीय तहको प्रमुख वा अध्यक्ष
सदस्य : स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष
सदस्य : स्थानीय तहको आर्थिक विकास समितिको संयोजक
सदस्य : घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष
सदस्य : उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संघ संस्थाहरूको गाउँ वा नगर तहको अध्यक्ष
सदस्य : स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीहरू मध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि
सदस्य : स्थानीय तहमा रहेका बैंकहरू मध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि
सदस्य : स्थानीय तहमा सबैभन्दा बढी रोजगारी प्रदान गर्ने उद्यमी १ जना प्रतिनिधि
सदस्य-सचिवः प्रमखु प्रशासकीय अधिकृत

यो अध्ययनको सिलसिलमा स्थानीय तहका जनप्रतिनिधि वा कर्मचारीहरूले हाल प्राथमिकता दिएका क्षेत्रलाई विकसित गर्न नेतृत्व गर्ने कोही व्यक्ति वा संस्थालाई स्थानीय तहभन्दा बाहिरबाट खोजेको पाइएन। अध्ययन गरिएका स्थानीय तहमा विगत केही वर्षमा उत्पादन वृद्धि भएका क्षेत्रमा कृषि उत्पादन, फलफूल उत्पादन, पर्यटन आदि रहेका छन्। तर त्यस्ता क्षेत्रबाट समग्र उत्पादन र त्यसको प्रतिस्पर्धी क्षमता अभिवृद्धिमा निजी क्षेत्रले नेतृत्व गर्ने बहस सुरुवातसम्म पनि हुन् सकेको छैन। जस्तै, घरपझोङ गाउँपालिकामा स्याउ, स्याङ्जाको फेदीखोलामा दुग्धजन्य उत्पादन, कास्कीको मादीमा पर्यटन आदिमा नेतृत्व लिने व्यक्ति वा संस्थाको विकास अझै पनि सम्बन्धित स्थानीय तहको प्राथमिकताको विषय बनेको छैन। माथि उल्लिखित र अध्ययनमा समेटिएका सबै स्थानीय तहहरूले यस्ता विषय आफैंले नेतृत्व गरिरहेको र गर्ने विषयलाई नै प्राथमिकता दिने गरेका छन्।

औपचारिक संवाद उत्प्रेरणा एवम् आमसहमति निर्माणको दोस्रो चरण रहेको छ। यो चरणमा स्थानीय तह र सरोकारवालाहरूबीच सघन छलफल र परामर्श हुन्छ। यसको लागि त्यस क्षेत्रका प्रतिनिधिहरूको योजनाबद्ध भेला वा सेमिनार सञ्चालन गरिन्छ। खास गर्न खोजिएको के हो र कसरी गरिदै छ भन्ने बारेमा सरोकारवाला सबैलाई जानकारी गराउने र उनीहरूको प्रतिक्रिया लिने यो चरणको प्रमुख उद्देश्य हो। यस्ता छलफल र संवादमा हालको सामाजिक, आर्थिक, जनसंख्या, प्राकृतिक श्रोत आदिको अवस्थालाई विश्लेषण गर्दा यस्तो योजना वा कार्यक्रम गर्दा उपयुक्त हुने देखियो, त्यसमा तपाईंहरूको राय के छ भनेर सोध्ने काम भयो। साथै, यसको कानूनी, संस्थागत (क्षमता), पूँजीगत अवस्था, चुनौती र अवसरहरूको बारेमा पनि धारणा राख्ने र राय लिने काम सम्पन्न गरिएको थियो।

यो चरणलाई अध्ययनमा संलग्न स्थानीय तहहरूले प्राथमिकता दिएको देखिदैन। आवधिक योजना वा ठूला योजना वा प्रतिवेदन निर्माण गर्दा बीच-बीचमा सरोकारवालाहरूको राय सङ्कलन गर्ने गरे पनि तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने र त्यसलाई सरोकारवालाहरूसँग छलफल

र परामर्शमा अन्तिम रूप दिने पद्धतिको विकासमा स्थानीय तहहरूले थप प्रयत्न गर्नु पर्ने देखिन्छ। यसका तीन प्रमुख कारणहरू पहिचान भएका छन्। पहिलो, समष्टिगत तथ्याङ्कको अभाव र उपलब्ध तथ्याङ्कहरूको सरलीकृत प्रस्तुतिको खाँचो। माथि उल्लेख गरेझैं, स्थानीय तहहरूले कुनै योजना निर्माण गर्दा सङ्कलन वा निर्माण गर्ने गरेका तथ्याङ्कहरूमा अर्थ सामाजिक पक्षहरू अझै पनि कमजोर नै छन्। सबै सरोकारवालाहरूले आर्थिक र प्रविधि सम्बन्धी तथ्याङ्कहरूलाई हेरेर आफ्नो भूमिका र आफूले प्राप्त गर्न सक्ने फाइदालाई पहिचान वा विश्लेषण गर्न सक्दैनन्। त्यस्तो अवस्थामा उपलब्ध तथ्याङ्कहरूलाई सरलीकृत गरी प्रस्तुत गर्ने अभ्यास आवश्यक हुन्छ।

दोस्रो, संवाद वा राय सङ्कलनको अभ्यास रहेको छ। यो अध्ययनको क्रममा सम्पन्न दुई अन्तरवार्ताका संवादले हालको अवस्थालाई प्रष्ट रूपमा देखाउँछन्।

### *उदाहरण १*

एउटा स्थानीय तहका प्रमुखले आफू निर्वाचित भए पश्चात् आफ्नो स्थानीय तह भित्र सामूहिक कृषि गर्नेहरूको संख्यामा व्यापक वृद्धि भएको दावी गरे। अनुसन्धान टोलीले सोध्यो :

*के तपाइँले त्यस्ता सामूहिक कृषि गर्नेहरू सबैलाई पालिकामा बोलाएर एउटा छुट्टै कार्यक्रम गरेर संवाद गर्नु भएको छ ?* उनको उत्तर थियो :

> "मेरो कुरा हुन्छ। म फिल्डमा जाँदा भेट हुन्छ। कहिले काहीं उहाँहरू पनि पालिकामा आउनु हुन्छ। कृषि सम्बन्धी कार्यक्रमहरूमा भेट हुन्छ।"

### *उदाहरण २*

आफ्नो स्थानीय तहभित्र एक निश्चित फलफूल उत्पादनमा वृद्धि भएको एक स्थानीय तहको प्रमुखलाई अनुसन्धान टोलीले सोधेको थियो :

*यसरी धेरै उत्पादन वृद्धि भए पश्चात् यससँग सम्बन्धी छुट्टै बैठक, भेला आदि पनि धेरै हुन्छ होला नि ?* उनको उत्तर थियो :

> "खासै हुँदैन। स्थानीय तहमा जो आयो उसैसँग धेरै संवाद हुन्छ। हामीले अहिलेसम्म उत्पादन सम्बन्धी संवादलाई औपचारिक गर्न नै सकेका छैनौं। हाम्रो क्षेत्रमा अझै पनि उत्पादन गर्न सकिने धेरै खाली जमिन छ। तर त्यसलाई उत्पादनसँग कसरी जोड्ने भन्ने बारेमा एउटा सम्मेलन गर्न मन लागेको भए पनि हामीले गर्न सकिरहेका छैनौं।"

माथिका संवाद प्रतिनिधि उदाहरणहरू मात्रै हुन्। सरोकारवालाहरूसँगको बैचारिक मन्थनबाट नवीनतम विचारहरू आउँछन् भन्नेमा हाम्रो समाजमा अझैं पनि पूर्ण विश्वास छैन र प्राज्ञिक भाषामा त्यसलाई सामाजिक पूँजीको अभावको रूपमा चित्रित गर्न सकिन्छ।

तेस्रो, शाखागत समन्वयको अभाव रहेको छ। एकातर्फ, उत्पादन वा सेवा क्षेत्रको विकाससँग

सम्बन्धित काम गर्ने शाखाहरू फरक रहेका छन्। पहिला कृषि शाखा छुट्टै रहेको र पर्यटन वा उद्योगसँग सम्बन्धित शाखाहरू फरक फरक थिए। अहिले, त्यसमा केही सुधार भएको छ। हाल स्थानीय तहहरूले विकाससँग सम्बन्धित शाखाहरू आर्थिक विकास तथा सामाजिक विकास शाखामा वर्गीकृत गरेका छन्। जस्तै; गोरखा नगरपालिकाले आफ्ना शाखाहरूलाई निम्नानुसार वर्गीकृत गरेको छः प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार व्यवस्थापन एवम् वातावरण शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, कानून शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा र आन्तरिक शाखा। आर्थिक विकास शाखा अन्तर्गत पर्यटन, घरेलु तथा साना उद्योग, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र तथा अन्य रहेका छन्। यस्तो प्रचलनले एकीकृत नीति निर्माणमा धेरै नै सहयोग पुऱ्याउँछ।

नीतिहरू निर्माण गर्दा पनि यस्ता वर्गीकरणहरू प्रचलनमा आउन थालेका छन्। जस्तै, गैंडाकोट नगरपालिकाले आफ्नो विकासलाई निम्नानुसार ५ क्षेत्रमा वर्गीकरण गरी योजना निर्माण गर्ने गरेको छ : आर्थिक विकास (पर्यटन, उद्योग/व्यवसाय/सहकारी, कृषि, पशु सेवा), सामाजिक विकास (शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा विवरण, न्यायिक समिति, महिला बालबालिका), पूर्वाधार विकास, सुशासन संस्थागत विकास र वन, वातावरण तथा विपद् व्यवस्थापन।

तेस्रो चरणमा कुन पात्रको हकमा के कस्ता क्षमता अभिवृद्धि आवश्यक छ भन्ने पहिचान गर्ने र त्यसका आधारमा कार्यक्रम निर्माण गरी सञ्चालन गरिन्छ। के गऱ्यो भने सबैको सहभागिता र अपनत्वमा यो कार्यक्रमलाई सफल बनाउन सकिन्छ बन्ने निर्धारण गरि तदनुसारको कार्यक्रम सञ्चालन गरिन्छ। यस विषयमा अध्ययन गरिएका स्थानीय तहहरू अत्यन्तै कमजोर देखिएका छन्। हाल स्थानीय तहहरूको ध्यान स्थानीय तहको समग्र उत्पादन वा सेवाग्राही (पर्यटक) को संख्या बढाउनेमा छ। त्यसैले, उनीहरूका भिजन वा कार्यक्रम त्यस क्षेत्रमा प्रत्यक्ष रूपमा संलग्न पात्रहरू जस्तै, कृषक, होटल व्यवसायी वा सहकारीमा मात्रै केन्द्रित छ। त्यसको सफलताको लागि क्षमता अभिवृद्धि गर्नु पर्ने सो क्षेत्रको सञ्जाल भित्र पर्ने सम्पूर्ण पात्रहरूको पहिचान पनि हुन् सकेको छैन।

उत्प्रेरणाको विषयमा दुई विशेष चुनौतीहरू पनि पहिचान भएका छन्। पहिलो, क्षमता अभिवृद्धि वा तालिम जस्ता विषयमा स्थानीय जनप्रतिनिधिहरूको अविश्वास वा नैराश्यता बढ्दो रहेको छ।

एक गाउँपालिकाका अध्यक्षको भनाइ यस्तो रहेको थियोः

> *"म आए पछि तालिम, गोष्ठी जस्ता विषयमा कडा गरेको छु। यो सब समय र शक्तिको दुरूपयोग हो। त्यहाँ कोही सिक्न आउने होइनन्। यो केवल खर्च मात्रै हो।"*


क्षमता विकास वा तालिमको बारेमा स्थानीय जनप्रतिनिधि र कर्मचारीहरूको धारणा धेरै फरक रहेका छन्। कर्मचारीहरू आफ्नो र स्थानीय तहका अन्य व्यक्तिहरूको क्षमताको बारेमा सकारात्मक मात्रै छैनन्; त्यसको महत्त्वको बारेमा पनि प्रष्ट छन्। माथि उल्लिखित गाउँपालिकाकै प्रशासकीय अधिकृतको धारणा यस प्रकार रहेको थियो।

*"सुरुसुरुमा त अहिलेका जनप्रतिनिधिज्यूहरूसँग काम गर्न धेरै गारो भयो। कुरा बुझाउनै धेरै कठिन भयो। उहाँहरूले बाहिर गएर २-४ पटक तालिम लिएर आए पश्चात् अहिले धेरै सहज हुँदैं गएको छ। यस्ता तालिम हामी सबैलाई नियमित रूपमा धेरै खाँचो छ।"*

तालिम सँगसँगै अर्को एउटा जटिल समस्या भनेको अहिले स्थानीय तहहरूले सञ्चालन गरिरहेका विविध उत्पादनसँग सम्बन्धित कार्यक्रमहरूले कसलाई उत्प्रेरित गर्न खोजेका हुन् भन्ने अझै पनि अस्पष्ट छ। उनीहरूले सोही पेसामा रहेका कृषक वा व्यवसायीको क्षमता अभिवृद्धि मार्फत उत्पादनलाई वृद्धि गर्न खोजेको हो कि नितान्त नयाँ जनशक्ति उत्पादनमार्फत उत्पादन वृद्धि र आर्थिक विकास हाँसिल गर्न खोजेका हुन् भन्नेमा अस्पष्ट छन्। उनीहरूले व्यक्त गरेका विचारहरूले पनि त्यसलाई प्रमाणित गर्दछ। अझै पनि ६७ प्रतिशत स्थानीय तहहरूले गाउँ छोडेका युवाहरूलाई गाउँ फर्काउने बारेमा कुनै पनि सोच, नीति वा कार्यक्रम निर्माण गर्न नसकेको बताएका छन्। यस्ता अस्पष्टताहरूका कारण स्थानीय तहले प्रदान गर्ने अनुदान वा सेवामा स्थानीय आर्थिक विकासका सिद्धान्तले परिकल्पना गरेको सीमान्तकृत समुदाय र वर्गको सहभागिताको सुनिश्चिततामाथि नै प्रश्न उठ्ने अवस्था सिर्जना भएको छ।

## (ग) स्थानीय सञ्जाल निर्माण र प्रवर्द्धन

स्थानीय सञ्जाल निर्माण वा प्रवर्द्धनमा हाल पर्याप्त ध्यान नपुगेको र यो चरण नै गण्डकी प्रदेशमा स्थानीय आर्थिक विकास लागु गर्न सबै भन्दा चुनौतीपूर्ण चरण रहेको यो अध्ययनको निष्कर्ष रहेको छ। यो चरणमा स्थानीय तह, व्यवसायी, सरोकारवाला संस्थाहरू, सहयोगी संस्था र स्थानीय जनताले नियमित रूपमा संवाद र सहकार्य गर्ने मोडालिटी निर्माण हुन्छ। स्थानीय क्षेत्रको विकासको लागि के गर्दा उपयुक्त हुन्छ भन्ने बारेमा नियमित छलफल र विचारको आदान प्रदान गर्ने, स्थानीय स्रोत र साधनहरूको अधिकतम प्रयोगको बारेमा उपायहरू निकाल्ने, उक्त भूगोलभित्र रहेका सरकारी र गैर सरकारी संस्था र कार्यालयहरूको सहकार्यको मोडेल निर्माण गर्ने र योजनाहरूको अनुगमन गर्ने विधि निर्धारण गर्ने काम गरिन्छ। यस्ता कामहरू सामान्यतया छ चरणमा गर्ने गरिन्छ ।




पहिलो, सञ्जालहरूको आवश्यकता सर्वेक्षण। यसमा सरोकारवालाहरूको परिकल्पनाको साझा सञ्जालको मोडालिटी के छ ? साझा सञ्जाल वा फोरम निर्माण हुन् नसक्नुका कारणहरूलाई कसरी पहिचान गरिरहेका छन् भन्ने विषयको सर्वेक्षण अत्यावश्यक हुन्छ। यस्तो सर्वेक्षण गर्दा स्थानीय संघ संस्था मात्रै होइन प्रदेश सरकार, सङ्घीय सरकार, त्यस क्षेत्रमा काम गर्ने राष्ट्रिय एवम् अन्तराष्ट्रिय संघ संस्थाहरूसँग पनि सरसल्लाह गर्नु आवश्यक हुन्छ।

दोस्रो चरणमा नेतृत्व छनौट गरिन्छ। सबल र सक्षम पात्रहरूलाई सहमतिमा आधारित भई छनौट गर्न सकियो भने स्थानीय आर्थिक विकासलाई सफल बनाउन मद्दत पुग्दछ। अध्ययनहरूका अनुसार स्थानीय आर्थिक विकासको मोडेल सफल हुन आफ्नो पद वा प्रतिष्ठामा रमाउने भन्दा पनि समन्वयकारी नेतृत्व आवश्यक हुन्छ। साथै, त्यस्तो नेतृत्वसँग बहुक्षेत्रीय ज्ञान हुनु पनि आवश्यक हुन्छ (Horlings, Collinge & Gibney, 2017)।

सहमतिमा नेतृत्व पहिचान र छनौट पश्चात् समावेशी पात्रहरू पहिचान गर्नु आवश्यक हुन्छ। साझा नेतृत्व छनौट पश्चात् समावेशी सदस्य छनौट गर्ने चरण सुरु हुन्छ। यहाँ सरोकारवालाहरू सबैको सुनिश्चिततामा विशेष ध्यान दिनु पर्दछ। स्थानीय तह र सरोकारवाला सबै शाखा, उपशाखा, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विकाससँग सम्बन्धी सरोकारवालाहरू, स्थानीय सरकारी एवम् गैर सरकारी संघसंस्था, स्थानीय व्यवसायी एवम् तिनीहरूका प्रतिनिधिहरू, गाउँ, टोलका जेष्ठ नागरिकहरू, सीमान्तकृत समुदायका प्रतिनिधिहरू आदिको सहभागिता सुनिश्चित गरिन्छ। त्यस पश्चात् क्रमिक रूपमा यस्तो सञ्जाल सञ्चालन योजना निर्माण र सञ्चालनको बजेटको व्यवस्था गरिन्छ। यसरी सञ्जाल, त्यसको सञ्चालनको विधि र बजेट निर्माण पश्चात् संवाद सुरु गरिन्छ। यस्ता संवादहरूलाई एकै पटकमा धेरै विषयमा गर्नु भन्दा विषयगत छलफल गर्दै निष्कर्ष निकाल्दै अर्को चरणमा लैजानु उपयुक्त हुन्छ।

अध्ययनले छनौट गरिएका स्थानीय तहहरूमा यस्ता सञ्जाल वा फोरम निर्माण गर्नु पूर्व केही महत्पूर्ण क्षेत्रमा विश्लेषण र मेहेनत गर्नु पर्ने विषयमा समस्या पहिचान गरेको छ। पहिलो, प्राय सबै स्थानीय तहरूसँग प्राथमिकता क्षेत्रका सरोकारवालाहरूको प्रष्ट सूची, उनीहरूसँग समन्वय एवम् संवाद नीति र तालिका, सहकार्यको दिशा र क्षेत्र निर्धारण नभएको पाइयो। स्थानीय तहहरू यसको पूर्व तयारीको अवस्थासम्म पनि नपुगेको पाइएको छ। फिल्ड सर्वेक्षणको सिलसिलामा सम्पन्न भएको सामूहिक छलफलमा पनि यस्ता सूचीहरूको आवश्यकताको बारेमा विस्तृत छलफल गर्न पनि तयार नरहेको पाइएको छ। संवादको क्रममा आफूसँग सूची भएको दावी धेरै पालिकाले गरेता पनि त्यसको बारेमा विस्तृत छलफल गर्न हिचकिचाहट देखाए।

दोस्रो, प्राय सबै स्थानीय तहले सरोकारवालालाई वर्गीकरण गर्ने र तिनीहरू सँग समन्वय, सहकार्य गर्ने भन्दा पनि स्वार्थ समूह मध्ये जो धेरै आउँछ उसकै माग वा विचारलाई केन्द्रबिन्दुमा राखेर छलफल र सहकार्य गरेको पाइयो। होटेल वा स्याउ खेती कृषक धेरै रहेको घरपझोङ वा सामूहिक कृषिलाई प्रवर्द्धन गरिरहेको फेदीखोलाको हकमा पनि यो समस्या पूर्णरूपमा समाधान भएको पाइएन।

तेस्रो, प्राथमिकता क्षेत्रको बारेमा विशेष कार्यक्रम लागु भएको भए पनि त्यस सम्बन्धी जनशक्ति व्यवस्थापनको अल्प, मध्यम र दीर्घकालीन योजनाको टड्कारो खाँचो पाइएको छ। यदि हाल सम्बन्धित क्षेत्रमा कार्यरत जनशक्ति धेरै भएको क्षेत्रलाई प्राथमिता दिन खोजेको भए सो क्षेत्रका जनशक्तिको क्षमता अभिवृद्धि गर्ने र यदि नयाँ क्षेत्रमा काम गर्ने हो भने व्यवसायिक जनशक्ति निर्माण कसरी गर्ने भन्ने बारेमा प्रष्ट धारणा र नीति अभाव देखिन्छ। जुन क्षेत्रमा व्यवसायिक जनशक्ति अभाव हुन्छ त्यस क्षेत्रमा जनताको सहभागितामा विशेष नीति निर्माण हुन र कार्यान्वयन गर्न गाह्रो हुन्छ।

अध्ययन गरिएका स्थानीय तहका प्रतिनिधिहरूले वडा सदस्यहरूको त्यस्तो नेतृत्वकारी भूमिकालाई अपेक्षा गरेको पाइयो।

### (घ) स्थानीय आर्थिक विकास रणनीति तयार

जब स्थानीय आर्थिक विकासको रणनीति निर्माण हुन्छ त्यो नै उक्त क्षेत्रको मूल नीति बन्दछ। सैद्धान्तिक रूपमा अहिलेको अवस्थामा स्थानीय तहहरूले निर्माण गरेका आवधिक योजना वा विशेष क्षेत्रका गुरुयोजनाहरूलाई त्यसको सुरुवाती चरण मान्न सकिन्छ। स्थानीय आर्थिक विकासको सिद्धान्तका अनुसार स्थानीय आर्थिक विकास योजना तीन चरणहरू पार गर्दै पूर्ण हुन्छ। पहिलो चरणमा निश्चित भूगोलमा बसोबास गर्ने धेरै भन्दा धेरै परिवारहरूको आय वृद्धि केन्द्रित योजना, दोस्रो चरणमा सामान्य योजनाबाट विशिष्ट योजना निर्माण र अन्तिममा दीर्घकालीन आर्थिक गतिविधि केन्द्रित योजना निर्माण रहेका छन्। अध्ययन गरिएका स्थानीय तहहरू धेरै कोणबाट माथि उल्लेखित चरणहरू मध्ये

प्रारम्भिक चरणमा नै रहेको पहिचान भएको छ। यसलाई अवसर र चुनौतीको रूपमा व्याख्या गर्न सकिन्छ।

| स्थानीय तह | आवधिक योजनाका उद्देश्यहरू |
|---|---|
| 'क' | १. पर्यटन क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गरी नगरको समृद्धि हाँसिल गर्नु,<br>२. कृषि, पशु, वन, वातावरण र पूर्वाधारको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु,<br>३. जलवायु परिवर्तनसँग अनुकुलित हुँदै विपद उत्थानशीलता भौतिक पूर्वाधार निर्माण गर्नु,<br>४. दिगो विकास लक्ष्यको स्थानीयकरण गरी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई सहयोग पुऱ्याउनु,<br>५. शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सामाजिक समावेशीकरण (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, युवा, लगायत समाजका विपन्न समुदायहरू) को संस्थागत विकास मार्फत सुशासन सहितको समतामूलक समाजको निर्माण गर्नु,<br>स्रोतः कुश्मा नगरपालिका, प्रथम आवधिक विकास योजना २०७८/७९ - २०८०/८१ |
| 'घ' | १. कृषि, पर्यटन, उद्योग लगायत आर्थिक क्षेत्रको विकास गरी नागरिकको जीवनस्तर सुधार गर्नु,<br>२. शिक्षा, स्वास्थ्यको विकास लगायत समावेशी नीति अवलम्बन गरी मानव विकास गर्नु,<br>३. पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्बर्दन साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरूको अवलम्बन गर्नु,<br>४. दिगो भौतिक पूर्वाधारको विकास गर्नु,<br>५. गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरू पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्याय पूर्ण र परिणाममुखी बनाउनु।<br>स्रोतः घरपझोङ गाउँपालिका, प्रथम आवधिक विकास योजना २०७८/७९ - २०८०/८१ |
| 'म' | १. गाउँपालिका क्षेत्रमा स्तरयुक्त भौतिक पूर्वाधारहरूको विकासको माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरूमा पहुँच सुनिश्चित गर्ने,<br>२. गाउँपालिकामा विद्यमान जल, जमिन, जङ्गल, जडिबुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै पर्यटन, ऊर्जा, कृषि तथा पशुपालन उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट जनताको रोजगारी, आय अभिवृद्धि र जनजीविकाका अवसरहरू प्रवर्दन गर्ने,<br>३. गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गर्दै असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास र सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवम् ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्वर्दन गर्दै मौलिकतामा आधारित मादी गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने, |

४. गाउँपालिकाको प्राकृतिक तथा सांस्कृतिक वातावरणीय धरोहरहरूको संरक्षण तथा सम्वर्द्धन गर्नुका साथै प्राकृतिक एवम् सामाजिक जोखिमहरूबाट उत्पन्न विपद्हरूको समुचित व्यवस्थापन गर्ने,
५. गाउँपालिकाको वित्तीय साधन श्रोतको अभिवृद्धिका उपायहरू पहिल्याउँदै, भौतिक, आर्थिक, सामाजिक र संस्थागत विकासका प्रयासलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउने,
६. गाउँपालिका कार्यालय र वडा केन्द्रहरूको संस्थागत क्षमता अभिवृद्धि गर्दै स्थानीय जनताले प्राप्त गर्ने सेवा तथा अवसरहरू सहज तथा प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गर्ने र संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, न्यायपूर्ण र परिणाममुखी बनाउने।

स्रोतः मादी गाउँपालिका, प्रथम आवधिक विकास योजना २०७५/७६ - २०७९/८०

## विशिष्टीकृत योजना बन्नु पर्नेमा सामान्यकृत योजनाहरूको चाङ


माथि तीनवटा फरक भूगोलमा रहेका स्थानीय तहहरू (१ नगरपालिका, २ गाउँपालिका)ले आफ्नो आवधिक योजनामा तय गरेका उद्देश्यहरूलाई प्रस्तुत गरिएको छ। के तिनीहरूमा तात्विक भिन्नताहरू छन्? के एक अर्काका उद्देश्यहरूलाई फेर्दा कुनै फरक पर्ने अवस्था छ ? छ भन्ने भन्दा छैन भन्ने उत्तरहरू आउने सम्भावना धेरै छ। यो अवस्था र त्यसका कारणहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?


तत्कालको लागि स्थानीय तहहरूको आर्थिक विकासको योजनाहरू विशिष्टीकरण भन्दा पनि सामान्यीकरण उन्मुख छन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ र यो अध्ययन सम्पन्न क्षेत्रमा भविष्यमा स्थानीय आर्थिक विकासको सिद्धान्त लागु गर्नको लागि सबै भन्दा ठूलो चुनौती रहेको छ। केही उदाहरणहरू हेरौं। अमेरिकाको हवाईको अर्थतन्त्रको मेरुदण्ड पर्यटन हो। भारतको बेङ्गलोरको अर्थतन्त्रको मेरुदण्ड प्रविधि हो। त्यस्ता धेरै उदाहरण छन्। तर हाम्रो स्थानीय तहहरूले आफ्नो अर्थतन्त्रको प्रमुख आधारलाई छनौट गर्ने र त्यसमा आधारित योजना, नीति र कार्यक्रम निर्माणमा अझैं पूर्ण सफलता पाइसकेका छैनन्।

यसका कारणहरूलाई विविध कोणबाट विश्लेषण गर्न सकिन्छ। पहिलो र प्रमुख भनेको तथ्याङ्कको अभाव नै हो। माथि चर्चा गरिएझैं अहिले स्थानीय तहहरूसँग वर्णनात्मक तथ्याङ्कहरू धेरै भए पनि त्यसलाई विश्लेषण गर्न अझै थप तथ्याङ्क सङ्कलन र निर्माण आवश्यक छ। साथै, तथ्याङ्कहरूलाई स्थानीय आर्थिक विकास योजना निर्माणमा प्रयोग गर्न तथ्याङ्कहरूको सूचांकहरूलाई पनि थप परिष्कृत गर्नु आवश्यक छ। दोस्रो र यो अध्ययनको एउटा महत्पूर्ण निष्कर्ष भनेको स्थनीय तहका प्रमुखहरूले आफ्नो स्थानीय तहलाई आवश्यक नीति निर्माण गर्दा तथ्याङ्क, संवाद र छलफल भन्दा पनि अन्य स्थानीय तहका सफल उदाहरणहरूलाई धेरै प्राथमिकता दिने गरेको पाइएको छ। अध्ययनको क्रममा स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षहरूलाई कुनै नयाँ नीति बनाउनु

पर्‍यो भने कसरी सुरु गर्नु हुन्छ ? भन्ने प्रश्न गरिएको थियो। सबैभन्दा धेरैको उत्तर थियो "हामी अन्य स्थानीय तहमा पनि के भइरहेको छ ? हेर्छौं।"

तपाईलाई योजना निर्माण गर्दा निम्नलिखित विषयले कत्तिको चिन्तित बनाउँछ ?




स्रोतः फिल्ड सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

स्थानीय तहहरूले पनि तथ्याङ्कको अभावलाई मनन गरेको अवस्था छ। बहुसंख्यक स्थानीय तहका प्रतिनिधिहरूले नयाँ नीति तथा कार्यक्रम निर्माण गर्दा आफूलाई चिन्तित बनाउने गरेको धारणा व्यक्त गरेका छन्। सँगसँगै उनीहरूले समग्र योजना निर्माण क्षमताको बारेमा पनि धेरै चिन्ता व्यक्त गरेका छन्। खासगरी जनप्रतिनिधिहरू यसमा धेरै नै चिन्तित रहेको पाइएको छ। आफूले राम्रो योजना निर्माण गर्न खोजे पनि आफू मातहतकाहरूको क्षमता अभावका कारण निर्माण गर्न नसकेको धारणाहरू धेरै व्यक्त गरेका छन्। जति धेरै नै छलफल र संवाद गरे पनि अन्त्यमा अर्को स्थानीय तहसँग मिल्दोजुल्दो हुनुको प्रमुख कारण यही रहेको उनीहरूको धारणा थियो।

तेस्रो र महत्वपूर्ण पक्ष भनेको राज्यले पनि नीति नवीनता वा विविधीकरणभन्दा पनि कृषि र पर्यटनमा केन्द्रित गर्ने नीति लिएको छ। जस्तै, वि.सं. २०७९ मा नेपाल सरकारले जारी गरेको स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधिको मूल्याङ्कनका सूचकहरू अध्ययन गर्ने हो भने समग्रमा कृषि र पर्यटनमा मात्रै केन्द्रित छन्। जस्तै, आर्थिक सशक्तीकरणमा व्यवसायिक कृषि फार्म, व्यवसायिक पशुपंक्षीपालन वा मत्स्यपालन, पर्यटन विस्तार, एक घर एक रोजगार कार्यक्रम, प्राङ्गारिक खेती, स्थानीय उत्पादन प्रदर्शनी मेला र उद्यमशीलता विकास र औद्योगिक प्रवर्द्धनमा "एक स्थानीय तह एक उत्पादन" कार्यक्रम सञ्चालन, कृषिजन्य क्रियाकलाप, रोजगारीमूलक वा उत्पादन


मुलक सहकारी संस्था, परम्परागत हस्तकला उद्योग प्रवर्द्धन, स्थानीय तहभित्र कृषिजन्य उत्पादनको सङ्कलन र प्रशोधन, कृषि उत्पादन पकेट क्षेत्र, स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर), कृषि आधुनिकीकरण र व्यवसायिकताको लागि प्रविधि, उपकरणको उपयोग तथा लगानीलाई विशेष ग्राह्यता दिइएको छ।

स्थानीय आर्थिक विकासको सिद्धान्तले मूलतः माटो सुहाउँदो आर्थिक विकासको योजना तर्जुमा र त्यसको कार्यान्वयनलाई जोड दिए पनि विविध कारणले स्थानीय तहहरूले अहिले केही निश्चित क्षेत्र र कार्यक्रमहरूलाई जोड दिने क्रममा रहेका छन्। यो अध्ययन सम्पन्न क्षेत्रमा स्थानीय आर्थिक विकासका सिद्धान्त कार्यान्वयनको एक प्रमुख चुनौती रहेको छ।

स्थानीय आर्थिक विकासका योजना एवम् कार्यक्रमहरू हालका आवधिक योजनाहरूमा आधारित भई थप (क) सहभागितामूलक, (ख) परिष्कृत, (ग) निश्चित भूगोल र क्षेत्रमा आधारित, र (घ) निश्चित उत्पादन वा सेवामा आधारित छन्, तर त्यसको बारेमा बहुआयमिक विश्लेषण गरिएको योजना, नीति वा कार्यक्रमको रूपमा विकसित गर्नु आवश्यक छ। झट्ट हेर्दा निर्माण सम्पन्न भएका वा निर्माणाधीन योजनाहरू स्थानीय आर्थिक विकासको मोडेलसँग धेरै नजिक देखिन्छन्। तर, तिनीहरू रोजगारी, गुणस्तरीय जीवन र पात्रको क्षमता मूल्याङ्कन र सशक्तीकरण योजनामा कमजोर छन्। साथै, माथि धेरै पटक चर्चा गरिएझैं, जब कुनै स्थानीय आर्थिक विकास रणनीति, योजना वा कार्यक्रम तय हुन्छ सोही क्षेत्रलाई रणनीतिक, निर्णायक र स्थानीय अर्थतन्त्रमा आमूल परिवर्तन ल्याउने कोशेढुङ्गाको क्षेत्रको रूपमा लिइन्छ। के अहिलेका योजनाहरू त्यसरी निर्माण भएका छन् त ? भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्दछ र यसको उत्तर नै प्रदेशभित्र स्थानीय आर्थिक विकास सिद्धान्त लागु हुनुको प्रस्थान बिन्दु हुने छ।

## आन्तरिक मूल्याङ्कन र PDCA मोडेलको कार्यान्वयन

स्थानीय आर्थिक विकास मात्रै होइन, हरेक योजना र कार्यक्रमहरू सञ्चालन गर्दा आन्तरिक मूल्याङ्कन गर्ने र त्यसको प्रतिवेदन लेखन गर्ने कामलाई थप व्यवस्थित गर्नु पर्ने देखिन्छ। यो अध्ययनको क्रममा धेरै प्राथमिकताका साथ संवाद गरिएको विषय मध्ये एउटा थियो कार्यसम्पादन मूल्याङ्कन। हरेक कार्यक्रमहरू तय गरिएको विधिअनुसार मूल्याङ्कन गर्ने गरिएता पनि त्यसको सुधारको बारेमा छुट्टै प्रतिवेदन वा समीक्षाको व्यवस्था भने अत्यन्तै कमजोर देखिएको छ। तसर्थ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा बहुप्रचलित PDCA मोडेललाई हरेक प्रमुख कार्यक्रममा लागु गर्यो भने यसले स्थानीय आर्थिक विकासको योजना निर्माण र मूल्याङ्कन विधि निर्माणमा पनि सहयोग पुर्‍याउँछ।




स्थानीय आर्थिक विकास र अन्य विकास रणनीतिहरू सुत्रबद्ध हुनु आवश्यक छ। माथि तय गरिएको आदर्शले तलका कार्यक्रमहरूसँग सम्बन्ध राख्नु पर्दछ। जस्तै, तलको नमुनामा १ रणनीति, उक्त रणनीति अन्तर्गत २ विकास उद्देश्य र सो अन्तर्गत ४ विकास कार्यक्रम वा गतिविधिहरू राख्न सुझाव दिइएको छ। यदि यही फारामअनुसार गर्ने हो भने कुल १० रणनीति बराबर २० विकास उद्देश्य र २० विकास उद्देश्य वरावर ४० कार्यक्रम वा गतिविधिहरू तय हुनेछन्। तिनीहरू सबैलाई समेट्ने आदर्श, दूरदृष्टि, नारा र प्राथमिकता निर्धारण गर्नुपर्ने हुन्छ। यसरी रणनीति तय गर्दा कार्यक्रमको सन्तुलनलाई मापन गर्न सहज हुनेछ।

## स्थानीय आर्थिक विकास रणनीति नमुना फाराम




### विस्तृत रणनीति

| क्र.स. | विकास उद्देश्य | क्र.स. | विकास कार्यक्रम |
|---|---|---|---|
| | 1 | रणनीति १ | |
| १-१ | | १-१-१ | |
| | | १-१-२ | |
| १-२ | | १-२-१ | |
| | | १-२-२ | |
| | 2 | रणनीति २ | |
| २-१ | | २-१-१ | |
| | | २-१-२ | |
| २-२ | | २-२-१ | |
| | | २-२-२ | |
| | 3 | रणनीति ३ | |
| ३-१ | | ३-१-१- | |
| | | ३-२-१ | |
| ३-२ | | ३-२-१ | |
| | | ३-२-२ | |

### (ङ) रणनीति लागु गर्ने संरचना तयार वा सहकार्य

यो विषय अहिले स्थानीय तहहरूले तय गरेका रणनीतिहरू वा कार्यक्रमहरूको प्रभावकारितामा हालको संरचनाको कस्तो भूमिका छ भन्ने बहसबाट सुरुवात गर्दा उपयुक्त हुन्छ। अहिले स्थानीय तहहरूले जति नै प्राथमिकता दिएको कार्यक्रम भए पनि एउटा शाखा वा उपशाखाको एकल नेतृत्वमा कार्यान्वयन हुने गरेको छ। स्थानीय तहहरूले अझै पनि विशेष कार्यक्रमहरूको लागि छुट्टै कार्यान्वयन संयन्त्र विकास र विधि बताउन सकेका छैनन्। सँगसँगै स्थानीय आर्थिक विकासको सिद्धान्तले

परिकल्पना गरेझैं विविध क्षेत्रमा पात्रहरूलाई एकै सञ्जाल वा फोरममा राखेर योजना वा कार्यक्रम सञ्चालन गर्ने विधि पनि अझै कमजोर नै रहेको छ। जसरी राष्ट्रिय रूपमा राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालनको लागि छुट्टै कानूनको बेलाबखतमा आवाज उठ्छ, त्यसरी नै स्थानीय आर्थिक विकासका योजना वा कार्यक्रम सञ्चालनको लागि पनि छुट्टै संरचना आवश्यक हुन्छ।

**पकेट, ब्लक, जोन र सुपर जोनलाई स्थानीय आर्थिक विकाससँग कसरी जोड्ने ?**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालनमा रहेका यस्ता कार्यक्रमहरूले स्थानीय उत्पादनमा टेवा पुऱ्याएका छन्। तर स्थानीय आर्थिक विकासको दृष्टिकोणबाट हेर्ने हो भने यो मोडेल लागु गर्न पकेट, ब्लक, जोन र सुपरजोनको कार्यान्वयन मोडेलमा एक पटक गहन रूपमा अध्ययन, विश्लेषण, चिन्तन गर्नु पर्ने देखिन्छ। जहाँ-जहाँ यस्ता परियोजनाहरू लागु भएका छन्, त्यहाँ त्यहाँ यस्ता परियोजना सञ्चालन गर्ने सङ्घीय सरकार र स्थानीय तह बीच सहकार्य भन्दा पनि द्वन्द्व धेरै देखियो।

कुनै क्षेत्रलाई पकेट, ब्लक वा जोन घोषणा गर्नु भनेको त्यसको सम्भाव्यता प्रचूर छ भन्ने आधारमा नै हो। त्यस्ता क्षेत्रहरूको बारेमा स्थानीय तहहरू संघको सरकारले गरिरहेको छ भनेर मौन बस्न सक्दैनन्। स्थानीय तहहरू पनि त्यसै क्षेत्रमा केन्द्रित हुन बाध्य हुन्छन् र त्यसले कार्यक्रम दोहोरिने, जुध्ने र अनुदानको अनुपातमा आउने भिन्नताले धेरै समस्याहरू सिर्जना गरिरहेका छन्। यसमा प्रदेश सरकारले पनि उस्तै प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्दा समस्या झन्-झन् जटिल बन्दै गएका छन्। यस्ता कार्यक्रम सञ्चालन हुने सबै स्थानीय तहहरूले एकै स्वरमा गुनासो पोखेका छन् : संघ र प्रदेश सरकारहरूका अनुदानका कार्यक्रम (अन्य कार्यक्रम पनि) जानकारी बिना सञ्चालन हुँदा प्राथमिकताका क्षेत्रको प्रभावकारितामा गम्भीर समस्या उत्पन्न भएको छ। साथै यस्तो अवस्थाले लगानीको नीति निर्माणमा पनि अलमल सिर्जना गर्ने गरेको छ। समग्रमा, प्रदेश र संघको नीति र निर्देशिकाको बारेमा अझै पनि पूर्ण सन्तुष्टिको अवस्था नरहेको सर्वेक्षण भएको छ।

यसरी प्राथमिकता दिएका क्षेत्रमा तथ्याङ्क, योजना र कार्यक्रममा समन्वय हुन नसकेको अवस्थामा स्थानीय आर्थिक विकासको मोडेल लागु हुने सम्भावना कम हुन्छ। यसको नीतिगत सुधारबिना विश्वका अन्य देशहरूमा चर्चा गरिए जस्तो सफल स्थानीय आर्थिक विकासको कार्यक्रमको परिकल्पना असम्भव प्राय हुन्छ। संसारभर स्थानीय आर्थिक विकासको कार्यक्रम लागु गर्न छुट्टै प्राधिकरण वा निकाय खडा गर्ने प्रचलन छ। हाल सञ्चालनमा रहेका पकेट, ब्लक, जोन र सुपर जोनलाई स्थानीय तहहरूलाई हस्तान्तरण गरेर विशेष आर्थिक क्षेत्र र त्यसको प्रभावकारिता र दीर्घकालीनताको लागि छुट्टै संरचना निर्माण गर्नु आवश्यक छ। यसले हाल रहेको वडा र वडा, स्थानीय तह र स्थानीय तह बीचको सहकार्य शून्यतालाई निराकरण गर्दै अर्थतन्त्रको नयाँ क्षितिज उदय गराउने छ। यस विषयमा यही खण्डको अर्को भागमा थप चर्चा गरिने छ।

## ४.२. स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयन अवस्था

माथिको विश्लेषणबाट अध्ययन गरिएका स्थानीय तहहरूले स्थानीय आर्थिक विकासको अवधारणालाई आत्मसात् गर्न प्रयत्न गरिरहेको र सुरुवातको चरण (नक्साङ्कन र महत्त्व उजागर)मा रहे पनि पूर्णरूपमा गर्न नसकेको अवस्था प्रष्ट हुन्छ। त्यस्तो अवस्थामा स्थानीय आर्थिक विकासको

सिद्धान्तहरूको प्रयोग र अभ्यासको अवस्था के छ भन्ने प्रश्न स्वाभाविक रूपमा उत्पत्ति हुन्छ। यो खण्डको बाँकी भागमा त्यो प्रश्नको उत्तर खोजिने छ।

यो अध्ययनको अध्याय दुईमा गरिएको विश्लेषणका आधारमा स्थानीय आर्थिक विकासका ७ प्रमुख सिद्धान्तहरू पहिचान गरिएका छन्। स्थानीय आर्थिक विकासलाई बुझ्न र भविष्यमा लागु गर्न सजिलो होस् भन्ने उद्देश्यले त्यस्ता सात सिद्धान्तहरूलाई "स्थानीय", "आर्थिक" र "विकास" गरी तीन भागमा वर्गीकरण गरिएको छ। यो सामान्य वर्गीकरण हो कुनै एक सिद्धान्त तोकिएको उपखण्डमा मात्र सीमित छ भन्ने होइन।

| स्थानीय | आर्थिक | विकास |
|---|---|---|
| ▪ भूगोल र प्राथमिकता निर्धारण<br>▪ पात्र, प्रक्रिया र सहभागिता<br>▪ स्थानीय स्रोत साधनको अधिकतम प्रयोग | ▪ रोजगारी र गुणस्तरीय जीवन<br>▪ व्यापकता एवम् बहुआयामिकता | ▪ क्षमता अभिवृद्धि<br>▪ दिगोपना |

## ४.२.१ भूगोल र प्राथमिकता निर्धारण

अध्ययन गरिएका स्थानीय तहहरूमा भूगोलको बहस अझै पनि प्रशासनिक सिमानामा केन्द्रित छ र प्राथमिकता भन्नाले उत्पादन वा आर्थिक गतिविधिका सबै क्षेत्रको सवलीकरण हुनु हो। यस्तो अवस्था स्वाभाविक पनि हुन सक्दछ। तर स्थानीय आर्थिक विकासको अवधारणा अझै पनि स्पष्टरूपमा कार्यान्वयनमा आएको छैन भन्ने निष्कर्षको लागि भने यो प्रष्ट आधार हुन्छ।

जस्तै, फेदिखोलाको सुन्तला, मादीको कोदो, हुप्सेकोटको काँक्रो, गैंडाकोटको मासु, गोरखाको सुन्तला, मालिकाको तरकारी, बागलुङको ढुङ्गाको मुर्ति, कुश्माको मकै, घरपझोङको स्याउ मध्ये कुन वडाको कुन गाउँ, टोल वा वडामा कति रोजगारी सिर्जना हुन्छ ? आम्दानी कति वृद्धि हुन्छ ? त्यसका कारणले समग्र स्थानीय तहको आर्थिक संरचनामा कस्तो परिवर्तन आउँछ ? यसले सिर्जना गर्न सक्ने नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्ने उपायहरू के हुन् ? भन्ने बारेमा आर्थिक गतिविधिलाई केन्द्रबिन्दुमा राखेर बहसको चरणमा पुग्ने क्रममा नै रहेका छन्। बहस पूर्ण भै सकेका छैनन्।

सामान्यतया, तरकारी खेती भन्यो भने स्थानीय तहका लगभग प्रत्येक वडाहरूलाई नै प्राथमिकता दिएको पाइन्छ। उत्पादन धेरै हुनु राम्रो विषय हो तर त्यस्तो उत्पादनले सिर्जना गर्ने रोजगारी र त्यसबाट अधिकतम् आर्थिक लाभ लिने विषयमा भने व्यवस्थित योजनाको अभाव रहेको छ। केही निश्चित क्षेत्रलाई आधार मानेर सुरु गरिएका कार्यक्रमहरू पनि त्यसको विशेष योजना निर्माण, प्रभावकारिता मूल्याङ्कनबिना नै क्रमिक विस्तारमा जाने र सामान्य कार्यक्रममा रूपान्तरण हुने गरेको देखिन्छ। जसरी संघ वा प्रदेश सरकारले “एक स्थानीय तह एक कार्यक्रम” घोषणा गर्दछन् त्यसरी नै

स्थानीय तहहरूले एक वडा एक कार्यक्रम घोषणामा प्रतिस्पर्धा गरेको देखिन्छ र यो स्थानीय आर्थिक विकासको मर्म भन्दा अलि टाढाको विधि हुने गरेको छ।

यो विषयमा निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरू बीच ठोस भिन्नता रहेको पाइन्छ। कर्मचारीहरू कुनै निश्चित क्षेत्रमा पकेट जोन जस्तै कार्यक्रमहरू निर्माण गर्ने विषयलाई प्राथमिकता दिने र निर्वाचित जनप्रतिनिधिहरू सबै वडामा उस्तै प्रकृतिको कार्यक्रमहरू सञ्चालनमा ध्यान दिने गरेको देखियो। तर, त्यस्तो द्वन्द्व जनप्रतिनिधि र कर्मचारीमा मात्रै सीमित भने छैन। जनप्रतिनिधिबीचमा पनि त्यस्तो विचारको अन्तर हुने गरेको पाइन्छ।

म चाहिँ एउटा एउटा गर्दै राम्रोसँग नतिजा निकालौं भन्छु। म मेरा वडाध्यक्षहरूलाई तपाईँहरू जनतासँग राम्रोसँग बसेर ५ वर्ष मध्ये पहिलो, दोस्रो, तेस्रो, चौथो, पाचौं वर्षका प्राथमिकता निर्धारण गरेर एक वर्षमा कुनै एक निश्चित क्षेत्रको विकासमा बजेटलाई केन्द्रित गर्नुहोस् भन्छु। तर वडाध्यक्षहरूको त्यसमा ध्यान जादैन वा आफ्ना वडावासीहरूलाई बुझाउन सक्दैनन्। मानौं, हामीले पहिलो वर्ष नै स्थानीय तहको उत्पादन बढाउने क्षेत्रमा व्यापक लगानी गर्न सकेको भए हामी पाचौं वर्षमा पुग्दा त्यसको प्रतिफलसमेत देख्न सक्थ्यौं। तर यहाँ नदेखिने प्रतिस्पर्धा छ र त्यसले निश्चित गाउँ वा टोल केन्द्रित नीति निर्माण गर्न नै दिँदैन। अझ दुःखको विषय त जनप्रतिनिधिहरू जनताको आर्थिक स्तर कहिले वृद्धि हुन्छ भन्नेमा आफैं प्रष्ट छैनन्।


*- अध्यक्ष (अध्ययन क्षेत्रको एक गाउँपालिका)*

स्थानीय आर्थिक विकासका सिद्धान्तका आधारमा भूगोल निर्धारणसँग सम्बन्धित तीन निष्कर्षहरू निकाल्न सकिन्छ। पहिलो, अहिलेको योजना निर्माणको भूगोल भनेको वडा र स्थानीय तह हुन्। त्यो प्रशासनिक सीमा हो तर स्थानीय आर्थिक विकासको लागि भूगोल हुन सक्दैन। एकातर्फ, वडा/पालिका भित्र पनि कुन स्थानदेखि कुन स्थानसम्म आर्थिक विकासको क्षेत्र हो सो निर्धारण गर्नु आवश्यक हुन्छ। भूगोलको निर्धारणले प्रयोग हुने जमीन लगायतको स्रोतको निर्धारण हुन्छ। सहभागी हुने पात्रहरू र उनीहरूको भूमिका निर्धारण गर्ने आधार तय हुन्छ। दोस्रो, अन्तरवडा वा अन्तर स्थानीय तहका सहकार्यको विषय रहेको छ। स्थानीय आर्थिक विकास त्यो क्षेत्रको समग्र आर्थिक र अन्य विकासमा आमूल परिवर्तन पश्चात् त्यो क्षेत्रको सर्वाङ्गीण विकास र रूपान्तरण गर्ने अवधारणा हो। त्यसको लागि उत्पादन वा सेवा क्षेत्रको बृहत् र स्पष्ट भूगोलको निर्धारण गर्नु आवश्यक हुन्छ।

भूगोलको बारेमा केही अस्पष्टता रहे पनि प्राथमिकता प्राप्त विषयगत क्षेत्रको बारेमा भने स्थानीय तहहरू धेरै हदसम्म प्रष्ट हुँदै गएको देखिएको छ। यसलाई स्थानीय आर्थिक विकासका सिद्धान्त कार्यान्वयनको सम्भावनाको प्रमुख आधार मान्न सकिन्छ। एक उदाहरणको रूपमा फेदीखोला

गाउँपालिकासँग कुन क्षेत्रमा के कस्ता प्रगति हुँदै छन् भन्ने विषयमा धेरै तथ्याङ्क छन्। त्यसैले उसले प्रतिस्पर्धी लाभलाई केही वैज्ञानिक ढङ्गबाट मूल्याङ्कन गर्न सकेको छ। तर तीव्र सहरीकरणमा रहेको पोखरा महानगर वा गैंडाकोट नगरपालिका जस्ता स्थानहरूमा छोटो समयमा नै प्राथमिकताहरू परिमार्जित वा परिष्कृत हुन् सक्दछन्। त्यसलाई समयअनुसार आंकलन वा निर्धारण गर्ने तथ्याङ्कको व्यवस्थापनको गृहकार्यको खाँचो अझै पनि अध्ययन गरिएका बहुसंख्यक स्थानीय तहमा रहेको छ।

**हाल नीति एवम् कार्यक्रम तय गर्दा उत्पादन वा सेवामा दिने गरिएका प्राथमिकताहरू**




स्रोतः फिल्ड सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

प्राथमिकताको बारेमा चर्चा गर्दा सबै भन्दा जटिल समस्या भनेको जुन स्थानमा जे को उच्च सम्भावना छ त्यहाँ संघ सरकार र प्रदेश सरकारका कार्यक्रम सञ्चालन हुँदा त्यस्ता क्षेत्रमा स्थानीय तहहरूको सहयोगी भूमिका मात्र हुने विषय रहेको छ। त्यो मध्ये पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले स्थानीय आर्थिक विकासको अवधारणाको अभ्यासमा पुऱ्याएको नकारात्मक असरको बारेमा आलोचनात्मक विश्लेषण आवश्यक छ (जनप्रतिनिधिहरूको गुनासोलाई यो कोणबाट विश्लेषण)। यो

परियोजना अन्तर्गत गण्डकी प्रदेशमा मात्रै कुल ६ वटा परियोजना कार्यान्वयन इकाइ (गोरखा, मुस्ताङ, कास्की, लमजुङ, नवलपरासी पूर्व, स्याङ्जा र बागलुङ) र ४ वटा जोन प्राविधिक इकाइ (मनाङ, म्याग्दी, तनहु र पर्वत) गरी कुल १० वटा कार्यालय रहेका छन्। जसमा कार्यक्रमबीच तालमेलको अभाव देखिन्छ।

यो परियोजनामा स्थानीय तहहरूको सक्रिय भूमिका रहने एउटा मात्रै कार्यक्रम भनेको पकेट क्षेत्र विकास कार्यक्रम हो र त्यसमा पनि योजना भन्दा पनि कार्यक्रम कार्यान्वयन र मूल्याङ्कनमा विशेष भूमिका रहन्छ र त्यो पनि स्थानीय तहको कृषि शाखाको कर्मचारीहरूले त्यसको नेतृत्व गर्ने र जिल्लाको कार्यालयसँग सिधै सम्पर्क गर्ने व्यवस्था रहेको छ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन म्यानुअल**

**परियोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका**

**स्थानीय तहको भूमिका**

अ. तोकिएको पकेट विकास कार्यक्रम सञ्चालन गर्ने।

आ. परियोजनाका विभिन्न भागहरूमा तोकिएका कार्यक्रममा समन्वय, सहयोग र सहकार्य गर्ने।

इ. परियोजना अन्तर्गत सञ्चालन हुने पकेट/ब्लक/जोन/सुपरजोनको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि सुझाव दिने।

ई. कृषक समूह/ सहकारीहरूलाई अनुगमन तथा सहजीकरण गर्ने।

उ. परियोजनाका विषयगत अपेक्षित प्रतिफलहरूको अनुगमन गर्ने।

ऊ. परियोजना कार्यान्वयनमा देखिएका समस्याहरू समाधानमा सहजीकरण गर्ने।

**पकेट इकाइ**

परियोजना अन्तर्गत पकेट विकास कार्यक्रम सञ्चालनको लागि स्थानीय तहको कृषि/पशु सेवा हेर्ने शाखामा पकेट इकाइ रहने छ।

अ. स्थानीय तहको कृषि/पशु सेवा शाखाको प्राविधिक कर्मचारीलाई पकेट इकाइको सम्पर्क व्यक्तिको रूपमा परिचालन गर्ने।

आ. जनशक्ति व्यवस्थापन र पकेट अन्तर्गतका क्रियाकलापहरू कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको समग्र जिम्मेवारी वहन गर्ने।

इ. तोकिएका बाली/वस्तु विशेषका पकेटलाई स्व-सञ्चालन (self-sustaining) उन्मुख हुने गरी दुई आर्थिक वर्षसम्म सघनरूपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन गर्ने।

ई. पकेट क्षेत्र विकास एवम् निरन्तरताको लागि अनुसरण वा फलोअप कार्यक्रम मार्फत सम्बन्धित बालीको ब्लकसँग सम्पर्क गर्ने।


उ. परियोजनाको विषयगत प्रगति तयार गरी परियोजना कार्यान्वयन इकाइ र जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयमा प्रेषित गर्ने।

ऊ. संचालित पकेट प्रोफाइल तयार गर्ने।

स्रोतः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, (परिच्छेद ३, पेज १२)

## ४.२.२ पात्र, प्रक्रिया र सहभागिता

स्थानीय आर्थिक विकासका लागि पात्रको बारेमा थप बृहत् र विस्तृत छलफल आवश्यक छ। सर्वप्रथम, माथि उल्लेख भएझैं अहिले पनि स्थानीय तहहरूले प्रदान गर्ने आर्थिक सहयोग प्राप्त गर्ने वा निर्माण गरेका नयाँ योजनाहरूमा सरोकारवाला सबैको सहभागिता हुने संरचना भन्दा पनि सीमितता रहेको पाइन्छ। खासगरी उक्त क्षेत्रको बजारीकरणमा नजिक रहेका सेवाग्राहीहरूको धेरै सहभागीता हुने वा फाइदा लिने गरेको पाइन्छ। यसलाई स्थानीय आर्थिक विकासका सिद्धान्तहरूको कार्यान्वयनको सुरुवातको चरणको रूपमा लिन सकिन्छ। तर सुरुदेखि नै सबैको सहभगिता नहुँदा यसले कालान्तरमा अपनत्वको समस्या सिर्जना गर्दछ। खासगरी नेपाल जस्तो दलीय, भौगोलिक र अन्य पहिचानहरूले सामाजिक एवम् आर्थिक जीवनमा धेरै प्रभाव पार्ने देशमा कुनै निश्चित पात्रहरूको बाहुल्यता भयो भने अरुलाई




स्रोतः फिल्ड सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

पछि सहभागी गराउन कठिन हुन्छ। त्यस्तै, आर्थिक रूपमा एउटा क्षेत्रका व्यक्तिहरूको प्रतिनिधित्व धेरै भएको स्थानमा अन्य क्षेत्रका प्रतिनिधिहरूलाई थप गराउने विषय कठिन हुन् सक्दछ। अध्ययन गरिएका स्थानीय तहहरू नितान्त नयाँ प्रकृतिका पात्रहरूलाई सहभागी बनाउने वा उनीहरू केन्द्रित कार्यक्रम निर्माणमा त्यति उत्साहित नरहेको पाइएको छ।

कुनै पनि स्थानीय आर्थिक विकासको कार्यक्रम सफल हुनको लागि यसको सामूहिक अपनत्व आवश्यक हुन्छ। खासगरी यसमा कुनै विशेष उत्पादन मात्रै होइन, त्यसको वितरण र व्यवस्थापनका पात्रहरूको सहभागिता र सहकार्य अनिवार्य हुन्छ। माथि सञ्जाल वा फोरमको बारेमा धेरै छलफल गरिएको छ। यस्तो फोरम स्थापनाको एउटा प्रमुख उद्देश्य भनेको अपनत्व अभिवृद्धि नै हो। जस्तै, स्याउ उत्पादन हुने मुस्ताङ वा मकै उत्पादन हुने कुश्मा वा पर्यटनलाई आफ्नो आधार मान्ने जिल्ला सदरमुकाम रहेको र मिश्रित अर्थतन्त्रबाट बहुआयामिक क्षेत्रलाई समेटेर नयाँ स्थानीय आर्थिक विकासको मोडेल विकसित गर्दै गरेको गोरखा वा कृषिलाई व्यवस्थित गर्दै कुनै दिन ठूलो फलामखानीमा आधारित औद्योगिकीकरणको परिकल्पना गरिरहेको हुप्सेकोटका हालका गतिविधिहरूमा नितान्त नयाँ जनशक्ति वा नेतृत्व उत्पादन वा विकास भन्दा पनि सो क्षेत्रमा सक्रिय रहेका नागरिकहरूलाई सेवा दिन वा सहजीकरणमा स्थानीय तहहरू केन्द्रित रहेको देखिन्छ। खासगरी हाल प्राथमिकता दिएका क्षेत्रमा भविष्यमा थप सञ्जाल विकास गर्नु पर्ने क्षेत्र कुन हुन् र त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा अझै पनि प्रष्ट धारणाहरू विकसित हुन् सकेका छैनन्।

स्थानीय आर्थिक विकासमा पात्रहरूसँगै अर्को महत्वपूर्ण विषय भनेको जनशक्ति हो। सबै भन्दा पहिला कुनै नयाँ स्थानीय विकासका कार्यक्रम सुरु गर्दा हाल रहेको जनशक्तिलाई शसक्तिकरण गर्नुपर्दछ। नितान्त नयाँ जनशक्तिको विकास गरेर लक्ष्य हाँसिल गर्न खोजेको हो वा होइन भन्नेमा प्रष्ट हुनु अत्यावश्यक हुन्छ। जस्तै, प्राय सबै स्थानीय तहहरूले कृषि र पर्यटनलाई भविष्यको आर्थिक विकासको प्रमुख आधार मानेका छन्। त्यस्तो अवस्थामा गण्डकी प्रदेशमा आधुनिक कृषिको लागि आवश्यक जनशक्ति कति हो ? कुन तहमा कस्तो जनशक्ति आवश्यक हुन्छ ? र त्यसलाई स्थानीय तहभित्र वा बाहिरबाट कसरी परिपूर्ति गर्ने योजना छ ? सीपयुक्त जनशक्तिको निरन्तर उत्पादन हुने मोडेल के हो ? र त्यसको राष्ट्रिय, प्रदेश र स्थानीय नीति के कस्तो रहेको छ ? अध्ययन गरिएका स्थानीय तहहरूमा यस्ता तमाम प्रश्नहरूमा आधारित जनशक्ति उत्पादन एवम् परिचालन रणनीतिको अभाव देखिन्छ।

अध्ययनमा छनौट भएका प्रायः सबै स्थानीय तहका जनप्रतिनिधिहरूले 'युवाहरूको विदेश पलायन' आफूहरूलाई सबैभन्दा धेरै चिन्तित बनाउने विषय मध्ये एक रहेको बताएका थिए। कमजोर उच्च शिक्षा चक्र (सुरुमा शिक्षा लिन गाउँ वा टोल छोड्ने र युवाहरूले सहरमा पढेका विषयसँग सम्बन्धित रोजगारी आफ्नो स्थानीय तहमा नहुँदा) का कारण युवाहरू गाउँ वा टोल छोड्न बाध्य बन्दै गएको

उनीहरूको बुझाइ रहेको छ। पहिलो, गाउँ वा गाउँ नजिक गुणस्तरीय उच्च शिक्षा नहुँदा धेरै सक्षम युवाहरू बाल्यकाल देखिनै 'मैले गाउँ छोड्नु पर्दछ' भन्ने मनोविज्ञानमा हुर्कने गरेका छन्। दोस्रो, गाउँ वा गाउँ नजिकका शैक्षिक संस्थामा पढाइ हुने विषय भन्दा रोजगारीको अवसर हुने विषयहरू फरक हुने स्थानीय तहहरूको निष्कर्ष रहेको छ। हातमा डिग्री त छ तर स्थानीय तहहरूले आफूले परिकल्पना गरेको क्षेत्रमा काम लगाउन सकिने जनशक्ति भने पर्याप्त छैनन्। हाल प्रदान गरिने उच्च शिक्षाको गुणस्तरमा पनि धेरै प्रश्नहरू छँदैछन्।

स्थानीय आर्थिक विकासको अध्ययन र छलफलमा ज्ञान उत्पादन र गुणस्तरीय उच्च शिक्षाको महत्वलाई धेरै नै प्राथमिकता दिने गरिएको छ (Lazzeretti & Tavoletti, 2005)। यदि सो क्षेत्र नजिक सम्बन्धित क्षेत्रका युवा र उच्च गुणस्तरीय जनशक्ति उत्पादन हुँदैन भने स्थानीय आर्थिक विकास कार्यक्रम दीर्घकालीन रूपमा प्रभावकारी हुन कठिन हुन्छ। यो विषयमा स्थानीय तहहरू अत्यन्तै गम्भीर छन्। तर उच्च शिक्षा स्थानीय तहको क्षेत्राधिकारभित्र पर्दैन। त्यसै कारणले हाल स्थानीय तहहरूले उच्च शिक्षामा छात्रवृत्ति प्रदान गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेका छन्। प्रदेश सरकार र मातहतका कार्यालयहरूको यो विषयमा सहजीकरणको विशेष खाँचो देखिन्छ।

विशेषज्ञ सेवा पात्र र जनशक्तिसँग जोडिएको स्थानीय आर्थिक विकासको अर्को एउटा महत्पूर्ण विषय हो (Lawton Smith, 2003; Yigitcanlar & Velibeyoglu, 2008)। स्थानीय आर्थिक विकास लामो प्रक्रियाबाट धेरै खाले समूहले एकीकृत रूपमा समन्वय र सहकार्य गर्दै आर्थिक गतिविधि गर्ने मोडेल हो। यस्तो मोडेल लागु हुन विविध चरणमा फरक खाले विज्ञहरूको आवश्यकता हुन्छ। जस्तै, कृषिबाट आमूल परिवर्तन गर्न इच्छुक एउटा गाउँ वा वडाले सबै भन्दा पहिला योजना निर्माण गर्नुपर्ने हुन्छ। सिद्धान्त, आन्तरिक एवम् बाह्य अनुभव र आवश्यकताको विश्लेषण एवम् पहिचानबाट उपयुक्त योजना निर्माण हुन्छ। त्यस पश्चात् कृषिमा प्रभावकारी उत्पादन गर्न सिकाउने जनशक्ति, कुनै समस्या पर्दा सहयोग गर्ने विज्ञ, बजारीकरणमा सहयोग गर्ने व्यक्ति वा संस्था आदि। स्थानीय तहहरूमा यस्ता सबै विज्ञ र जनशक्ति त हुँदैनन् तर त्यस्ता विज्ञताहरू कसरी सजिलै प्राप्त गर्ने र त्यसको लागि अन्य तहका सरकारहरूसँग के-कस्ता सहकार्य आवश्यक छन् भन्नेमा स्थानीय तहहरूले अझै पनि प्रष्ट धारणाहरू बनाउन सकेका छैनन्।

### ४.२.३ स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग

स्थानीय आर्थिक विकासमा स्थानीय स्रोत र साधनको प्रयोगको आवश्यकता र औचित्यलाई विविध कोणबाट चिरफार र विश्लेषण गर्ने गरिन्छ। त्यो मध्ये पहिलो स्थानीय आर्थिक विकासको अवधारणा नै हो। जहाँ जे सबै भन्दा उपयुक्त हुन्छ, त्यसको पहिचान र कार्यान्वयन पहिलो मान्यता वा सिद्धान्त हो। जस्तै, तोकिएको भूगोलमा के-कस्ता आर्थिक, भौतिक, मानव, प्राकृतिक र सामाजिक पूँजीहरू परिचालन गर्न सम्भव छ, त्यसको अधिकतम सदुपयोग स्थानीय आर्थिक विकास मोडेल

निर्माणको अभ्यासको प्रक्रिया हो। (Helmsing, 2003)। सबैभन्दा पहिला आफ्नो स्थानीय तहभित्रको अवस्था र त्यसको माग गरिरहेको विकासको मोडेलको बारेमा अझै पनि अस्पष्टता रहेको पाइएको छ।

### "हाम्रो र हामीसँग सिमाना जोडिएका स्थानीय तहको आर्थिक विकासको नीतिमा भिन्नता छैन"

बृहत् तर मौलिक नीति स्थानीय आर्थिक विकासको मेरुदण्ड हो। माथि चर्चा गरिएझैं, प्रक्रिया र पात्रको बारेमा यसको छुट्टै अवधारणा रहेको छ। स्थानीय आर्थिक विकास आफ्नो भूगोल सुहाउँदो र दीर्घकालिन रूपमा फाइदा प्रदान गर्ने क्षेत्रमा केन्द्रित हुन्छ। स्थानीय आर्थिक विकासको अवधारणालाई अवलम्बन गर्ने स्थानीय तह वा सरकारको नीति सामान्यतया अरुको भन्दा पृथक हुन्छ। तर यस अध्ययनका स्थानीय तहहरूमा त्यस्तो पाइएन। अध्ययनको क्रममा सबै भन्दा धेरै सोधिएको प्रश्न मध्ये एक थियो, “तपाईंको स्थानीय तह र नजिकैको अन्य स्थानीय तहहरूको बीचमा आर्थिक नीतिको सवालमा के भिन्नता छ ?” तर, प्रायः सबै स्थानीय तहका जनप्रतिनिधि एवम् कर्मचारीहरूले त्यस्ता भिन्नताहरूलाई व्याख्या गर्न सकेनन्। यसले अध्ययन गरिएका स्थानीय तहहरूको वर्तमान अवस्था र समस्यालाई प्रष्ट रूपमा चित्रण गर्दछ।


वर्तमान अवस्थामा स्थानीय तहहरूको चिन्तन वा चिन्ता विशिष्टीकृत अर्थतन्त्र निर्माण भन्दा पनि कतै अन्य स्थानीय तहले गरेका प्रचलित कार्यक्रमहरू हाम्रोमा त छँदै छैन भन्नेमा रहेको छ। यो विषयलाई फिल्ड सर्भेक्षणको क्रममा प्राय सबै स्थानीय तह प्रमुख र पदाधिकारीहरूले स्वीकार गरेको विषय रहेको छ। यसको तीन कारणहरूलाई विश्लेषण गर्दा किन स्थानीय आर्थिक विकासको अवधारणा लागु हुन् सकेन भन्ने कुरामा प्रष्ट हुन्छ।


पहिलो, संघ र प्रदेश सरकारले स्थानीय तहहरूलाई नवीनतम सोचमा समर्थन गर्ने भन्दा पनि आफूहरूले तय गरेको योजना र परियोजनामा काम गर्नलाई अभिप्रेरित गरिरहेका छन्। माथि चर्चा गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना त्यसको ज्वलन्त उदाहरण हो। जस्तै, भर्खरै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ ले पनि नवीनता वा सृजनशीलता भन्दा पनि कृषि र पर्यटनमा आधारित हुने र पुराने ढङ्गका कार्यक्रमहरूलाई प्रोत्साहन एवम् प्राथमिकता दिएको छ।

दोस्रो, नयाँ योजना वा कार्यक्रम कसरी तय हुन्छन् भन्ने प्रश्नको उत्तरभित्र लुकेको छ। प्रायः सबैले आफूहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत निर्दिष्ट रही ७ चरणमा योजना निर्माण गर्ने भने पनि खासमा अन्य क्षेत्रका प्रचलित कार्यक्रमहरूलाई हाम्रोमा पनि लागु गरौं भन्ने मनोविज्ञानले सबै भन्दा निर्णायक भूमिका निर्वाह गर्ने गरेको देखियो। अन्तर्वार्ताको क्रममा एक जना शाखा प्रमुखको धारणा यस्तो थियो : “म हाम्रो बजेट बनाउँदै एउटा प्रदेशको बजेट भाषण सुन्दै थिएँ। त्यहाँ उत्पादनमा आधारित अनुदान दिने कार्यक्रम आयो। मैले पनि हाम्रोमा थपें र फेरि सबैले त्यसलाई समर्थन गर्नु भयो।” यो त प्रतिनिधिमूलक घटना मात्रै हो। त्यस्ता धेरै उदाहरणहरू छन् जुन स्थानीय आवश्यकता भन्दा पनि अन्य स्थानमा प्रचलित भएका कारण कार्यान्वयनमा आएका छन्। जनप्रतिनिधिहरूलाई सोधिएको एउटा प्रश्न थियो "यदि तपाईलाई कुनै नयाँ कार्यक्रम गर्ने सोच विचार आयो भने कोसँग सर-सल्लाह गर्नु हुन्छ ?" प्रायजसोको उत्तर यस्तो थियो : "म हाम्रै साथी (जनप्रतिनिधि एवम् कर्मचारी) हरूलाई पनि सोध्छु। सँगसँगै त्यस्तै कार्यक्रम गरेका पालिकाका साथीहरूसँग पनि सल्लाह लिन्छौं।"

तेस्रो, ज्ञान उत्पादनको विषयलाई पनि गम्भीर रूपमा लिने बेला भएको छ। के हाम्रा स्थानीय तहहरू माथि उल्लेखित तथ्याङ्कहरूलाई सङ्कलन र विश्लेषण गर्दै नयाँ ज्ञान उत्पादन गर्ने र त्यसमा आधारित नीति निर्माण गर्ने सामर्थ्य राख्दछन् ? के सबै स्थानीय तहहरू एकै अवस्थामा छन्? यी प्रश्नहरूमा पक्कै पनि सकारात्मक भन्दा नकारात्मक उत्तरहरू आउँछन्। त्यस्तो अवस्थामा प्रदेशभित्र ज्ञान उत्पादनको विधिमा स्थानीय तहहरूलाई कसरी अन्तरसम्बन्धित बनाउने र कम सामर्थ्य राख्ने स्थानीय तहहरूलाई कसरी सक्षम बनाउने भन्नेमा प्रष्ट मोडालिटी तय गर्नु आवश्यक छ।

स्थानीय स्रोतको अधिकतम प्रयोगको अर्को महत्पूर्ण विषय बाह्य लगानीलाई कसरी आकर्षण गर्ने भन्ने पनि हो। निश्चित रूपमा पहिलो प्राथमिकता उपलब्ध स्थानीय लगानीलाई सहजीकरण गर्नेमा नै हुन्छ। अध्ययन गरिएका क्षेत्रमा उपलब्ध स्थानीय लगानी प्रवर्द्धनका दुई फरक चित्रहरू पहिचान भएका छन्। समग्रमा स्थानीय तहहरू हालको लगानी र उत्पादनको अवस्था प्रति सन्तुष्ट रहेका छन्।




स्रोतः फिल्ड सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

यसलाई तीन कोणबाट हेर्न सकिन्छ। पहिलो, स्थानीय तहहरू अहिले आफूले गरिरहेका कार्यक्रमहरूका उपलब्धि प्रति सन्तुष्ट छन् र यसलाई नै स्थानीय आर्थिक विकासको क्रमिक विकासको मोडेलको रूपमा बुझिरहेका छन्। सर्वेक्षणको क्रममा कुनै पनि स्थानीय तहमा उत्पादन वा सेवामा नयाँ लगानी भित्र्याउने बारेमा थप प्रयत्न, अनुभूति वा तयारी प्रष्ट रूपमा देखिएन। दोस्रो, हाल स्थानीय रूपमा उत्पादन वा सेवा क्षेत्र (जस्तै, होटल) मा लगानी स्थानीय तहको विशेष पहल (जस्तै, नीतिगत परिवर्तन, योजना वा परियोजनाको विकास, सार्वजनिक आह्वान) भन्दा पनि स्वःस्फूर्त रूपमा भइ रहेको छ। निजी क्षेत्र अघिअघि स्थानीय तह पछिपछि जस्तो अवस्था छ। हालको अवस्थामा सन्तुष्टि धेरै हुनु भनेको यसमा परिवर्तन गर्न खासै अनिच्छुक रहेको भन्ने पनि हो।

तेस्रो र महत्पूर्ण विषय भनेको सार्वजनिक-निजी-साझेदारी गर्दा स्थानीय तहहरूको भूमिकाको बारेमा उत्पन्न प्रश्नहरू नै हुन्। सामान्यतया, यस्तो मोडेलमा स्थानीय तहले आफूसँग भएको जमिन, प्राकृतिक स्रोत वा अन्य पूँजीहरू प्रदान गर्ने र भौतिक पूँजीको क्षेत्रमा सहगोग गर्ने, निजी क्षेत्रले वित्तीय पूँजी र मानव पूँजीको व्यवस्था गरेर सबैको सहकार्यमा उत्पादन वा सेवालाई अभिवृद्धि गर्ने मोडेल हो स्थानीय आर्थिक विकास। त्यस्ता प्राकृतिक पूँजी वा जमिनको पूर्ण अख्तियारी स्थानीय तहहरूसँग नहुँदा धेरै अलमलहरू भइरहेका छन्। त्यसैले, कुनै नयाँ स्थानमा नयाँ ढङ्गको कार्यक्रम गर्ने भन्दा पनि हाल सक्रिय निजी क्षेत्रलाई सहयोग गर्नेमा नै केन्द्रित छन्। वित्तीय र मानव पूँजीको विकास एवम् परिचालनको स्पष्ट खाका नहुँदा स्थानीय तहहरू माथि अनुदान र रोजगारीको बोझ दिनानुदिन थपिँदै गएको छ।

अन्तरार्ष्ट्रिय रूपमा खासगरी विकसित मुलुकहरूको हकमा स्थानीय आर्थिक विकासलाई वैदेशिक लगानी भित्र्याउने नयाँ माध्यमको रूपमा पनि चित्रित गर्ने गरिएको छ। हाम्रो स्थानीय तहहरूसँग


त्यस्ता योजनाहरू छैनन् र त्यसको निर्माण गरे पनि प्रदेश वा संघको सरकारलाई मन्जुर नबनाई कार्यक्रम लागु गर्न कठिन हुने उनीहरूको बुझाइ छ। यसमा नयाँ मोडेल विकसित गरेर अगाडि बढ्ने प्रयत्नमा सबैले जुट्नु पर्ने देखिन्छ।


### ४.२.४ रोजगारी र गुणस्तरीय जीवन

यो अध्ययनले रोजगारी र गुणस्तरीय जीवन तथा व्यापकता एवम् बहुआयामिकतालाई आर्थिक उपसमूहभित्र राखेको छ। गुणस्तरीय रोजगारीको सिर्जना वा अभिवृद्धिमार्फत गुणस्तरीय जीवन स्थानीय आर्थिक विकासको मर्म नै हो। गुणस्तरीय रोजगारी यी सबै विषयको प्रस्थानबिन्दु हो। स्थानीय आर्थिक विकासले कुनै निश्चित क्षेत्रमा निश्चित क्षेत्रको रोजगारीको संख्या र गुणस्तरमा केन्द्रित हुने नीतिलाई अवलम्बन गरेको हुन्छ। त्यसका लागि सम्बन्धित उद्योगलाई प्रवर्द्धन गर्ने, त्यस क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने, उक्त उत्पादन वा सेवाको बजारीकरण प्रवर्द्धन गर्ने, सोही क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गर्ने आदि नीति लिइन्छ। समग्रमा, कुनै उत्पादन वा सेवासँग सम्बन्धित बहुआयामिक क्षेत्रमा रोजगारी सिर्जना गरेर उक्त क्षेत्रको समग्र अर्थतन्त्रमा आमूल परिवर्तन ल्याउने उद्देश्य राखेको हुन्छ। सोही सिलसिलमा नयाँ रोजगारी सिर्जना हुन्छ र पुरानो रोजगारीको पनि गुणस्तर अभिवृद्धि हुन्छ।

यो अध्ययनले समावेश गरेका क्षेत्रमा भने रोजगारीको बारेमा त्यस्तो स्पष्टता पाईएन। पहिलो र सबै भन्दा जटिल प्रश्न भनेको स्थानीय तहहरू प्राथमिकता रहेका क्षेत्रमा नयाँ रोजगारी सिर्जना गर्न खोजेको हो कि सोही क्षेत्रमा काम गरिरेहका व्यक्तिहरूको उत्पादकत्व र क्षमता अभिवृद्धि गर्ने हो भन्ने विषयमा अझै पनि प्रष्ट छैनन्। जस्तै, घरपझोङ गाउँपालिकामा व्यवसायिक स्याउ उत्पादकहरू, पर्यटन व्यवसायीहरू, कुश्मामा मकै उत्पादकहरू र पर्यटन व्यवसायीहरू, बागलुङमा तरकारी उत्पादकहरू र पर्यटन व्यवसायीहरूको संख्या वृद्धि भएको छ। तर, हाल सो क्षेत्रमा रहेका उत्पादक वा सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने र उनीहरूमार्फत उत्पादनलाई वृद्धि गर्दै सम्बन्धित क्षेत्रमा अन्य रोजगारी सिर्जनामा प्राथमिकता दिने कि अहिलेकै क्षेत्रका थप व्यक्तिहरूलाई उत्पादनमा मात्रै जोडिन अभिप्रेरित गर्ने भन्ने विषयमा ठूलो अश्पष्टता रहेको पाइन्छ भने समान प्रकृतिका व्यवसायी र उद्यमीहरू बीच पनि सीप विकास गर्ने गराउने र जनशक्ति वृद्धि गर्ने भन्ने नगरपालिका/गाउँपालिकाको योजना रहेको देखिएन।

## स्थानीय तहहरूको उत्पादन र लगानी प्रति सन्तुष्टि तर रोजगारीमा असन्तुष्टि





स्रोतः फिल्ड सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

यो विषयको बारेमा गहन छलफल आवश्यक छ। स्थानीय आर्थिक विकासले सार्वजनिक निजी सहकार्यका माध्यमबाट उत्पादन वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने मोडेलको परिकल्पना गर्दछ। तर अध्ययन गरिएका स्थानीय तहहरूको हकमा केही पृथक अवस्थाहरू देखिएका छन्। अध्ययनमा छनौट भएका स्थानीय तहहरू मध्ये केवल ८ प्रतिशतले मात्र समग्र उत्पादनको अवस्था कमजोर ठानेका छन्। अर्को शब्दमा भन्ने हो भने आफ्ना कार्यक्रमहरूले उत्पादनमा योगदान पुर्‍याएको मूल्याङ्कन गरेका छन् र त्यहाँ लगानीको अवस्था पनि सबल वा ठिकै रहेको निष्कर्ष निकालेका छन्। लगानी र उत्पादन ठिकै हुँदा हुँदै पनि रोजगारीको अवस्थामा भने कम सन्तुष्ट रहेको बताएका छन्। यसका २ कारणहरू हुन् सक्दछन्।

पहिलो, रोजगारी के हो भन्ने परिभाषामा भिन्नता छ। स्थानीय तहका प्रतिनिधि एवम् कर्मचारीहरूले अझैं पनि प्रशासनिक कार्यालय वा कलकारखानामा काम गर्ने विषयलाई मात्रै रोजगारीको परिभाषाभित्र राखेको हुन् सक्दछ। दोस्रो, आफ्नो स्थानीय तहभित्र रोजगारी सिर्जना गर्ने क्षेत्रको अझै पनि विकास भई नसकेको मूल्याङ्कन गरेका हुन् सक्दछन्। यसको अर्थ, अहिलेको प्राथमिकता क्षेत्र भन्दा पृथक क्षेत्रको विकास हुँदा मात्र रोजगारी वृद्धि हुन्छ।




स्रोतः फिल्ड सर्वेक्षण (अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत), २०८०

रोजगारीको बारेमा कमै मात्रामा बहस भए पनि गुणस्तरीय जीवनको बारेमा भने गाउँपालिका/नगरपालिकामा छलफल प्रवेश पनि हुन सकेको छैन। स्थानीय तहहरूका नीति र कार्यक्रमहरूमा गुणस्तरीय जीवनको विषयले अझै पनि प्राथमिकता पाउन सकेको छैन। गुणस्तरीय जीवनको लागि एक व्यक्तिको भावनात्मक कल्याण, सामाजिक सम्बन्ध, भौतिक कल्याण, व्यक्तिगत विकास, आफ्नो बारेमा आफैं निर्णय गर्न सक्ने क्षमता विकास, सामाजिक समावेशीता, मानव अधिकार जस्ता विषय (Schalock, 2005: 300) सबै समेटेर नीति तथा कार्यक्रम बनाउँन आवश्यक हुन्छ। अध्ययनमा छनौट भएका स्थानीय तहहरूमा यस्ता विषयहरूले अत्यन्तै थोरै प्राथमिकता प्राप्त गर्ने गरेका छन्।

स्थानीय तहहरू आफैंमा पनि आफूले प्राथमिकता दिएको क्षेत्रमा कसको लागि रोजगारी सिर्जना गर्दै छन् भन्नेमा प्रष्ट हुन् सकेका छैनन्। चाहे त्यो घरपझोङमा स्याउ होस् वा बागलुङमा पर्यटन वा हुप्सेकोटमा काँक्रो वा तरुल उत्पादन वृद्धि गर्नेमा स्थानीय तहको विशेष चासो रहेको छ तर कुन उमेर समूहका कस्ता व्यक्तिहरूलाई सहभागी बनाउने, उनीहरूको जीवनमा कस्तो परिवर्तन ल्याउने भन्नेमा उनीहरू अझै पनि प्रष्ट हुन् सकेका छैनन्। त्यसको पूर्व सर्तको रूपमा रहेको समष्टिगत तथ्याङ्क अभाव प्रमुख कारण रहेको छ।

### ४.२.५ व्यापकता एवम् बहुआयामिकता

माथि धेरै पटक चर्चा गरिएझैं, अध्ययन गरिएका स्थानीय तहहरू र धेरै हदसम्म संघ र प्रदेश सरकारको ध्यान उत्पादन र त्यो मध्ये पनि उत्पादनको अनुपातमा रहेको छ। तर स्थानीय आर्थिक विकास उत्पादन मात्रै निश्चय नै होइन। कुनै एक निश्चित भूगोलभित्र प्रतिस्पर्धी लाभ धेरै ठहर भएको क्षेत्रको बृहत्तर विकासमा आधारित भएर धेरै क्षेत्रको एकै पटकमा विकास र क्षमता अभिवृद्धि गर्ने प्रक्रिया हो स्थानीय आर्थिक विकास। एक अध्ययनका अनुसार स्थानीय आर्थिक विकासले न्यूनतम ११ वटा पक्षहरूलाई एकै पटकमा समेटेको हुन्छ : (१) इलाका, (२) भौतिक, (३) पूर्वाधार, (४) मानव श्रोत, (५) पूँजी र वित्त, (६) ज्ञान र प्रविधि, (७) औद्योगिक संरचना, (८) जीवनको गुणस्तर, (९) व्यवसायिक संस्कृति, (१०) सामुदायिक पहिचान, र (११) संस्थागत क्षमता (Wong, 2002)। माथिको विश्लेषणबाट यो अध्ययनमा छनौट भएका स्थानीय तहहरूले यस्ता बहुआयामिक पक्षहरूमा धेरै मेहनत गर्नु पर्ने प्रष्ट भई सकेको छ।

अध्ययन गरिएका स्थानीय तहहरूमा स्थानीय आर्थिक विकासको व्यापकता एवम् बहुआयामिकताका दुई क्षेत्रमा विशेष ध्यान दिनुपर्ने पहिचान भएको छ। पहिलो, स्थानीय आर्थिक विकासको चक्र निर्माण। अहिले प्राथमिकता दिएको क्षेत्रमा सुधार हुँदा आउने अल्प-मध्यम-दीर्घकालीन परिवर्तनहरू आँकलन हुनु आवश्यक छ। त्यसो हुँदा मात्रै अर्को कार्यक्रम र परिवर्तनको परिकल्पना सम्भव हुन्छ। दोस्रो,

अहिलेको अभ्यासमा रहेको प्रक्रियाले समाज र सामाजिक सम्बन्धमा के-कस्ता प्रभाव पार्दै स्थानीय लोकतन्त्रलाई सबल बनाउन सक्दछ भन्नेमा स्थानीय तह प्रष्ट हुनु आवश्यक हुन्छ।

जात्रा वा मेला त्यसको बहुआयामिकतालाई संवोधन गर्ने एउटा राम्रो औजार हुन सक्दछ। कुनै एउटा उत्पादन, प्राकृतिक स्रोत वा संस्कृति सम्बन्धी मेला वा जात्रा गर्दा सो क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरू एकै स्थानमा भेला हुने, सो क्षेत्रको प्रवर्द्धनमा विचारहरू आदानप्रदान हुने जस्ता स्थानीय आर्थिक विकासको लागि आवश्यक आधारभूत तयारीको वातावरण बन्दछ। मादी गाउँपालिका अध्यक्षको अनुभवमा पनि त्यस्तै छ :

> *सुरुमा हामीले स्थानीय जनताहरूले उत्पादन गरेका आलुलाई भाउ दिन पाए हुन्थ्यो भनेर हामीले आलु महोत्सवको परिकल्पना गर्यौं। तर हामीले गर्दै जाँदा यसले त हाम्रो पूरै स्थानीय तहको नै विज्ञापन गर्ने रहेछ। हाम्रो संस्कृति पनि प्रवर्द्धन गर्दो रहेछ। खासगरी यस्ता मेलाहरूले गाउँ छोडेर सहर पसेकाहरूलाई गाउँसँग फेरि जोड्ने र विचार साटासाटको अवसर पनि सिर्जना गर्दो रहेछ।*

धेरै स्थानीय तहहरूले अहिले सञ्चालन गरिरहेका अनुदान वा उत्पादन वृद्धि गर्ने कार्यक्रमहरू केही निश्चित स्थानीय तह बाहेक बहुआयामिकता भन्दा पनि कृषि शाखाको नियमित कार्यक्रममा सीमित रहेका छन्। त्यो कार्य स्थानीय आर्थिक विकासको सिद्धान्त वा अभ्यास भन्दा टाढा रहेको छ। केही स्थानीय तह जस्तै, फेदीखोला गाउँपालिकाले भने अनुदानमा विविधीकरण र वर्गीकरणको प्रक्रियालाई सुरुवात गरेको छ। यसले स्थानीय आर्थिक विकासका सिद्धान्त कार्यान्वयनको वातावरण सिर्जना गरेको छ। नतिजा वा प्रक्रियामा केही समस्या रहे पनि कार्यविधि बनाउँने, गाउँ वा नगर सभामा उत्पादन सम्बन्धी छलफल गर्ने विधिको विकास भने निश्चित रूपमा स्थानीय आर्थिक विकासको अभ्यासको सबै भन्दा ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ। यो अध्ययनको क्रममा सम्पन्न अन्तरवार्ता र उपलब्ध नीति तथा कार्यक्रमहरूका आधारमा सात स्थानीय तहहरूको उत्पादनसँग जोडिएका नीति एवम् प्रक्रियाहरू निम्नबमोजिम रहेका छन् :

| स्थानीय तह | नीति वा विधि |
|---|---|
| गोरखा नगरपालिका, गोरखा | नगरपालिकामा कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अस्तित्वमा छ। सङ्घीय सरकारका कृषि कार्यक्रम तथा ससर्त अनुदानका कार्यक्रम वितरणको लागि उक्त कृषि कार्यक्रम सञ्चालन कार्यविधि लागु हुन्छ। अनुदानका लागि नगरपालिकाले सार्वजनिक सूचना जारी गर्दछ। उक्त सूचनाअनुसार नगरपालिकामा पर्न आएका निवेदनहरूको छानवीन गरी अनुदान रकम वितरण गरिन्छ। यस कार्यक्रम अनुसार अधिकतम अनुदान रकम रु. १२ लाख रूपैया सुन्तला तथा फलफूल खेतीका लागि वितरण गरिएको छ। |

| | |
|---|---|
| गैडाकोट नगरपालिका नवलपुर | नगरपालिकाले कृषक लगानी तथा अनुदानमा आधारित कार्यविधि जारी गरेको छ। अनुदान वितरण प्रक्रियामा कृषकहरूलाई निवेदन दिन लगाई निवेदनमा आधारित रही छनोट गरिन्छ। यसरी छनौट भएका कृषकहरूलाई सिँचाइको लागि साना बोरिङ तथा स्यालो बोरिङ (नगरपालिकाको ७५ प्रतिशत र किसानहरूको २५ प्रतिशत लगानी) का लागि मेसीन खरिद गरी वितरण गर्ने गरिन्छ। |
| बागलुङ नगरपालिका, बागलुङ | नगरपालिकाले कृषकहरूलाई अनुदान दिने कार्य गर्दछ। नगरसभाबाट कार्यक्रम पारित भए पश्चात् बजेट र संभावित कार्यक्रमको वर्गीकरण गरी बजेटको विनियोजन गर्ने कार्य गरिन्छ। कार्यक्रमको वर्गीकरणका आधारमा किसानहरूसँग आवेदन माग कृषि शाखाले गर्दछ। कृषि शाखामा प्राप्त हुन आएका आवेदनहरूको सन्दर्भमा छानविन गरी फिल्डमा गई वस्तुस्थिति अवस्था मूल्याङ्कन गरी प्रतिवेदन लिए पश्चात् नगरपालिकाको आर्थिक विकास समितिमा अनुदानका फाइलहरू पेस गर्ने गरिन्छ। उक्त आर्थिक विकास समिति ६ सदस्यीय छ। आर्थिक विकास समितिले स्वीकृत गरी सकेपछि कृषकको मागका आधारमा जस्तै; टनेलका लागी प्लास्टिक, फलामका पोल, बीउविजन लगायतको अनुदान वितरणका लागि कृषकसँग सम्झौता गरिन्छ। सम्झौतामा कुन कार्यक्रम कहिले र कसरी गर्ने भन्ने विस्तृत विवरण उल्लेख गरिन्छ र कामको मूल्याङ्कन र अनुगमन कृषि शाखा तथा आर्थिक विकास समितिले गर्दछ। |
| मादी गाउँपालिका, कास्की | गाउँपालिकाभित्र व्यवसायिक कृषि तथा पशुपालन क्षेत्रको सशक्तीकरणका लागि साना कृषि व्यवसाय तथा पशु उत्पादन केन्द्रको स्थापना र सञ्चालनको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन गर्दै कृषि बाली तथा पशुपालन पकेट कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ द्वारा गाउँपालिकामा विभिन्न खाद्यवस्तुहरू तथा फलफूल, मौरी तथा मसलाजन्य वस्तुहरू उत्पादन गर्ने पकेट क्षेत्रहरू तोकी सोही आधारमा लगानी गरी आएको छ। |
| मालिका गाउँपालिका, म्याग्दी | गाउँपालिकामा अनुदानमा औजार तथा बीउविजन वितरण गरिने गरेको छ। गाउँपालिकाले अनुदान वितरण गर्न औजार तथा बीउविजन कार्यविधि बनाएको छ। कृषकहरूलाई अनुदान वितरण गर्दा समूह तथा सहकारी दर्ता भै वार्षिक कर तिरेका कृषकहरूलाई खवर गरिन्छ। कृषि समूह, फर्ममार्फत अनुदान दिने गरिन्छ। कोदो चुट्ने मेसिन तथा हाते ट्याक्टर विगत ४ वर्षदेखि वितरण गरिदै आएको छ। वार्षिक ४० थान ट्याक्टर र कोदो चुट्ने मेसिन वितरण गरिएको छ। यसका अलावा यस गाउँपालिकाले कृषकहरूलाई बाखा वितरणसमेत गरेको छ। |
| फेदीखोला गाउँपालिका, स्याङजा | फेदीखोला गाउँपालिकाले कुल चार प्रकारको अनुदान प्रदान गर्दछ।<br>**पहिलो, उत्पादनमा आधारित अनुदान** : यो अनुदान गाउँपालिका क्षेत्रभित्र तोकिएको सहकारी संस्थामार्फत कृषकलाई दिने गरिन्छ। जसअनुसार रु. १०० बराबरको कृषि उपज उत्पादन गरेमा गाउँपालिकाले १५ रूपैयाँ अनुदान दिन्छ। |

| | |
|---|---|
| | **दोस्रो, न्यूनतम समर्थन मूल्य गाउँपालिकाले तोक्ने कार्यक्रम** : यस अन्तर्गत गाउँपालिकाले २६ वटा उत्पादन वस्तुमा समर्थन मूल्य तोकेको छ। जसअनुसार कृषकले उत्पादन गरेका कृषि फर्मको मूल्य उचित प्राप्त गर्न नसकेको अवस्थामा गाउँपालिकाले अनुदान दिने गर्दछ। जस्तै; बन्दागोभीको रु. १० मूल्य भएमा रु. १० नै गाउँपालिकाले थपेर प्रति के.जी. रु. २० बराबरको रकम कृषकलाई दिने गरिन्छ।<br><br>**तेस्रो, जग्गा प्रोत्साहन अनुदान कार्यक्रम** : यो अनुदान २ वर्ष वा सोभन्दा बढी अवधि जमिन बाँझो भै रहेकोमा उक्त बाँझो जमीनमा उत्पादन गर्न प्रतिरोपनी रु. २०००।- अनुदान दिइन्छ। आफ्नो जमिन बाहेक अन्य व्यक्तिको जमीन खनजोत गरी उत्पादन गर्न सहयोग गरेमा रु. २५०० प्रति रोपनी अनुदान दिइन्छ।<br><br>**चौथो, युवा उद्यम कार्यक्रम** : यो कार्यक्रम युवा लक्षित अनुदानमूखी कार्यक्रम हो। जसअनुसार युवालाई उद्यमसँग जोड्न युवा समूह गठन गरी व्याजरहित ढङ्गबाट रु. ५ लाख रूपैयासम्म लगानी गर्ने गरी अनुदान दिइन्छ। उक्त रकम ३ वर्षपछि फिर्ता गर्ने योजना छ। |
| हुप्सेकोट गाउँपालिका, नवलपरासी | यस गाउँपालिकामा ३ तहका कृषि नगद पुरस्कारको व्यवस्था गरिएको छ। विभिन्न क्षेत्रमा पहिलो, दोश्रो, तेस्रो हुने कृषकलाई पुरस्कार दिने व्यवस्था कृषि कार्यविधिमा रहेको छ। त्यसैगरी, कृषकहरूले गरेको उत्पादनलाई नगरपालिकाले ३ तहमा वर्गीकरण गरी वार्षिक अनुदान दिने गर्दछ। गाउँपालिकाले अनुदान लक्षित कार्यविधि जारी गरेको छ। जमिन, उत्पादन क्षमता आदि हेरेर अनुदान दिने गरिन्छ। जस्तै; हुप्सेकोटको वडा नं. १ मा काँक्रो पकेट क्षेत्र छ जहाँ कृषकहरूले आ.व. २०७९/८० मा १६ करोड रूपैयाँको काँक्रो विक्री गरेका छन्। गाउँपालिकाले पकेट क्षेत्र निर्धारण गरेको छ। पशुपालन, कृषि तरकारी तथा आलु पकेट क्षेत्र जस्तै वडा नं. १ काँक्रो, वडा नं. ३ आलु उत्पादन क्षेत्र हो। आलु उत्पादनको लागि गण्डकी प्रदेश सरकारले आ.व. २०७९/८० का लागि ९२ लाख रूपैयाँ छुट्याएको छ। त्यसैगरी बाँझो जमिनमा खेती गर्नका लागि ३ करोड ९२ लाख बराबरको रकम विनियोजन गरिएको छ। यस गाउँपालिकाले विगाहको लगत तयार गरी बढी उत्पादन क्षेत्रको विस्तारको प्रयासमा छ। अन्नवाली उत्पादन क्षेत्रका लागि कृषि ज्ञानकेन्द्रले निगरानी गर्दछ। |

### ४.२.६ क्षमता अभिवृद्धि

स्थानीय आर्थिक विकास निश्चित भूगोलभित्र सृजित समस्यालाई समाधान गर्न वा अर्थतन्त्रको नयाँ आयामहरू सिर्जना गर्न लागु गरिन्छ भन्ने तथ्य यो अध्ययनको अध्याय दुईबाट प्रष्ट हुन्छ। साथै सोही खण्डमा नेपालले अहिले सामना गरिरहेको समस्याहरू जस्तै, उच्च बसाइँसराइँ जस्ता समस्यालाई हल एवम् कृषि र पर्यटनमा आधारित उद्यमशीलता विकासमार्फत नयाँ आयाम सिर्जना गर्न स्थानीय आर्थिक विकासको विधि उपयुक्त हुने बारेमा पनि छलफल गरिएको छ। सँगसँगै स्थानीय आर्थिक विकासको सिद्धान्त लागु भएको क्षेत्रमा विगतको आर्थिक गतिविधिलाई नयाँ ढङ्गबाट सञ्चालन गर्ने वा नयाँ क्षेत्रको पहिचान गरी नित्तान्त नयाँ प्रकृतिको काम गर्ने गरिन्छ। त्यस्तो अवस्थामा उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धि अपरिहार्य हुन्छ।

स्थानीय आर्थिक विकासको चक्रले पूर्णरूपमा काम गर्न प्रत्येक चक्रमा छुट्टाछुट्टै क्षमता भएका विज्ञहरू र पात्रहरू आवश्यक पर्दछ। जस्तै, स्थानीय सञ्जाल वा फोरम निर्माण र सञ्चालनको लागि स्थानीय जनताहरूसँग त्यस्तो क्षमता भएको हुनु पर्दछ। यो अध्ययनको सिलसिलमा धेरै स्थानीय जनप्रतिनिधि र केही कर्मचारीहरूले उठाएको सवाल मध्ये एउटा नीति निर्माण गर्ने क्षमता थियो। स्थलगत सर्वेक्षणको क्रममा एक गाउँपालिकामा भएको सामूहिक छलफलमा अध्ययन टोलीलाई प्राप्त राय निम्नानुसार थियो :

> *[एक शाखा प्रमुख] "हामीलाई र पोखरा महानगरलाई तिमीहरू एकै होऊ र आफ्नो लागि आफ्नो तथ्याङ्क र कानून आफैं निर्माण गर भन्ने व्यवस्था कतिको न्याय संगत छ ? हामी यहाँ अधिकृत तहका केही सीमित कर्मचारीहरू मात्रै छौं। हाम्रो पालिकाका धेरै स्थानमा जान हिड्नु पर्दछ। ल हेर्नुहोस, आज तपाईहरूले प्रमुख प्रशासकीय अधिकृतज्यूलाई भेट्न नसक्ने हुनु भयो। उहाँ एउटा वडा कार्यालय जानु भएको थियो र अब आउँदा रात पर्दछ। यस्तो बेलामा प्रदेश सरकारले हाम्रो जस्तो पालिकालाई नीति, नियम, कार्यक्रम बनाउन विशेष सहयोग गर्नु पर्दछ।"*
>
> *[उपमेयर] "भन्नुहोस् अब हामी कसलाई काम लगाउने। हामी त एक परिवार जस्तो भएर बसेका छौं, सबैले सबैको काम गर्दछन्। तर विशेष योजना र कार्यक्रम निर्माण गर्न सक्ने र त्यसलाई कार्यान्वयन गर्न सक्ने जनशक्तिको विशेष अभाव रहेको छ।"*

यो अध्ययनको सिलसिलमा भएका अन्तरवार्तामा 'क्षमता' भन्ने शब्दको व्याख्या अत्यन्तै सीमित परिभाषाको साथ प्रयोग भएको पाइएको छ। सामान्यतया, कर्मचारी त्यो पनि प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूको 'क्षमता' मात्रै चर्चा हुने गरेको थियो। तर स्थानीय आर्थिक विकासको लागि त्यो मात्रै पर्याप्त हुँदैन्। यो विषय आगामी दिनमा प्रदेश सरकार र स्थानीय तहले संयुक्तरूपमा हल गर्दै जानु पर्ने विषय देखिन्छ।

यो अध्ययनको क्रममा क्षमता विकासका कार्यक्रमहरू प्रति स्थानीय तहमा विकसित हुँदै गएको

नकारात्मक धारणा अत्यन्तै चिन्ताजनक रहेको छ। एक गाउँपालिकाका अध्यक्षले त आफू आए पश्चात् त्यस्ता कार्यक्रमलाई निरुत्साहित गरेको सम्मको धारणा व्यक्त गरे। अन्यको हकमा पनि स्थानीय तह भित्र स्थानीय तहको बजेटमा हुने त्यस्ता कार्यक्रमहरू प्रति धेरै प्रश्नहरू उत्पन्न हुने गरेको पाइएको छ। स्थानीय जनताको क्षमता विकास - आफ्नो जीवनलाई आफैंले व्यवस्थित गर्न मद्दत गर्ने बहुआयामिक सामाजिक प्रक्रिया (Page & Czuba, 1999) – को त विषय उत्थानसम्म पनि हुन नसकेको अवस्था रहेको छ। निश्चित भूगोलभित्रको उत्पादन वा सेवा क्षेत्रमा कार्यरत जनताहरूको क्षमता अभिवृद्धि गर्न सुरुमा कोसँग कस्ता क्षमता छन् र के कस्ता विषयमा क्षमता अभिवृद्धि आवश्यक छ भन्ने निर्धारण गर्नु पर्दछ। ILO को परिभाषा अन्तर्गत यो स्थानीय आर्थिक विकास कार्यान्वयनको सुरुवाती चरणमा नै गर्नु पर्दछ। अध्ययन गरिएका सबै स्थानीय तहहरूमा यो कार्यको सुरुवातसम्म पनि हुन सकेको छैन।

**उत्पादन र सेवाको ब्रान्डिङ क्षमता विकास अपरिहार्य**

माथि चर्चा गरिएझैं, सबै स्थानीय तहहरू अहिले उत्पादन र सेवामा कस्ता क्षेत्रमा प्राथमिकता दिने भन्ने बारेमा लगभग निर्धारण गरेका छन्। साथै, त्यस्ता क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न विविध कार्यक्रमहरू पनि सञ्चालन गरेका छन्। तर, उत्पादन भएका सामग्रीहरूलाई कसरी ब्रान्डीङ गर्ने भन्ने विषयमा अझै पनि संवादको सुरुवाती चरणमा रहेका छन्। जस्तै, केही उदाहरणहरू हेरौं। हुप्सेकोटको एउटा प्रमुख उत्पादन काँक्रो पनि हो। यो गाउँपालिकाको प्राथमिकता क्षेत्र पनि पर्दछ। तर, त्यो काँक्रोको नाम अझै "भक्तपुरे काँक्रो" रहेको छ। बागलुङ नगरपालिकाले पर्यटन पूर्वाधारमा धेरै लगानी गरेको छ र उपप्रमुख पर्यटन कार्यक्रम पनि सञ्चालन गरिरहेको छ। तर यसले आफूले प्राथमिकता दिएको पर्यटनको प्रकृतिलाई अझै पनि पूर्णरूपमा विकास गर्न सकेको छैन।

यो अध्ययनको सिलसिलमा छलफलमा सहभागी सबै प्रतिनिधिहरूले आफ्नो उत्पादन, सेवा, प्रकृति वा संस्कृतिको ब्रान्डिङको आवश्यकतालाई महसुस गरेको पाइएको छ। प्रदेश सरकार र मातहतका कार्यालयहरूले त्यसको क्षमता विकासलाई स्थानीय आर्थिक विकासका सिद्धान्त कार्यान्वयनको अवसरको रूपमा लिनु पर्दछ।

## ४.२.७ दिगोपन

दिगोपनको विषयलाई तीन फरक आयामबाट चिरफार गर्नु आवश्यक छ। पहिलो, स्थानीय तहले विशेष प्राथमिताका साथ उत्पादनमा सहयोग वा उत्प्रेरित गरे पनि बजार नपाएर सोचेको उपलब्धि प्राप्त गर्न नसकेका उदाहरणहरू देखा पर्न सुरु भई सकेका छन्। जस्तै, पर्यटक धुम्न नआउने मौसममा घरपझोङमा गाईको दूध, हुप्सेकोटमा बंगुरको मासु त्यस्ता उदाहरणहरू रहेका छन्।

दोस्रो, उत्पादनमा वृद्धि हुँदै गए पश्चात् त्यस सम्बन्धी उद्योगहरूको सुरुवात हुँदा त्यो उत्पादनको क्षेत्रमा निरन्तर लगानी वृद्धि हुन्छ। सेवा क्षेत्रको हकमा पनि सेवा लिन आउने व्यक्ति जस्तै, पर्यटकहरूको संख्या वृद्धि हुँदा मात्रै लगानी र सेवाको गुणस्तर अभिवृद्धि हुन्छ। त्यसैगरी, स्याउबाट उत्पादन हुने वाइन कम्पनीहरू वृद्धि हुँदा घरपझोङमा स्याउको उत्पादन निरन्तर वृद्धि भएको छ।

तर, अन्य स्थानहरूमा त्यस्तो वातावरण अझै पनि बन्न सकेको छैन।

तेस्रो, माथि चर्चा गरेझैं, स्थानीय आर्थिक विकासले प्राथमिकता क्षेत्रलाई अल्प (धेरै जनताको आयस्तर वृद्धि गर्ने), मध्यम (निश्चित भूगोलको समग्र अर्थतन्त्रको संरचना नै परिवर्तन गर्ने बफर जोन क्षेत्र निर्माण, जस्तै कुनै उद्योग चलाउने हो भने कच्चापदार्थ उत्पादन सुरु) र दीर्घकालीन क्षेत्र (स्थिर रूपमा लामो समयसम्म फाइदा लिन सकिने क्षेत्र) को रूपमा वर्गीकरण गर्दछ र त्यस अनुसारको रणनीति तय गर्दछ। यो अध्ययनमा छनौट भएका स्थानीय तहहरू धेरै जसो अहिले अल्पकालीन प्राथमिकतामा रहेको पाइएको छ। आगामी दिनमा दोस्रो र तेस्रो चरणमा कसरी लैजाने भन्ने प्रश्नमा हामी सबैको ध्यान जानु आवश्यक छ। त्यसको लागि उत्पादन र क्षमता सम्बन्धित विस्तृत तथ्याङ्क र त्यसको विश्लेषण आवश्यक हुन्छ।

# अध्याय-पाँच
# प्राप्त उपलब्धि, चुनौती र सम्भावना

## ५.१ उपलब्धि

यो अध्ययनले प्राप्त उपलब्धिहरूलाई तहगत, संस्थागत र कार्यक्रमगत रूपमा वर्गीकृत गरी प्रस्तुत गरेको छ। तहगत रूपमा सङ्घीय सरकार आर्थिक वृद्धिमा आधारित योजना एवम् कार्यक्रमहरूको क्रमिक रूपमा विकासतर्फ उन्मुख हुनु र गुणात्मक पक्षलाई विशेष ध्यान दिनुलाई विशेष उपलब्धि मान्न सकिन्छ। 'सुखी नेपाली' को अवधारणा त्यसको एउटा उदाहरण हो। त्यसकै निरन्तरता स्वरूप सङ्घीय सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रममा मानव सूचकाङ्कमा पछाडि परेका कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशलाई विशेष प्राथमिकतामा राखी तद्अनुरूप स्रोत परिचालन गर्ने नीति लिएको छ (बुँदा नं. ११)। साथै, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वि.सं. २०७९ मा स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याएको छ। आगामी दिनहरूमा यसलाई प्रमुख प्राथमिकताका साथ क्रमिक रूपमा लागु गर्दै लैजाने रणनीति पनि तय गरेको छ। स्थानीय तहहरूलाई आर्थिक सशक्तीकरण, सीप विकास तालिम, व्यवसाय प्रवर्द्धन, उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन, विशिष्टीकृत वस्तु उत्पादन र स्थानीय आर्थिक पूर्वाधार विकासको लगानीमा प्रतिस्पर्धी बनाउने उद्देश्य राखेको छ। त्यस अर्थमा स्थानीय आर्थिक विकास आगामी दिनमा एउटा प्रमुख मुद्दा बन्ने निश्चित भएको छ। धेरै देशहरूले स्थानीय आर्थिक विकासलाई निश्चित समय र परिस्थितिले सिर्जना गरेका समस्याहरूको समाधानको विकल्पको रूपमा औपचारिक रूपमा ग्रहण गरे जस्तै नेपाल पनि छिट्टै त्यसतर्फ उन्मुख हुने देखिन्छ।

संघ र त्यस मातहतका कार्यालयहरूले भूगोल सुहाउँदो नीति र कार्यक्रमलाई विशेष प्राथमिकता दिने गरेका छन्। प्रदेश सरकारहरूले पनि यसलाई उच्च ग्राह्यता दिएका छन्। यसका दुई आयामहरूको बारेमा छलफल आवश्यक छ। पहिलो, "एक स्थानीय तह एक विशेष उत्पादन" संघ सरकारले मात्रै होइन प्राय सबै प्रदेश सरकारले प्राथमिकता दिने कार्यक्रम बनिसकेको छ। नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममार्फत् "एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक स्थानीय तह एक उत्पादन क्षेत्र नीति" मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गर्ने घोषणा गरेको छ। यो अध्ययनले यस्ता नीति र कार्यक्रमहरूको सकारात्मक

नतिजालाई पनि पहिचान गरेको छ। स्थानीय तहहरू क्षेत्रमा केन्द्रित हुँदा समग्र अर्थतन्त्रलाई सुधार गर्न सकिन्छ भन्नेमा प्रष्ट हुँदै गएका छन् र आत्मविश्वास पनि बटुल्दै गएका छन्।

दोस्रो, अनुदानमुखी कार्यक्रमबाहेक पनि सरकारहले स्थानीय तहहरूले सजिलै अवलम्बन गर्न सक्ने विविध अवधारणाहरूलाई विकसित गर्दै प्रवर्द्धन गर्ने काम पनि गरिरहेको छ। हरित अर्थतन्त्र, महिला उद्यमशीलता, महिला विशेष औद्योगिक ग्राम, कृषि-पर्यटन, हरित औद्योगिक पार्क, ग्रामीण पर्यटन, एग्रो टुरिजम आदि प्रतिनिधिमूलक उदाहरण मात्रै हुन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई यो सिलसिलाको सबै भन्दा ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ। नेपाल सरकारले कोरोनाका महामारीबाट पर्यटन क्षेत्रमा पर्न गएका प्रभावहरूलाई न्यूनीकरण गर्न ल्याएको पर्यटन क्षेत्र पुनरुत्थान कार्ययोजना-२०७९ मा त्यस्ता धेरै विशेषताहरू रहेका छन्।

सहकारी र सहकार्यका माध्यमबाट कृषि र पर्यटनको विकास गर्न सकिन्छ र गर्नु पर्दछ भन्ने राष्ट्रिय अवधारणाको विकास र स्वीकारोक्ति अर्को ठूलो उपलब्धि रहेको छ। राष्ट्रिय सहकारी नीति २०६९ ले सहकारी पद्दतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको मुख्य उद्देश्य राखेको छ। कृषिमा सहकारीको उपयोगको बारेमा धेरै चर्चा हुने गरे पनि पर्यटनमा पनि सहकारीको उपयोग वृद्धि हुँदै छ। देशभर १०० भन्दा धेरै पर्यटन सहकारी सञ्चालनमा छन्।

प्रदेश सरकारहरूले पनि माथिका विषयहरूलाई प्राथमिकता दिँदै क्षेत्र र भूगोल सुहाउँदो कृषि र पर्यटन नीति एवम् कार्यक्रमहरूलाई निरन्तर रूपमा विकसित गर्दै लागेका छन्। जस्तै आर्थिक वर्ष २०७९/८० को बजेटमा कोशी प्रदेशले कृषिक्षेत्रको रूपान्तरण, व्यवसायीकरण र विविधीकरण मूलनाराको साथ बजेट पेस गरेको थियो। त्यस्तै, मधेश प्रदेशले कृषिक्षेत्रको विकासको सम्भावना, प्रवर्द्धन, कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरी कृषिमा आत्मनिर्भर हुने र निर्यात प्रवर्द्धन गर्ने नीति लिएको थियो। साथै प्रदेशले कृषि गुरुयोजना तयार गर्न ५० लाख रूपैया विनियोजन पनि गरेको थियो। सोही वर्षको बजेटमा बागमती प्रदेशले कृषि, उद्योग, वातावरण लगायतलाई प्राथमिकतामा राखेको थियो। त्यसै वर्ष गण्डकी प्रदेशले सुशासन र कृषि उत्पादनलाई प्राथमिकता दिएको थियो। सोही बजेटमा मकैको बिउ उत्पादनका लागि ५ करोड रूपैयाँ र स्याउमा आत्मनिर्भर गराउन १७ करोड विनियोजन गरिएको थियो। लुम्बिनी प्रदेशले कृषि, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेको थियो। कर्णाली प्रदेशले कृषि र पूर्वाधारलाई प्राथमिकता दिएको थियो। प्रदेशले जाजरकोट जिल्लालाई मौरी उत्पादनको हबका रूपमा विकास गर्ने उद्देश्य राखेको थियो। त्यसैगरी, सुदूरपश्चिम प्रदेशले कृषि विकास र सडक पूर्वाधार विकासलाई प्राथमिकता दिएको थियो।

गण्डकी प्रदेशको बारेमा केही थप चर्चा गरौं। प्रदेशले आर्थिक वर्ष २०८०/८१ को नीति तथा

कार्यक्रममा "प्रदेशको उत्पादन, हाम्रो पहिचान" भन्ने नारालाई अगाडि सारेको छ भने एक निर्वाचन क्षेत्र एक प्रविधि मैत्री स्मार्ट कृषि फर्मको कार्यक्रमलाई अगाडि सारेको छ। त्यस्तै, पर्यटनतर्फ "एक प्रदेश निर्वाचन क्षेत्र, एक नमुना घरबास (होमस्टे) कार्यक्रम" सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण गर्ने योजना राखेको छ। आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसर सिर्जना गर्दै खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्ने उद्देश्य राखेको थियो। सोही उद्देश्य अन्तर्गत सुन्तला जातका फलफूलको पकेट प्रदेश, महिलालाई कृषि रोजगारीमा विशेष प्राथमिकता, मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम, विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम, किसानसँग विज्ञ कार्यक्रमलाई प्राथमिकता दिएको थियो। त्यसैगरी, आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा गण्डकी प्रदेशलाई नेपालको मुख्य पर्यटन केन्द्रबिन्दु र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रूपमा विकास गर्ने कार्यलाई निरन्तरता दिने र प्रदेश पर्यटन गुरुयोजनालाई पुनरावलोकन गर्ने उद्देश्य राखेको थियो।

गण्डकी प्रदेशको हकमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयनको विशेष पहल गरिरेहेको छ। प्रतिष्ठानले स्थानीय आर्थिक विकास तालिम पुस्तिका निर्माण गरेर त्यसमा आधारित तालिम सञ्चालन गर्ने गरेको छ। यसले प्रदेश भित्रका स्थानीय तहहरूलाई नीति एवम् कार्यक्रमहरू निर्माण गर्दा स्थानीय आर्थिक विकासका सिद्धान्तहरूलाई लागु गर्ने वातारण सिर्जना गर्न सहजीकरण गर्ने काम पनि निरन्तर रूपमा गर्दै आएको छ।

प्रदेशहरूले स्थानीय आर्थिक विकासलाई ध्यानमा राखेर गरिरहेको अर्को ठूलो जमर्को भनेको प्रदेश विश्वविद्यालयको स्थापना पनि हो। कोशी, गण्डकी, लुम्बिनी प्रदेशमा प्रदेश विश्वविद्यालय स्थापना भई शैक्षिक कार्यक्रमहरू सञ्चालनमा आई सकेका छन् भने अरु सबै प्रदेशले पनि त्यसको तयारी गरि रहेका छन्। माथिको विश्लेषणबाट स्थानीय आर्थिक विकासको लागि ज्ञान उत्पादन एउटा प्रमुख आधार भएको प्रष्ट भएको छ तर त्यसको लागि स्थानीय तहहरू अझै पनि तयार नरहेको पनि प्रष्ट भएको छ। त्यस्तो अवस्थामा प्रदेश सरकारहरूले सञ्चालन गर्ने विश्वविद्यालयहरूको भूमिका अत्यन्तै महत्पूर्ण हुनेछ।

सङ्घीयताको कार्यान्वयन पश्चात् स्थानीय तहहरूले यो क्षेत्रमा धेरै ठूलो फड्को मारेका छन् र धेरै उपलब्धिहरू हाँसिल गरिसकेका छन्।सर्वप्रथम योजनाहरू निर्माण भएका छन्। धेरै स्थानमा आवधिक योजना निर्माण भएका छन्। नभएका स्थानहरूमा निर्माण हुने चरणमा छन् र कतिपय स्थानीय तहहरू पुनरावलोकनको चरणमा रहेका छन्। जस्तै, अध्ययन गरिएको स्थान मध्ये गोरखा नगरपालिकाले आवधिक योजना, शिक्षा र पर्यटन गुरुयोजना सँगसँगै निर्माण गरेको छ भने घरपझोङ

गाउँपालिकाले पुनरावलोकनको प्रक्रियालाई सुरुवात गरिसकेको छ। मादी गाउँपालिकाले दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। स्थानीय तहहरूले वार्षिक नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गर्ने गरेका छन्। समग्रमा योजना निर्माण क्षमतामा अभिवृद्धि भएको छ।

आफ्ना प्राथमिकता मात्रै होइन स्थानीय तहको संरचनालाई नै स्थानीय आर्थिक विकाससँग जोडेर क्रमिक रूपमा परिमार्जन गर्दै लागेका छन्। विकासलाई आर्थिक, भौतिक र सामाजिक गरी वर्गीकरण गर्ने विषय अब सबैले स्वीकार गरिसकेको अवस्था छ। जस्तै; गोरखा नगरपालिकाले आफ्ना शाखाहरूलाई निम्नानुसार वर्गीकृत गरेको छ : प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार व्यवस्थापन एवम् वातावरण शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, कानून शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा र आन्तरिक शाखा। आर्थिक विकास शाखा अन्तर्गत पर्यटन, घरेलु तथा साना उद्योग, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र तथा अन्य रहेका छन्। धेरै स्थानीय तहहरूले आर्थिक विकास शाखा अन्तर्गत कृषि र पर्यटन केन्द्रहरू राख्ने र तिनीहरूको सहकार्यलाई प्रवर्द्धन गर्ने काम गरिरहेका छन्। त्यसैगरी, नीतिगत रूपमा स्थानीय तहहरूले आर्थिक विकासको नीतिलाई एकीकृत नीतिको रूपमा विकसित गर्दै लाने कामलाई पनि तीव्रता दिइरहेका छन्।

गैंडाकोट नगरपालिकाले स्थानीय तहको विकासलाई निम्नानुसार ५ क्षेत्रमा वर्गीकरण गरी योजना निर्माण गर्ने गरेको छ। आर्थिक विकास (पर्यटन, उद्योग/व्यवसाय/सहकारी, कृषि, पशु सेवा), सामाजिक विकास (शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा विवरण, न्यायिक समिति, महिला बालबालिका), पूर्वाधार विकास, सुशासन वन, वातावरण तथा विपद् व्यवस्थापन। त्यस अर्थमा स्थानीय आर्थिक विकासको मोडेल कार्यान्वयनको लागि अपरिहार्य बहुआयामिक तथ्याङ्क, सहकार्य र समन्वयको पाटो क्रमिक रूपमा सम्बोधन हुँदै गएको छ। नतिजा वा प्रक्रियामा केही समस्या रहे पनि कार्यविधि बनाउने, गाउँ वा नगर सभामा उत्पादन सम्बन्धी छलफल गर्ने विधिको विकास भने निश्चित रूपमा स्थानीय आर्थिक विकासको अभ्यासको सबैभन्दा ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ।

तहगत उपलब्धिहरूलाई संस्थागत उपलब्धिसँग जोडेर थप व्याख्या गर्नु आवश्यक रहेको छ। संघ, प्रदेश र स्थानीय तहमा स्थानीय आर्थिक विकासलाई टेवा पुर्‍याउने वा सिद्धान्त कार्यान्वयनमा सहजीकरण गर्न सक्ने कार्यालयहरू स्थापना भएका छन् र आर्थिक गतिविधिहरू सञ्चालन गरिरहेका छन्। माथि उल्लेख गरिएझैं स्थानीय तहहरूले 'आर्थिक विकास' भन्ने शब्दमा आधारित भई शाखा र नीतिहरूलाई नामाकरण गर्नु, सम्भावनाका क्षेत्रहरूलाई त्यस्ता शाखा र नीति अन्तर्गत एकीकृत गर्नु र प्राथमिकताका क्षेत्रलाई व्यवस्थापन गर्न केन्द्रहरूको स्थापना गर्नु स्थानीय आर्थिक विकासको दृष्टिकोणबाट एउटा ठूलो उपलब्धि हो।

संस्थागत रूपमा नै संघ प्रदेश र स्थानीय तहहरू बीच कसरी सहकार्यलाई थप मजबुद बनाउन सकिन्छ भन्नेमा तीनै तहका सरकारहरूको धारणा प्रष्ट हुँदै गएको छ र त्यसका उपायहरूको बारेमा

खुल्ला बहस सुरु भएको छ। यो अध्ययनको अध्याय तीनमा उल्लेख गरिए झैं यो अध्ययनमा समाहित स्थानीय तहका प्रतिनिधिहरू मध्ये ६० प्रतिशतले आफ्नो स्थानीय तहमा नीति एवम् कार्यक्रम निर्माण गर्दा संघ र प्रदेशको नीति पर्याप्त रहेको धारणा व्यक्त गरेका छन्।

त्यसैगरी, स्थनीय उत्पादन अभिवृद्धि गर्ने उद्देश्यले संघ र प्रदेश सरकारले सञ्चालन गरिरहेका कार्यक्रमहरूबाट स्थानीय जनताहरूलाई कसरी अधिकतम फाइदा दिलाउन सकिन्छ भन्ने विषय स्थानीय तहका जनप्रतिनिधि एवम् कर्मचारीको प्रमुख चासोको विषय बनेको छ। स्याउ धेरै उत्पादन हुने घरपझोङ गाउँपालिका, मकै धेरै उत्पादन गर्न क्रियाशील कुश्मा नगरपालिका, तरकारी, दूध र पशुजन्य उत्पादनको बजार मान्ने फेदीखोला गाउँपालिकाका वडा अध्यक्ष, एकीकृत पर्यटन नीति एवम् कार्यक्रममा अग्रसर गोरखा र बागलुङका उपमेयर सबै कसरी संघ र प्रदेश एवम् मातहतका कार्यालयसँगको सहकार्यमा थप प्राथमिकता क्षेत्रमा धेरै भन्दा धेरै अनुदान प्राप्त गर्न र उत्पादन अभिवृद्धि गर्न सकिन्छ भन्नेमा नै केन्द्रित छन्। यसले निश्चितरूपमा स्थानीय आर्थिक विकासलाई संस्थागत गर्न मद्दत गरिरहेको छ।

क्षेत्रगत रूपमा धेरै उपलब्धिहरू भएका छन्। तेस्रो अध्यायमा धेरै पटक उल्लेख गरिए झैं हरेक स्थानीय तहले कुन विषयलाई प्राथमिकता दिने भन्नेबारेमा आ-आफ्नो धारणा, नीति र कार्यक्रमहरू तय गरेका छन् र अहिले त्यसको योजनाहरू निर्माण गर्ने चरणमा छन् वा ती मध्ये केहिले निर्माण गरिसकेका छन्। र सबैभन्दा महत्वपूर्ण विषय भनेको यस्ता योजना निर्माण गर्दा धेरै हदसम्म स्थानीय आर्थिक विकासका सिद्धान्त र प्रक्रियाको अवलम्बन अभ्यासमा आएको छ। पोखरा महानगरपालिकाले तय गरेको पर्यटन पुनरोत्थान रणनीतिक योजना २०७८-८२ एउटा प्रतिनिधि उदाहरण बनेको छ। यो अध्ययनले विश्लेषण गरेका स्थानीय तहका प्रतिवेदन वा नीति मध्ये स्थानीय आर्थिक विकासको सिद्धान्तलाई धेरै अनुसरण गर्न खोजिएको योजना पनि रहेको छ। यो योजना चरणबद्ध छलफल र कार्यशाला गोष्ठीबाट तय गरिएको छ। यद्यपि त्यसको उद्देश्य स्थानीय फोरम निर्माण होइन। त्यो नै हाल स्थानीय तहहरूका प्रयत्नहरू स्थानीय आर्थिक विकासको सिद्धान्तबाट टाढा रहेको दर्शाउने प्रमुख कारण रहेको यो अध्ययनको निष्कर्ष थप एक पटक प्रमाणित भएको छ। तर, यो योजनाले कोरोनाले पारेको प्रभावको विश्लेषण, त्यसका आधारमा आवश्यक रणनीतिको तय, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्यविधि निर्धारण गरेको छ।

यो अध्ययनले छनौट गरेका स्थानीय तहहरूमा स्थानीय क्षेत्रगत रूपमा स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न सहजीकरण गर्ने तीन थप उपलब्धिहरू पहिचान भएका छन्। पहिलो, एकीकृत एवम् बृहत् तथ्याङ्कको आवश्यकतालाई महसुस गरेका छन्। त्यसको निर्माणको लागि प्रयत्न पनि गरिरहेका छन्। सर्वेक्षणको क्रममा मादी गाउँपालिकाका अध्यक्ष एवम् प्रमुख प्रशासकीय अधिकृत,

गोरखा र बागलुङ नगरपालिकाको उपमेयर, मालिका गाउँपालिकाका उपाध्यक्षले आगामी दिनमा स्थानीय तह सम्बन्धी एकीकृत तथ्याङ्क आवश्यक रहेको धारणालाई धेरै जोडबलका साथ उठाएका थिए।

दोस्रो, दक्ष जनशक्तिको अभावलाई प्राय सबै स्थानीय तहहरूले अनुभूति गरिरहेका छन्। यसको लागि स्थानीय तहहरूले धेरै खाले प्रयत्न गरिरहेका छन्। जस्तै, घरपझोङ गाउँपालिकाले आफैं प्रविधिक शिक्षा प्रदान गर्ने कलेज आफैं चलाउने मात्रै होइन त्यसमा पोखरा गएर उच्च शिक्षा लिन चाहने विद्यार्थीहरूलाई छात्रवृत्ति पनि प्रदान गरिरहेको छ। फेदीखोला गाउँपालिका प्रदेश सरकारसँगको समन्वयमा प्रदेशस्तरको प्राविधिक शिक्षा केन्द्र सञ्चालनको लागि विदेशी दातृ निकायहरूसँग निरन्तर छलफलमा छ। फेदीखोला गाउँपालिका वडा नं. १ मा प्राविधिक शिक्षालय सञ्चालन हुने प्रकृयामा छ।

तेस्रो, स्थानीय तहहरूले बजारीकरणको महत्त्वलाई बुझ्ने मात्रै होइन, आफ्नो उत्पादनलाई ठूला बजारसँग जोड्ने कामको सुरुवात गरिसकेका छन्। जस्तै, हुप्सेकोट गाउँपालिकाले आफ्नो तरकारी एवम् मासुजन्य उत्पादनलाई काठमाडौंको बजारमा सिधै पुऱ्याउन सहयोग गरिरहेको छ। यो अध्ययनमा समावेश बहुसंख्यक स्थानीय तहहरूको ध्यान अहिले उत्पादनलाई वृद्धि गर्ने नीतिबाट त्यसको प्रवर्द्धनको नीतिमा पुगिसकेको छ। यो सिलसिलामा विविध क्षेत्रमा रोजगारी सिर्जना हुने र त्यसले स्थानीय अर्थतन्त्रको स्वरूप क्रमिक रूपमा लिँदै गएको छ।

यस्ता प्रयत्नहरूले हामीले पनि गर्दा हुने रहेछ भन्ने आत्मविश्वास सिर्जना गरेको छ। यो अध्ययनको सिलसिलामा स्थानीय तहका सबैसँग त्यस्तो आत्मविश्वास रहेको पाइएको छ। मेहनत गर्यो भने हाम्रो अर्थतन्त्रमा अर्थपूर्ण सुधार गर्न सकिन्छ भन्ने धेरैले स्वीकार गरेको अवस्था छ। खासगरी उत्पादन र सेवा क्षेत्रमा प्राप्त सफलताले सबैलाई ऊर्जा प्रदान गरेको छ। हुप्सेकोट गाउँपालिका र त्यहाँका जनतामा काँक्रो वा तरुल तथा फेदीखोला र त्यहाँका जनतामा तरकारी र दुधजन्य उत्पादनले सिर्जना गरेको आत्मविश्वास केही प्रतिनिधिमूलक उदाहरणहरू हुन्।

## ५.२ चुनौती

धेरै उपलब्धि हुँदाहुँदै पनि वर्तमान अवस्थामा अध्ययन गरिएका क्षेत्रहरूमा स्थानीय आर्थिक विकासको रणनीति लागु गर्न केही जटिल चुनौतीहरू रहेको पहिचान भएको छ। यो अध्ययनले चुनौतीहरूलाई दुई खण्डमा वर्गीकृत गरेको छ। पहिलो सैद्धान्तिक वा नीतिगत चुनौती रहेको छ। यसको लागि राष्ट्रिय स्तरको चिन्तन र छलफल आवश्यक हुन्छ। दोस्रो, अध्ययनमा छनौट स्थानीय तहहरूका नीति, बुझाइ एवम् कार्यक्रमहरूका आधारमा पहिचान भएका चुनौतीहरू रहेका छन्।

नीतिगत रूपमा संघ वा प्रदेशका नीति एवम् कार्यक्रमहरू हेर्दा स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्ने भन्दा पनि थप वा परिष्कृत विकेन्द्रीकरणको मनोविज्ञानले अझै पनि बृहत् प्रभाव पारिरहेको देखिन्छ। सङ्घीयता लागु हुनु पूर्व सञ्चालनमा रहेका उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रमहरूको स्वरूपमा खासै कुनै परिवर्तन भएका छैनन्। जहाँ संघ सरकारको विशेष उत्पादन कार्यक्रमहरू सञ्चालनमा छन् त्यहाँ स्थानीय तहहरू सहयोगी भूमिकामा छन् र जनप्रतिनिधि एवम् प्रमुख प्रशासकीय अधिकृतहरू लगभग भूमिकाविहीन छन्। साथै नारा वा भाषामा विकासलाई प्राथमिकता दिए पनि बहस अझै पनि वृद्धिमा नै केन्द्रित रहेको छ। आर्थिक समृद्धिका आधारहरूको बारेमा हुने बहसहरू अझै पनि उत्पादन वृद्धि, भौतिक पूर्वाधार र राजनीतिक स्थायित्व जस्ता संरचनागत विषयमा नै केन्द्रित छन् र जनताहरूको जीवनस्तर र सम्मानजनक जीवनको विषयले अझै पनि पुर्णरूपमा प्रवेश पाइसकेको छैन। यस्ता नीतिगत अस्पष्टताहरूका कारण कुन सूचकाङ्क र तथ्याङ्कमा प्राथमिकता दिने भन्ने विषयमा धेरै अस्पष्ट रहेको पाइन्छ।

अन्तर्राष्ट्रिय अनुभवहरूले स्थानीय आर्थिक विकास एक निश्चित भूगोलभित्र सो काल खण्डमा देखा परेका समस्याहरूको समाधानको मोडेलको रूपमा विकसित गरिएको पाइन्छ। नेपालको हकमा यो कुनै निश्चित समस्या समाधानको मोडेल भन्दा पनि विकासको वैकल्पिक मोडेलको रूपमा विकसित गर्न खोजेको देखिन्छ। तर, त्यसको लागि जुन ढङ्गको तयारी जस्तै, राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग एवम् अन्य सरोकारवाला कार्यालयहरू बीच घनिभूत छलफल वा संवाद हुनु पर्ने हो, त्यो भएको देखिँदैन।

अध्ययन गरिएका स्थानीय तहहरूमा पनि स्थानीय आर्थिक विकासका सिद्धान्त कार्यान्वयनको लागि विविध चुनौतीहरू पहिचान भएका छन्। सबैभन्दा पहिलो र जटिल भनेको स्थानीय आर्थिक विकासको अवधारणा प्रतिको कमजोर बुझाइ रहेको छ। सबै स्थानीय तहले विकासलाई राष्ट्रिय आर्थिक विकासका सूचकाङ्क जस्तै, बाटो, बिजुली, खानेपानी आदिमा आधारित भई व्याख्या गर्ने गरेका छन्। साथै, सबैभन्दा जटिल विषय भनेको स्थानीय तहहरूले प्राथमिकता दिएका क्षेत्रहरूमा आएको सुधारले सो भूगोलको समग्र अर्थतन्त्रमा पार्ने चक्रीय प्रभावको आँकलन भएको छैन, त्यसको आवश्यकता महशुस भएको छैन।

दोस्रो, अहिले स्थानीय तहहरूले प्राथमिकता दिएका क्षेत्रहरूको विकासको दीर्घकालीन मार्गचित्रको अभाव रहेको छ। जस्तै, निश्चित भूगोलका जनताहरूलाई तत्काल फाइदा दिने क्षेत्र, स्थानीय तहको अर्थतन्त्रको संरचनालाई रूपान्तरण गर्न प्राथमिकता दिनुपर्ने क्षेत्र र दीर्घकालीन रूपमा विकास गर्नु पर्ने क्षेत्रको वर्गीकरण र त्यसका आधारमा रणनीतिहरू अझै पनि तय हुन् सकेका छैनन्। अहिले छन् त केवल तदर्थ कार्यक्रमहरू। साथै, स्थानीय तहहरूले अहिले स्वरोजगारलाई विशेष ग्राह्यता दिने गरेका छन्। तर, त्यो कसरी क्रमिक रूपमा साना तथा मझौला उद्योगमा रूपान्तरण हुन्छन वा कस्तो खाले

उद्यमीको रूपमा विकसित गर्ने वा हुन्छन् भन्ने बारेमा चिन्तन पनि सुरु हुन् सकेको छैन।

तेस्रो, संघ वा प्रदेश सरकारले उत्पादन वा उत्पादकत्व अभिवृद्धि गर्न सञ्चालनमा रहेका कार्यक्रमहरूले स्थानीय आर्थिक विकासका सिद्धान्तको अवलम्बन वा विकासमाभन्दा पनि फरक प्रभाव परिरहेको विषय अत्यन्तै चुनौतीपूर्ण रहेको छ। स्थानीय आर्थिक विकासको योजना वा कार्यक्रम उक्त भूगोलभित्र प्रचुर सम्भावना भएको क्षेत्रमा सञ्चालन गरिन्छ। नेपालको वर्तमान राजनीतिक एवम् प्रशासनिक व्यवस्था अनुसार त्यस्तो क्षेत्रमा स्थानीय तहको नेतृत्वमा विशेष पहल हुनु आवश्यक हुन्छ। तर वर्तमान अवस्थामा कृषि र पर्यटन दुई प्रमुख क्षेत्रमा सञ्चालनमा रहेका कार्यक्रमहरूमा स्थानीय तहको सहयोगी भूमिका मात्र रहेको पाइएको छ। प्रदेशले विशेष प्राथमिकता दिने गरेको स्याउ वा मकैको उदाहरणले त्यसलाई प्रष्ट पर्दछ। वर्तमान अवस्थामा स्याउको लागि मुस्ताङको घरपझोङ गाउँपालिका र मकैको लागि कुश्मा नगरपालिकाले नेतृत्व गर्नु पर्ने स्वभाविक हो। तर यो अध्ययनले दुबै सहयोगी भूमिकामा मात्र रहेको निष्कर्ष निकालेको छ।

जस्तै, स्याउ र मकैसँग सम्बन्धित कार्यक्रमहरू विविध कार्यालयहरूबाट सञ्चालन हुँदा स्थानीय आर्थिक विकासको सिद्धान्त अवलम्बन गर्न तीन प्रमुख चुनौतीहरू देखा परेका छन्। पहिलो, योजना निर्माणको चरणमा नेतृत्वदायी भूमिका नरहँदा सञ्चालनमा पनि सहयोगी भूमिका मात्रै रहने गरेको छ। दोस्रो, तथ्याङ्क अभावले सिर्जना गर्ने समस्या। संघ र प्रदेशले सञ्चालन गरेका कार्यक्रमहरू सञ्चालनको सिलसिलामा सङ्कलन भएका तथ्याङ्कहरू स्थानीय तहसँग नहुँदा नयाँ योजना निर्माण गर्दा दोहोरिने वा अत्यावश्यक क्षेत्र छुट्ने सम्भावना धेरै हुन्छ। तेस्रो र सबैभन्दा महत्त्वपूर्ण विषय भनेको स्थानीय आर्थिक विकासले जुन तहको स्थानीय फोरम माग गर्दछ त्यो यस्तो अवस्थामा सम्भव हुँदैन। महत्वपूर्ण क्षेत्रमा पात्रहरू एक स्थानमा भेला गर्ने भन्दा पनि धेरै स्थानमा विभाजित गर्ने काम भई रहेको छ।

यो अध्ययनले स्थानीय आर्थिक विकासको सिद्धान्तमा आधारित योजना निर्माण र कार्यान्वयनको चौथो ठूलो चुनौतीको रूपमा पात्रसँग जोडिएका बहुआयामिक विषयहरूलाई पहिचान गरेको छ। सीमित पात्रहरूको सहभागिता, फरक पात्रको फरक सरकारसँगको समन्वय एवम् सहकार्य, कसले नतृत्व गर्ने भन्ने दुविधा र दक्ष जनशक्ति एवम् विज्ञ उत्पादन तथा प्रयोगका समस्याहरू पात्रसँग सम्बन्धित प्रमुख चुनौतीहरू हुन्।

माथि उल्लेख गरेझैं कुनै एक निश्चित क्षेत्रमा स्थानीय तह, प्रदेश र संघ सरकारका कार्यक्रमहरू लागु हुँदा कोही पात्र स्थानीय तहसँग, कोही प्रदेशसँग र कोही संघको कार्यालयसँग सहकार्य र समन्वय गर्ने अवस्था स्वभाविक रूपमा सिर्जना भएको छ। यसले स्थानीय आर्थिक विकासको लागि पात्रहरूलाई एकै स्थानमा ल्याउने होइन झन्-झन् विभाजित गर्ने काम गरिरहेको छ। स्थानीय आर्थिक विकासको नेतृत्व कसले गर्ने भन्ने विषय पनि पात्रसँग जोडिएको अर्को महत्वपूर्ण पाटो रहेको छ। स्थानीय आर्थिक

विकासको सिद्धान्तले बहुआयामिक सहभागिता र नेतृत्वलाई अवलम्बन गर्दछ। विविध चरणमा विविध पात्रहरूले फरक-फरक ढङ्गले नेतृत्व गर्दा मात्र स्थानीय आर्थिक विकास सम्भव हुन्छ। तर हालका अभ्यासहरू त्यतातर्फ उन्मुख छैनन्।

स्थानीय आर्थिक विकसको कार्यान्वयनको लागि निरन्तर दक्ष जनशक्तिको उत्पादन र प्रत्येक चरणमा फरक फरक विषयका विज्ञहरूको सहभागिता अनिवार्य हुन्छ। त्यसको पूर्व तयारी बिना नै योजना वा कार्यक्रमहरू सञ्चालन गर्दा अहिले नै धेरै समस्याहरू देखापरेका छन्। जस्तै; मुस्ताङमा दूध उत्पादन धेरै वृद्धि भयो तर जाडो मौसममा त्यो खपत नै हुन् सकेन। हुप्सेकोटमा विदेशबाट फर्केका युवाहरूले बंगुर पालन गरी उत्पादनमा ठूलो उपलब्धि गरे, तर बजार प्राप्त गर्न सकिरहेका छैनन्। यसरी सरकारको लगानी पनि बढ्ने, उत्पादन पनि बढ्ने तर त्यसबाट अपेक्षाकृत आर्थिक लाभ लिन नसक्ने धेरै उदाहरणहरू छन् र त्यो वृद्धि हुने चुनौती थपिदै गएको छ।

पाँचौ प्रमुख चुनौती स्थानीय तहहरूको नीतिमा रहेको छ। माथि विश्लेषण गरिए झैं स्थानीय तहहरू अहिले केही फरक देखिने वा विशिष्टीकृत देखिने भन्दा पनि अन्य स्थानीय तहहरूमा सफल भएका कार्यक्रमहरूलाई लागु गर्नमा तल्लीन छन्। संघ वा प्रदेश सरकारका कार्यक्रमहरूले पनि त्यसैतर्फ अभिप्रेरित गरिरहेका छन्। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ स्थानीय तहहरूको मूल्याङ्कन गर्ने प्रमुख आधार बनेको छ। यसका केही उपसूचकहरू जस्तै; गाउँ/नगरपालिकाको क्षमता विकास, जनशक्तिको क्षमता विकासमा लगानी, क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीको सहभागिता, दिगो विकास लक्ष्यहरूको स्थानीयकरण, स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण, संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वय, अन्तर स्थानीय तह साझेदारी आदि प्रत्क्षय वा अप्रत्यक्षरूपमा स्थानीय आर्थिक विकाससँग सम्बन्धित छन्।

छैटौं चूनौति भूगोलसँग जोडिएको छ। जसरी पहिला विकास क्षेत्र वा अञ्चललाई केन्द्रबिन्दुमा राखेर विकासको बहस हुन्थ्यो त्यस्तै अहिले वडा र स्थानीय तहको बहसमा नै विषय केन्द्रित छ। बाहिरबाट विशेष आर्थिक नीति भने पनि भित्र हेर्दा अझै पनि प्रशासनिक सीमा भित्रको आर्थिक विकास नीतिमा मात्रै सीमित छन्। कुन स्थानदेखि कुन स्थानसम्म भन्ने निर्धारण गर्न नसक्दा विविध समस्या उत्पन्न भएको छ। विशेष उत्पादन वा सेवा सीमाना तोक्न नसक्दा एउटा वडा वा स्थानीय तह भित्र पहुँचको आधारमा अनुदान वितरणको अनुपात वृद्धि भएको छ। कतिपय स्थानमा त अनुदान लिने र उत्पादन वा सेवा स्थल बिक्री हुनेसम्मको विकृति बढेको छ। यसले विशेष क्षेत्र प्रतिको विकर्षण सिर्जना गरेको छ। त्यसैगरी उत्पादन वा सेवा क्षेत्र निर्धारण गरेर स्थानीय पात्रहरूलाई सक्रिय बनाउन नसक्दा अन्तर वडा वा स्थानीय तह सहकार्यको अभ्यास नै सुरु हुन् सकेको छैन। भूगोलसँग जोडिएको अर्को चुनौती भनेको "साविक"को भन्ने शब्दको निरन्तर प्रयोग हो। समग्रमा गाउँ वा

नगरपालिकाको अवधारणा प्रशासनिक रूपमा सबैले स्वीकार गरे पनि आर्थिक र अन्य धेरै व्याख्यामा पुरानै सिमानाहरूमा आधारित रहेको छ।

सातौं चुनौती लगानीको मोडेलसँग जोडिएको छ। संसारभरको अभ्यासलाई हेर्दा स्थानीय तहहरूले जमिन र भौतिक विकासमा लगानी गर्ने, निजी क्षेत्रले उत्पादन र बजारसँग सम्बन्धित क्षेत्रमा लगानी गर्ने मोडेल स्थानीय आर्थिक विकासमा अवलम्बन भएको छ। स्थानीय तहको भूमिका उपलब्ध स्थानीय स्रोत र साधनको अधिकतम प्रयोगमा सहकार्य गर्ने गराउने रहेको छ। तर यो अध्ययनमा समावेश गरिएका स्थानीय तहहरूको हकमा स्थानीय तहहरूले भौतिक विकासदेखि उत्पादन र वितरणसम्म सबै क्षेत्रमा लगानी गरिरहेका छन्। के यो दीर्घकालीन हुन्छ ? के यसले निजी क्षेत्रलाई लगानीमा प्रोत्साहन गर्दछ ? अहिलेको लगानीको मोडेल स्थानीय आर्थिक विकासको लागि उत्पादक भन्दा पनि प्रत्योत्पादक देखिन्छ।

तालिम, प्रशिक्षण वा क्षमता विकास प्रति सिर्जना भएको अविश्वास आठौं र महत्वपूर्ण चुनौति रहेको छ। स्थानीय आर्थिक विकासबाट अपेक्षाकृत नतिजा निकाल्न धेरै पात्रहरूको क्षमता विकास आवश्यक हुन्छ। तर, अहिले स्थानीय र राष्ट्रियरूपमा नै क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरूलाई केवल औपचारिक कार्यक्रमको रूपमा मात्र लिने र त्यस्ता शीर्षकमा गरिने खर्चहरूलाई फजुल खर्चको रूपमा हेर्ने मनोविज्ञान सिर्जना भएको छ। जबसम्म सबैको क्षमतामा आमूल परिवर्तन आउँदैन कसरी स्थानीयको नेतृत्वमा अर्थतन्त्रमा ठूलो फड्को मार्न सकिन्छ ?

नवौं चुनौती बिना परिभाषा प्रयोगमा रहेको 'आत्मनिर्भर' स्थानीय अर्थतन्त्रको प्रयोग रहेको छ। के एउटा स्थानीय तहले पूर्ण आत्मनिर्भर अर्थतन्त्र सञ्चालन गर्न सक्दछ ? पक्कै पनि सक्दैन। सक्दछ भने स्थानीय तहको कुल उत्पादन वा सेवा प्रवाहबाट हुने आम्दानीलाई खर्चभन्दा धेरै हुने अर्थतन्त्रको संरचना निर्माण गर्नु पर्दछ। यस्तो योजना र कार्यक्रम निर्माण गर्न विस्तृत आर्थिक तथ्याङ्कको खाँचो हुन्छ। त्यस्तो तथ्याङ्कको अभावले कुन क्षेत्रमा कसरी प्राथमिकता दिने भन्ने निर्धारण गर्न नसकेको अवस्था रहेको छ।

## ५.३ सम्भावना

चुनौतीका बाबजुद प्रशस्तै सम्भावनाहरू पनि छन्। यस्ता सम्भावनाहरूलाई अपरिहार्यता र अभ्यासको दुई फरक कोणबाट विश्लेषण गर्नु आवश्यक हुन्छ। अपरिहार्यताको दृष्टिकोणबाट देश भित्रको कुनै निश्चित भूगोलमा केन्द्रित अर्थतन्त्रका कारण अन्य ठूलो भूगोलमा सृजित समस्या समाधान गर्ने सर्वोत्तम विकल्पको रूपमा स्थानीय आर्थिक विकासको मोडेललाई लिने गरिएको छ। झट्ट सुन्दा विकासोन्मुख मुलुकले मात्र लागु गर्ला जस्तो देखिने यो मोडेल विकसित मुलुकमा पनि उत्तिकै लोकप्रिय

रहेको छ। धेरै देशहरूका अनुभवमा यो कृषि र पर्यटनको विकासमा सबैभन्दा प्रभावकारी मोडेल रहेको प्रमाणित भइसकेको छ। ठूला उद्योगभन्दा पनि नवीनतम विचारहरूमा आधारित भई साना र मझौला उद्योगको स्थापना गर्ने र त्यसको माध्यमबाट आन्तरिक र बाह्य आत्मनिर्भरतालाई प्रवर्द्धन गर्ने सिद्धान्तलाई अवलम्बन गर्ने नीतिमा यो मोडेल सबैभन्दा उपयुक्त हुन्छ।

नेपाल संसारका बिरलै देशहरूले प्राप्त गरेको महत्वकांक्षी उद्देश्यतर्फ उन्मुख छ। यसले लोकतन्त्रलाई संस्थागत गर्दै आर्थिक विकासलाई एकै पटकमा हाँसिल गर्ने लक्ष्य तय गरेको छ। त्यसको लागि भौतिक पूर्वाधार र आर्थिक पूँजी मात्रै पर्याप्त हुँदैन; सामाजिक पूँजी पनि अत्यावश्यक हुन्छ। स्थानीय आर्थिक विकासको मोडेल त्यसको लागि प्रभावकारी हुन्छ। तसर्थ, स्थानीय आर्थिक विकास नेपालले खेपिरहेको आर्थिक समस्या, त्यसको समाधानको रूपमा पहिचान भएका उपायहरू एवम् त्यसमा आधारित अभ्यासहरू र राजनीतिक आवश्यकताले नेपालको लागि तत्कालको अपरिहार्यता भएको छ। साथै, नेपालको सबैभन्दा सकारात्मक पक्ष भनेको यहाँको अर्थतन्त्र स्थानीय आर्थिक विकासोन्मुख छ। नेपालले २०७२ सालमा लागु गरेको संविधान, त्यसपछिका कानूनी एवम् अन्य व्यवस्थाहरूको व्याख्यालाई हेर्दा स्थानीय आर्थिक विकासको मोडेललाई आत्मसाथ गर्न खोजेको देखिन्छ। स्थानीय तहहरूले आफूलाई अनुकूल लागेको कार्यक्रम आफैं तय र कार्यान्वयन गर्ने प्रक्रियालाई स्वीकार मात्रै होइन प्राथमिकतामा राखेको छ। त्यससँग सम्बन्धित कानून निर्माण गर्ने अधिकारसम्म स्थानीय तहलाई प्रदान गरेको छ। त्यसको लागि आवश्यक जनशक्ति उत्पादनसम्मको अधिकार प्रदान गरेको छ।

स्थानीय आर्थिक विकासको दुई प्रारम्भिक चरण : क्षेत्र निर्धारण एवम् नक्साङ्कन र महत्व उजागरमा अध्ययन गरिएका स्थानीय तहहरूले ठूलो प्रगति गरिसकेका छन्। स्थानीय तह मात्रै होइन सरोकारवाला र जनताहरू पनि कुन क्षेत्रमा ध्यान दिँदा अर्थतन्त्रमा आमूल परिवर्तन गर्न सकिन्छ भन्नेमा प्रष्ट बन्दै गएका छन्। स्थानीय तहहरूले आफ्नो सांगठनिक संरचना र विकास नीतिहरूलाई परिमार्जित गर्दै स्थानीय आर्थिक विकासको मोडेल कार्यान्वयनको लागि अपरिहार्य बहुआयामिक तथ्याङ्क, सहकार्य र समन्वयको पाटोलाई क्रमिक रूपमा सम्बोधन गर्दै गएका छन्। जस्तै, आर्थिक विकास शाखा, पर्यटन केन्द्र, कृषि केन्द्रको स्थापना वा विकास नीतिलाई आर्थिक विकास, भौतिक विकास वा सामाजिक विकासमा वर्गीकरण रहेका छन्। संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा स्थानीय आर्थिक विकासको सिद्धान्त अवलम्बनमा आवश्यक जनशक्ति उत्पादनमा ठूलो फड्को मारिसकेको अवस्था रहेको छ। संघ, प्रदेश र स्थानीय तहहरू बीच के-कस्ता क्षेत्रमा सहकार्य गर्दा समग्र क्षेत्रीय अर्थतन्त्रलाई नै बलियो बनाउन सकिन्छ भन्नेमा थप प्रष्ट हुँदै गएका छन्।

# अध्याय-छ
# निष्कर्ष एवम् सुझाव

## ६.१ निष्कर्ष

यो अध्ययनका पाँच विशेष उद्देश्यहरू रहेका थिए। पहिलो, नेपालमा स्थानीय आर्थिक विकासको मोडेलको बारेमा सैद्धान्तिक र व्यावहारिक अभ्यासहरूको विवेचना गर्नु थियो। नेपालमा स्थानीय आर्थिक विकासको अभ्यास विश्वका अन्य देशहरूझैं अर्थतन्त्रको आन्तरिक एवम् बाह्य आर्थिक कारणहरू जस्तै; तीव्र रूपमा वृद्धि हुँदै गएको विप्रेषण आम्दानीमा निर्भरता र यसले सृजना गरेका अस्थिरता एवम् अनिश्चितताहरू, उद्योग वा कलकारखानाको स्थापना भन्दा पनि कृषि र पर्यटन जस्ता प्रतिस्पर्धी लाभ हाँसिल गर्न सकिने क्षेत्रमा नवीनतम सृजनशीलतामा आधारित उद्यमशीलता विकासलाई अर्थतन्त्रको संरचनागत रूपान्तरणको बफरजोनको रूपमा प्रयोग गर्ने नेपाली रणनीतिको अभ्यास र राजनीतिक रूपमा २०७२ सालमा जारी संविधान, त्यसपछि जारी कानून र अभ्यासको सिलसिलामा क्रमिक रूपमा लागु हुने चरणमा छ। हालको अवस्थालाई निल (Nel, 2001: 1006) ले भनेझैं अनौपचारिक रूपमा अभ्यासमा रहेको स्थानीय आर्थिक विकासको सिद्धान्त औपचारिक कार्यान्वयनको प्रक्रियामा छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ। सङ्घीय सरकारको स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९, संघ र प्रदेश सरकारका विशेष उत्पादन, सेवा र उद्योग क्षेत्र निर्माण, प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थानीय विकास सिद्धान्तको अभ्यास प्रवर्द्धन रणनीति, प्रशिक्षण पुस्तिका एवम् कार्यक्रमहरू र सहजीकरण अभ्यास र स्थानीय तहहरूको संरचनागत परिवर्तन (आर्थिक शाखा, कृषि, पर्यटन वा अन्य आर्थिक विकास केन्द्रहरू) र नीतिगत परिवर्तनहरू (आर्थिक विकास नीति) त्यसका ज्वलन्त उदाहरणहरू हुन्।

तर, यसलाई औपचारिक गर्ने सिलसिलामा कुन मोडेलमा जाने भन्ने विषयमा अझै पनि आमसहमति जुटेको छैन। धेरै हदसम्म अझै पनि आर्थिक वृद्धिकै मोडेलमा आधारित भएर स्थानीय आर्थिक विकासलाई चर्चा गर्ने गरिएको छ। त्यसले कतै यो अभ्यासले पूर्णता प्राप्त गर्न नसक्ने त होइन भन्ने शङ्काहरू पनि उत्पन्न गरेको छ। सरोकारवाला निकायहरू, खासगरी सङ्घीय सरकारको योजना आयोग, प्रदेश सरकारका नीति तथा योजना आयोग र स्थानीय तहका योजना शाखा बीच हालको अभ्यास र स्थलगत आवश्यकताको बारेमा नियमित छलफल र विचारको आदान प्रदानको खाँचो देखिन्छ।

यो अध्ययनको दोस्रो उद्देश्य गण्डकी प्रदेशका स्थानीय तहहरूको स्थानीय आर्थिक विकासका रणनीति अनुसरणको अवस्थालाई विश्लेषण गर्नु थियो। यसको विश्लेषण गर्नु पूर्व प्रदेश सरकारले तय गरेका समृद्धिका मुख्य संवाहकसँग स्थानीय तहहरूका नीति एवम् प्राथमिकताहरूको तादात्म्यको अवस्थालाई विश्लेषण गरिएको थियो। कृषि र पर्यटनलाई प्राथमिकता दिने विषयमा प्रदेश र स्थानीय तहहरू बीच समान धारणा रहेको छ। तर प्रदेशले उच्च प्राथमिकता दिएको ऊर्जाको क्षेत्रमा भने स्थानीय तहहरूको ठूलो चासो देखिएन। हाल जलविद्युत आयोजना सञ्चालनमा रहेका वा सञ्चालनको सम्भावना भएका स्थानीय तहहरूसँग यस विषयमा विस्तृत विचार र योजनाहरू नहुनु अत्यन्तै सोचनीय विषय रहेको छ। खासगरी यसले स्थनीय तहहरू रोजगारी र उद्योगको बारेमा प्रष्ट नभएको विषयलाई प्रतिविम्बित गर्दछ।

यो अध्ययनमा छनौट गरिएका स्थानीय तहहरूको हकमा स्थानीय आर्थिक विकासको अभ्यासको अवस्थाको बारेमा निम्नानुसार निष्कर्षहरू निकालिएका छन् :

### (१) प्रारम्भिक चरण (नक्साङ्कन र महत्त्व उजागर) मा रहेको र त्यसको अभ्यासमा पनि प्रक्रियागत समस्या रहेको

स्थानीय तहहरूमा कुन क्षेत्र र विषयमा केन्द्रित हुँदा उत्पादन र सेवाको अवस्थालाई सवल बनाउन सकिन्छ भन्ने बारेमा आमसहमति निर्माण हुँदै गएको छ र त्यस सम्बन्धी संवादले पनि क्रमिक रूपमा प्राथमिकता प्राप्त गर्न थालेको छ। खासगरी गाउँ/नगर सभामा उत्पादन वृद्धिका रणनीति, योजना र कार्यक्रमहरूमा संवाद हुनुलाई अत्यन्तै सकारात्मक र स्थानीय आर्थिक विकासका कार्यक्रम निकट भविष्यमा लागु हुने आधारको रूपमा लिन सकिन्छ। तर, यस्ता अभ्यास स्थानीय आर्थिक विकासको सिद्धान्त र प्रक्रियाभन्दा पनि तदर्थ रूपमा हुने गरेको छ। खासमा आर्थिक तथ्याङ्कको प्रयोग र सहभागितामा ठूलो समस्या रहेको छ।

### (२) उत्पादन वा सेवा अभिवृद्धि कार्यक्रम नै स्थानीय आर्थिक विकास

स्थानीय तहहरूले तय गरेका अल्प, मध्यम एवम् दीर्घकालीन योजना र स्थलगत सर्वेक्षणको क्रममा पनि कृषि उत्पादन वृद्धि वा पर्यटकको संख्या वृद्धिको परियोजना वा कार्यक्रमलाई नै स्थानीय आर्थिक विकासको रूपमा बुझेको पाइएको छ। त्यसैले, स्थानीय आर्थिक विकासका सिद्धान्तमा आधारित विकास रणनीति निर्माण गर्ने भन्दा पनि कार्यक्रम वा परियोजनाभित्र त्यस्ता सिद्धान्तको अभ्यासको प्रयत्न हुने गरेको छ।

"विकास" मात्रै भन्दा भौतिक र सामाजिक विकास र "स्थानीय आर्थिक विकास" भन्यो भने उत्पादनलाई आधार मानेर परिभाषित गर्ने गरेको पाइएको छ। स्थानीय आर्थिक विकासको बहुआयामिकता र प्रक्रियाको बारेमा अत्यन्तै कमजोर बुझाइ रहेको पाइएको छ। खासगरी कुनै एउटा क्षेत्रमा प्राथमिकता दिँदा त्यसले ल्याउने समष्टिगत आर्थिक, सामाजिक र राजनीतिक

प्रभावहरूको बारेमा चक्रीय चिन्तन नै हुन् सकिरहेको छैन। जस्तै, मादी गाउँपालिकामा बसाइँसराइँका कारण जनसंख्या कम हुनु एउटा प्रमुख समस्या हो। यसलाई रोक्न एकीकृत स्थानीय आर्थिक विकासको रणनीति अझै पनि बन्न सकेको छैन।

### (३) नेतृत्वदायी भन्दा पनि सहजीकरणको भूमिकामा स्थानीय तह

राष्ट्रिय रूपमा नै प्राथमिकतामा परेका घरपझोङको स्याउ, कुश्माको मकै जस्ता क्षेत्रमा संघ सरकारका कार्यक्रममा सहजीकरण गर्ने भूमिकामा स्थानीय तह सीमित हुने गरेका छन् भने संघ वा प्रदेशको परियोजना नभएका क्षेत्र, जस्तै; हुप्सेकोटको काँक्रो जस्तो क्षेत्रमा पनि तदर्थ कार्यक्रमहरूको निर्माण र कार्यान्वयनमा केन्द्रित हुँदा रोजगारीको अवस्था, गुणस्तर वा निश्चित पात्रहरूको क्षमता अभिवृद्धि वा सहभागिता भन्दा पनि तत्काल कार्यक्रमबाट फाइदा लिन सक्ने पात्रहरूलाई सहजीकरण गर्नमा नै सीमित राखिएको छ। साथै, एउटा कार्यक्रमको तथ्याङ्क वा अनुभव अर्कोमा लागु गर्न सकेको देखिएन।

### (४) प्रशासनिक सीमानामा पात्र अपरिभाषित स्थानीय आर्थिक विकास

यो अध्ययनको क्रममा जब भूगोलको विषयमा छलफल हुन्थ्यो त्यो कि वडा हुन्थ्यो कि स्थानीय तह। कतिपय स्थानीय जनप्रतिनिधि एवम् अगुवाहरूले अझै धेरै पटक "साविकको" भन्ने शब्द प्रयोग गर्ने गरेको पाइयो। त्यसले हाल प्रयोगमा रहेको गाउँ वा नगरपालिकाको अवधारणा प्रशासनिक रूपमा सबैले स्वीकार गरे पनि आर्थिक र अन्य धेरै व्याख्यामा पुरानै सीमानाहरूमा आधारित रहेको पाइन्छ। विकासको सबै विषयको बहस यसरी निश्चित प्रशासनिक सीमाभित्र संवाद हुने गरेको छ र यो ७ चरणको योजना निर्माणको प्रक्रियाको नतिजा पनि हो। साथै, एक वडा र अर्को वडा, एक स्थानीय तह र अर्को स्थानीय तह बीच सहकार्य त अहिले अभ्यासमा छँदै छैनभन्दा पनि हुन्छ। त्यसो हुँदा यो विकासले क्षमता विकास र सहभागी गराउन खोजेको वर्ग समुदाय को हुन् भन्ने छुट्याउन नितान्त स्वभाविक हुन्छ।

स्थानीय आर्थिक विकासको सिद्धान्तले निश्चित आर्थिक गतिविधि र क्रियाकलाप सञ्चालन हुने भूगोलभित्रका सो गतिविधिमा संलग्न हुने र भविष्यमा हुन सक्ने सबैको क्षमता विकास र सहभागितालाई सुनिश्चित गर्दछ।

### (५) सञ्जाल निर्माण र मूल्यश्रृङ्खला अभिवृद्धि क्षमता विकासमा विशेष योजनाको खाँचो

तदर्थ कार्यक्रम वा परियोजनालाई नै स्थानीय आर्थिक विकास बुझ्ने बुझाइ, त्यस्ता कार्यक्रमहरू वार्षिक रूपमा सञ्चालन हुँदा सरोकारवालाहरूको नियमित भेला वा क्षमता अभिवृद्धिको न्यून सम्भावाना, एकै क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहले छुट्टाछुट्टै अनुदान प्रदान गर्दा पात्रहरू बीच विभाजन आउने, स्थानीय तहहरूले स्थानीय आर्थिक विकासको छुट्टै रणनीति तय गर्ने भन्दा पनि कार्यक्रम वा परियोजनामा तदर्थ अभ्यास र एकतर्फी संवाद संस्कृति (जानकारी गराउने र आह्वान

गर्ने) को निरन्तरताले सम्भावनाका क्षेत्रमा साझा सञ्जाल निर्माण हुन सकेको छैन र स्थानीय आर्थिक विकासको गाँठो त्यही बिन्दुमा अड्केको छ।

स्थानीय आर्थिक विकासले सोंचेको नतिजा दिन निश्चित उत्पादनले सो भूगोलको समग्र अर्थतन्त्रलाई नेतृत्व गर्न सक्ने गरी प्रतिस्पर्धी क्षमता विकास गर्न सक्नु पर्दछ। त्यसको लागि उत्पादन मात्रै होइन, प्रशोधन र वितरणसँग सम्बन्धित सबैको एउटा साझा मञ्च र सञ्जाल हुनु आवश्यक हुन्छ भने सँगसँगै सो उत्पादनबाट अधिकतम फाइदा लिन मूल्यश्रृङ्खला अभिवृद्धि क्षमता विकास अपरिहार्य हुन्छ। यो विषयको महत्वलाई स्थानीय तहहरूले बुझेका छैनन् र मूर्तरूप दिन सकिरहेका छैनन्। साथै संघ एवम् प्रदेश सरकारहरूले यसतर्फ अभिप्रेरित गर्न सकेका छैनन्।

### (६) विशिष्टीकरणभन्दा पनि सामान्यीकरणतर्फ उन्मुख आर्थिक विकास रणनीति

अहिले स्थानीय तहहरूले तय गरेका विशेष रणनीतिहरू धेरै मिल्दाजुल्दा छन्। जस्तै; कृषि र दूधजन्य उत्पादनमा आधारित अनुदान एउटा प्रमुख उदाहरण हो। प्रायः अन्य स्थानीय तहमा सफल भएका कार्यक्रमलाई अभ्यासमा ल्याउँदा स्थानीय तहको स्रोतमा आधारित प्रतिस्पर्धी लाभ दिन सक्ने कार्यक्रम छायाँमा परेको हुन् सक्दछ। यसले सिङ्गो प्रदेश र राष्ट्रिय अर्थतन्त्रमा पनि सोचेको सकारात्मक प्रभाव नपार्न सक्छ। जस्तै; कुनै समयमा निश्चित कृषिजन्य वा मासुजन्य उत्पादनको बजार भाउ घटेका धेरै उदाहरणहरू छन्। त्यसैले, निश्चित भूगोलको समग्र अर्थतन्त्र र जीवनस्तरमा आमूल परिवर्तन ल्याउने विशिष्टीकृत अर्थतन्त्र निर्माणको लागि आर्थिक गतिविधि विविधीकरणको नीति अत्यावश्यक देखिन्छ।

### (७) चरणबद्ध योजना निर्माण र कार्यान्वयन क्षमता विकासमा थप मेहेनत आवश्यक

छनौट गरिएका स्थानीय तहहरूमा स्थानीय आर्थिक विकाससँग जोडेर चरणवद्ध योजना निर्माण र त्यसको कार्यान्वयनका तीन क्षेत्रमा क्षमता विकास आवश्यक देखिन्छ। पहिलो, कुनै पनि नयाँ योजना निर्माण गर्दा सोही वा त्यस्तै प्रकृतिका योजनाहरूका मूल्याङ्कनमा आधारित भएर वैज्ञानिकरूपमा योजना निर्माण गर्ने क्षमता विकास। दोस्रो, स्थानीय आर्थिक विकासले सुरुमा धेरै जनताको आय वृद्धि गर्ने क्षेत्र, बीचमा निश्चित भूगोलको आर्थिक संरचनाको आधार परिवर्तन गर्ने क्षेत्र र अन्तिममा दीर्घकालीन आर्थिक गतिविधि सञ्चालन गर्ने क्षेत्रलाई क्रमिकरूपमा विकसित गर्दै लैजाने रणनीति लिएको हुन्छ। अध्ययन गरिएका स्थानीय तहहरू मध्ये घरपझोङ र हुप्सेकोटबाहेक सबै पहिलो चरणमा नै रहेको पाइएको छ। अर्को चरणमा जान क्षमता विकास अपरिहार्य देखिन्छ। अन्तिममा, स्थानीय आर्थिक विकासका योजना निर्माण र कार्यान्वयनको चक्रको बारेमा बुझाइमा थप सशक्तीकरण आवश्यक देखिन्छ।

### (८) जनशक्ति विकासमा चिन्ता धेरै, प्रगति कम

सीपयुक्त जनशक्तिको विकासको आवश्यकतामा स्थानीय तहहरू धेरै नै चिन्तित रहेको पाइएको

छ। त्यसको समाधानको रूपमा प्राविधिक शिक्षालयहरू खोल्ने र स्थानीय तहबाहिर गएर उच्च शिक्षा प्राप्त गर्न छात्रवृत्ति प्रदान गर्ने गरिएको छ। तर विद्यालय तहमा नै त्यस्ता क्षेत्रमा अतिरिक्त गतिविधि सञ्चालन गर्ने र स्थानीय तहबाहिर रहेका उच्च शिक्षासँग सम्बन्धित संस्थाहरूसँग सहकार्यको प्रयास भने अत्यन्तै न्यून रहेको छ।

यो अध्ययनको एउटा प्रमुख उद्देश्य अहिलेसम्मका उपलब्धि एवम् सफल अभ्यास र चुनौतीलाई विश्लेषण गर्दै भविष्यको सम्भावना पहिचान गर्नु रहेको थियो। तहगत रूपमा तिनै तहका सरकारहरूले भूगोल सुहाउँदो नीति र कार्यक्रमलाई विशेष प्राथमिकता दिने गरेका छन् । संघ र प्रदेश सरकारले यसमा उत्पादन र अनुदान सँगसँगै स्थानीय तहहरूले सजिलै अवलम्बन गर्न सक्ने विविध अवधारणाहरूलाई विकसित गर्दै प्रवर्द्धन गर्ने काम पनि गरिरहेका छन्। प्रदेशहरूले प्रदेश विश्वविद्यालयहरूको स्थापनामार्फत ज्ञान र जनशक्ति उत्पादनको क्षेत्रमा विशेष पहल गरिराखेका छन्।

गण्डकी प्रदेशको हकमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले स्थानीय आर्थिक विकासको सिद्धान्तको कार्यान्वयनको विशेष पहल गरिरेहेको छ। प्रतिष्ठानले स्थानीय आर्थिक विकास तालिम पुस्तिका निर्माण गरेर त्यसमा आधारित तालिम सञ्चालन गर्ने गरेको छ। यसले प्रदेशभित्रका स्थानीय तहहरूलाई नीति एवम् कार्यक्रमहरू निर्माण गर्दा स्थानीय आर्थिक विकासका सिद्धान्तहरूलाई लागु गर्ने वातावरण सिर्जना गर्न सहजीकरण गर्ने काम पनि निरन्तर रूपमा गर्दै आएको छ।

अध्ययनमा छनौट भएका स्थानीय तहहरूले क्षेत्र निर्धारण, संरचनागत सुधार र नीतिगत सुधारमा उल्लेखनीय प्रगति गरेका छन्। संस्थागत रूपमा नै तीन तहका सरकारहरू बीच कसरी सहकार्यलाई थप मजबुद बनाउन सकिन्छ भन्नेमा तिनै तहका सरकारहरूको धारणा प्रष्ट हुँदै गएको छ र त्यसका उपायहरूको बारेमा खुल्ला बहस सुरु भएको छ। साथै स्थानीय तहहरूले एकीकृत एवम् बृहत् तथ्याङ्कको आवश्यकतालाई महशुस गरेका छन्। दक्ष जनशक्तिको अभावलाई प्रायः सबै स्थानीय तहहरूले अनुभूति गरिरहेका छन्। र स्थानीय तहहरूले बजारीकरणको महत्वलाई बुझ्ने मात्रै होइन आफ्नो उत्पादनलाई ठूला बजारसँग जोड्ने कामलाई सुरुवात गरिसकेका छन्।

धेरै उपलब्धि हुँदाहुँदै पनि वर्तमान अवस्थामा अध्ययन गरिएका क्षेत्रहरूमा स्थानीय आर्थिक विकासको रणनीति लागु गर्न केही जटिल चुनौतीहरू रहेको पाइएको छ। नीतिगत रूपमा संघ वा प्रदेशका नीति एवम् कार्यक्रमहरू हेर्दा स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्ने भन्दा पनि थप वा परिष्कृत विकेन्द्रीकरणको मनोविज्ञानले अझै पनि बृहत् प्रभाव परिरहेको देखिन्छ। अहिले स्थानीय तहहरूले प्राथमिकता दिएका क्षेत्रहरूको विकासको दीर्घकालीन मार्गचित्रको अभाव

रहेको छ। संघ वा प्रदेश सरकारले उत्पादन वा उत्पादकत्व अभिवृद्धि गर्न सञ्चालन गरी रहेका कार्यक्रमहरूले स्थानीय आर्थिक विकासका सिद्धान्तको अवलम्बन वा विकासमा भन्दा पनि फरक प्रभाव परिरहेको विषय अत्यन्तै चुनौतीपूर्ण रहेको छ। सीमित पात्रहरूको सहभागिता, फरक पात्रको फरक सरकारसँगको समन्वय एवम् सहकार्य, कसले नेतृत्व गर्ने भन्ने द्विविधा र दक्ष जनशक्ति एवम् विज्ञ उत्पादन तथा परिचालनका समस्याहरू पात्रसँग सम्बन्धित प्रमुख चुनौतीहरू यथावत नै रहेका छन्।

सम्भावनाहरूलाई अपरिहार्यता र अभ्यासको दुई फरक कोणबाट विश्लेषण गर्नु आवश्यक हुन्छ। अपरिहार्यताको दृष्टिकोणबाट देशभित्रको कुनै निश्चित भूगोलमा केन्द्रित अर्थतन्त्रका कारण अन्य ठूलो भूगोलमा सृजित समस्या समाधान गर्ने सर्वोत्तम विकल्पको रूपमा स्थानीय आर्थिक विकासको मोडेललाई लिने गरिएको छ। नेपालको हकमा पनि अहिले खेपिरहेको आर्थिक समस्या, त्यसको समाधानको रूपमा पहिचान भएका उपायहरू एवम् त्यसमा आधारित अभ्यासहरू र राजनीतिक आवश्यकताले स्थानीय आर्थिक विकास नेपालको तत्कालको अपरिहार्यता भएको छ र सबैभन्दा सकारात्मक पक्ष भनेको अर्थतन्त्र स्थानीय आर्थिक विकासतर्फ उन्मुख छ। वर्तमान संविधान, कानूनी एवम् अन्य व्यवस्थाहरूको व्याख्यालाई हेर्दा स्थानीय आर्थिक विकासको मोडेललाई आत्मसात गर्न खोजेको देखिन्छ।

## ६.२ सुझाव

### (क) सैद्धान्तिक एवम् नीतिगत

(१) नेपालले अनुसरण गर्ने स्थानीय आर्थिक विकासको मोडेलको बारेमा एकीकृत सूचकाङ्क सहितको आमसहमति निर्माण आवश्यक (राष्ट्रिय रणनीति वा कार्यविधि निर्माण गरेका दक्षिण अफ्रिका वा युगान्डाको अनुभव उपयोगी),

(२) स्थानीय आर्थिक विकासका योजना वा कार्यक्रम सञ्चालनको लागि छुट्टै कानून निर्माण गर्ने र लागु गर्ने,

(३) तथ्याङ्क निर्माण वा सर्वेक्षण गर्दा स्थानीय आर्थिक विकासको योजना तर्जुमामा सहयोगी हुने तथ्याङ्कलाई प्राथमिकता दिने,

(४) हामीले स्थानीय आर्थिक विकासको सिद्धान्तलाई कस्ता आर्थिक र सामाजिक समस्याको समाधानको विकल्पकोरूपमा अवलम्बन गर्न खोजेका छौं भन्ने बारेमा प्रष्ट धारणा विकास आवश्यक,

(५) स्थानीय आर्थिक विकासको प्रयोगको अवस्था र स्थलगत आवश्यकताको बारेमा नियमित छलफल गर्न संघ, प्रदेश र स्थानीय तहको साझा फोरम निर्माण गर्ने,

(६) स्थानीय आर्थिक विकासलाई सामाजिक पूँजी निर्माण, लोकतन्त्रको संस्थानीकरण गर्ने

वा आत्मविश्वास अभिवृद्धि जस्ता यसका बहुआयामिकतासँग जोडेर फराकिलो छलफल आवश्यक,

(७) स्थानीय आर्थिक विकासको मेरुदण्ड हुने उत्पादन कार्यक्रमहरू स्थानीय तहको क्षमता विकास गरी तत्काल स्थानीय तहलाई नेतृत्व हस्तान्तरण गर्नु पर्ने,

(८) लामो समयसम्म रहेको आत्मनिर्भर अर्थतन्त्र र औपचारिक हुँदै गएको स्थानीय आर्थिक विकासको सम्बन्धलाई प्रष्ट व्याख्या गर्दा नीति तथा कार्यक्रममा एकरूपता आउनुका साथै यसतर्फ जान अभिप्रेरित पनि गर्ने,

(९) निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चित गर्ने राष्ट्रिय नीति लिने,

(१०) उत्पादन र सेवामा विविधीकरण प्रोत्सहन गर्ने राष्ट्रिय नीति लिने।

## (ख) तहगत

(१) [सबै] स्थानीय आर्थिक गतिविधिमा आधारित नयाँ टोल वा भूगोलको नक्साङ्कन र त्यसका आधारमा रणनीति निर्माण गर्ने अभ्यासमा अभ्यस्त हुने,

(२) [सबै] सार्वजनिक-निजी साझेदारीको क्षमता विकास, प्रवर्द्धन र सार्वजनिक-निजी साझेदारी नीति निर्माण र त्यसको कार्यान्वयन,

(३) [सबै] अन्तर्राष्ट्रिय असल अभ्यासको स्थानीयकरण,

(४) [संघ] स्थानीय आर्थिक विकासमा निर्णायक हुने क्षेत्रको आर्थिक कार्यक्रम र परियोजनाहरू स्थानीय तह र क्षमता अभिवृद्धि एवम् सशक्तीकरणका कार्यक्रमहरू प्रदेश सरकार र मातहतका कार्यालयलाई हस्तान्तरण गर्ने,

(५) [संघ र प्रदेश] स्थानीय आर्थिक विकासको बारेमा बुझाइलाई थप प्रष्ट पार्न तालिम एवम् प्रचार सामग्री निर्माण, तालिम, सेमिनार एवम् अन्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

(६) [संघ र प्रदेश] नीति, योजना, कानून, कार्यक्रम र बजेट पद्धतिमा स्थानीय आर्थिक विकासलाई समावेश गरी स्थानीय तहहरू बीच प्रतिस्पर्धात्मक क्षमता विकासमा प्रोत्साहन गर्ने,

(७) [संघ र प्रदेश] अध्ययन अनुसन्धान र प्रविधि हस्तान्तरण गर्ने,

(८) [संघ र प्रदेश] नमुना स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गर्ने,

(९) [संघ र प्रदेश] स्थानीय आर्थिक विकास सवलीकरण परियोजना निर्माण गरी सिद्धान्तमा आधारित भई योजना निर्माण र कार्यान्वयन गर्न इच्छुक स्थानीय तहहरूलाई आर्थिक र प्राविधिक सहयोग प्रदान गर्ने,

(१०) [संघ र प्रदेश] अन्तर वडा वा अन्तर स्थानीय तह सहकार्यलाई प्रोत्साहन गर्न "अन्तर वडा, अन्तर सरकार स्थानीय आर्थिक विकास" अनुदान कार्यक्रम सञ्चालन गर्ने,

(११)[प्रदेश] आर्थिक गतिविधका आधारमा साना आर्थिक क्षेत्रको नक्साङ्कन र त्यस क्षेत्रको एकीकृत तथ्याङ्क निर्माण क्षमता विकासमा स्थानीय तहहरूलाई मद्दत गर्ने,

(१२)[प्रदेश] स्थानीय तहहरूले अभ्यासमा ल्याउन खोजेको संरचनागत (आर्थिक विकास शाखा वा विविध केन्द्रहरू) र नीतिगत (आर्थिक विकास नीति निर्माण) कार्यमा क्षमता अभिवृद्धि एवम् सहजीकरण गर्ने,

(१३)[प्रदेश] चरणवद्ध योजना निर्माण क्षमता विकासमा थप तालिम एवम् अध्ययन सामग्री निर्माण र सम्प्रेषण गर्ने,

(१४)[प्रदेश] तत्काल आवश्यक जनशक्तिको माग पूर्ति गर्न प्रदेश विश्वविद्यालय र तालिम एवम् प्रशिक्षण केन्द्रहरू परिचालन गर्ने,

(१५)[प्रदेश] वार्षिकरूपमा राष्ट्रिय एवम् प्रादेशिक स्थानीय आर्थिक विकास सम्मेलन आयोजना गर्ने,

(१६)[प्रदेश] उत्पादन प्रवर्द्धन एवम् ब्रान्डिङ क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,

(१७)[प्रदेश] स्थानीय आर्थिक विकासलाई सञ्चालन र मूल्याङ्कन गर्न सक्ने सहजकर्ताको तालिम कार्यक्रम निर्माण गरी लागु गर्ने,

(१८)[प्रदेश] गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको क्षमता अभिवृद्धि गरी स्थानीय आर्थिक विकासको ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धि गर्ने,

(१९)[प्रदेश, स्थानीय] स्थानीय आर्थिक विकासलाई नेतृत्व गर्न सक्ने फोरम निर्माण गर्न सरोकारवालाहरूको सूची निर्माण र नेतृत्व क्षमता विकास गर्ने,

(२०)[स्थानीय] दिगो जनशक्ति विकास एवम् सहकार्यमा योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(२१)[स्थानीय] जनप्रतिनिधि एवम् कर्मचारीको स्थानीय आर्थिक विकाससँग सम्बन्धित ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने,

(२२)[स्थानीय] तथ्याङ्कमा आधारित विश्लेषण गरी प्रतिस्पर्धी लाभ दिने स्थानीय आर्थिक विकासको क्षेत्र घोषणा र त्यसमा सहभागितामूलक योजना निर्माण प्रणालीमार्फत योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(२३)[स्थानीय] स्थानीय आर्थिक विकाससँग सम्बन्धित अध्ययन, अनुसन्धान, छलफल र संवादलाई प्रोत्साहन गर्ने,

(२४)[स्थानीय] बैंक तथा वित्तीय संस्थाहरूलाई स्थानीय आर्थिक विकासमा लगानी गर्न प्रोत्साहन गर्ने,

(२५)[स्थानीय] गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग रहेको विज्ञताको अधिकतम प्रयोग गर्ने।

# सन्दर्भ सामग्री


बास्कोटा, कृष्णहरि (२०७८)। "स्थानीय आर्थिक विकासको अवधारणा : यी ७ सूत्र अपनाए सम्पन्न बन्न सक्छन् हाम्रा पालिका" Accessed from <https://lokaantar.com>

सुवेदी, नेत्र (२०७८)। "स्थानीय आर्थिक विकास : के र कसरी ?" Accessed from <https://prasashan.com>

हुमागाईं, सन्जिब (२०२१)। "सभागितामूलक विकास र स्थानीय लोकतन्त्रः दक्षिण कोरियाको नयाँ गाउँ अभियान र नेपालको आफ्नो गाउँ आफैँ बनाऔँ"। *सयपत्री*। कास्कीः सयपत्री समाज, पृष्ठ ७९-८०

--- "कार्यान्वयन हुँदै स्थानीय आर्थिक विकास कार्यक्रम" Accessed from <https://gorkhapatraonlie.com>

--- "पर्यटनमा सहकारीको आकर्षण बढ्दै" Accessed from <https://karobardaily.com>

Adelman, I. (2000). Fifty years of economic development: what have we learned. *ABCDE Europe*.

Anup, K. C. (2016). Ecotourism and its role in sustainable development of Nepal. *INTECH Open Science,* 31-59.

Baral, N., Stern, M. J., & Bhattarai, R. (2008). Contingent valuation of ecotourism in Annapurna conservation area, Nepal: Implications for sustainable park finance and local development. *Ecological economics,* 66(2-3), 218-227.

Bartik, T. J. (1991). *Who benefits from state and local economic development policies?*. W. E. Up Jhon Institute for Employment Research Kalamazoo, Michigan

Bartik, T. J. (1993). Who benefits from local job growth: migrants or the original residents?. *Regional studies,* 27(4), 297-311.

Bingham, R. D., & Mier, R. (Eds.). (1993). *Theories of local economic development: Perspectives from across the disciplines. Sage.*

Blakely, E. (2003), "Conceptualizing local economic development: Part 1", Public Finance and Management, vol. 3, No. 2, Elizabethtown, Southern Public Administration Education Foundation.

Blair, J. P., & Carroll, M. (2016). Social capital in local economic development. *In Theories of Local Economic Development* (pp. 287-304). Routledge.

Blakely, E. J., & Leigh, N. G. (2013). *Planning local economic development. Sage*

Banchirigah, S. M., & Hilson, G. (2010). De-agrarianization, re-agrarianization and local economic development: Re-orientating livelihoods in African artisanal mining communities. Policy

Sciences, 43, 157-180;

Bhandari, P. K., Bhusal, P., Paudel, G., Upadhyaya, C. P., & Khanal Chhetri, B. B. (2019). Importance of community forestry funds for rural development in Nepal. Resources, 8(2), 85

Bhattacherjee, A. (2012). Social science research: *Principles, methods, and practices.* USA.

Canzanelli, G. (2001). Overview and learned lessons on local economic development, human development, and decent work. Universitas Working Papers, ILO *(Organización Internacional del Trabajo).*

Caruth, G. D. (2013). Demystifying mixed methods research design: A review of the literature. *Online Submission,* 3(2), 112-122.

Chaudhary, P. K., & Pasa, R. B. (2015). Agriculture education for rural development in Nepal. *Journal of training and development,* 1, 38-45

Chaudhary, D. (2018). Agricultural policies and rural development in Nepal: An overview. *Research Nepal Journal of Development Studies,* 1(2), 34-46

Cunningham, S., & Meyer-Stamer, J. (2005). Planning or doing local economic development? Problems with the orthodox approach to LED. *Africa insight,* 35(4), 4-14.

Dannefer, D., & Perlmutter, M. (1990). Development as a multidimensional process: Individual and social constituents. *Human development,* 33(2-3), 108-137.

De Janvry, A., Sadoulet, E., &Murgai, R. (2002). Rural development and rural policy. *Handbook of agricultural economics,* 2, 1593-1658.

Dhakal, N. H. (2010). Microfinance and local economic development in Nepal. *Unpublished Dissertation on Master of Philosophy in Economics, Global Open University, Nagaland, India.*

Easterly, W. (2006). *The white man's burden.* The Lancet.

Enaifoghe, A., &Vezi-Magigaba, M. F. (2022). Re-Thinking the Sustainability of Local Economic Development through Entrepreneurship in South Africa. *Expert Journal of Business and Management,* 10(2).

Evans, M., & Syrett, S. (2007). Generating social capital? The social economy and local economic development. *European urban and regional studies,* 14(1), 55-74;

Frank AG (1967). Crisis in the *Third World.* New York. Holmes and Meier

Fukuyama, F. (2002). Social capital and development. *SAIS Review* (1989-2003), 22(1), 23-37.

Gasper, D., & Apthorpe, R. (1996). Introduction: Discourse analysis and policy discourse. *The European Journal of Development Research,* 8:1, 1-15

Haggard, S., Kim, B. K., & Moon, C. I. (1991). The transition to export-led growth in South Korea: 1954–1966. *The Journal of Asian Studies,* 50(4), 850-873.

Helmsing, A. H. J. (2003). Local economic development: New generations of actors, policies and instruments for Africa. *Public Administration and Development: The International Journal of Management Research and Practice,* 23(1), 67-76.

Hoover, E. M., &Giarratani, F. (2020). An introduction to regional economics.

Horlings, L., Collinge, C., & Gibney, J. (2017). Relational knowledge leadership and local economic development. *Local Economy*, 32(2), 95-109.

Huntington, S. P. (2006). P*olitical order in changing societies.* Yale university press.

Kavuma, S., Tibamwenda, A., Mushemeza, E., Bogere, G., Tamale, L., Semakula, E., & Mbabazi, J. (2020). Assessing Capacities for Local Economic Development in Uganda.

Kharel, S. (2018). Information and communication technology for the rural development in Nepal. *Tribhuvan University Journal,* 32(2), 177-190

Krumholz, N. (1999). Equitable approaches to local economic development. *Policy Studies Journal,* 27(1), 83-95.

Lau, C. K., Milne, S., & Johnston, C. S. (2005, April). MICE, ICT and local economic development: The case of Te Kahurangi, New Zealand. *In Journal of Convention & Event Tourism* (Vol. 7, No. 1, pp. 61-75). Taylor & Francis Group.

Lawton Smith, H. (2003). Knowledge organizations and local economic development: The cases of Oxford and Grenoble. *Regional Studies*, 37(9), 899-909

Lazzeretti, L., &Tavoletti, E. (2005). Higher education excellence and local economic development: The case of the entrepreneurial University of Twente. *European Planning Studies,* 13(3), 475-493.

Lipset, S. M. (1959). Some social requisites of democracy: Economic development and political legitimacy1. *American political science review,* 53(1), 69-105.

Leigh, N. G., & Blakely, E. J. (2016). *Planning local economic development: Theory and practice.* SAGE publications.

Malecki, E. J. (1984). High technology and local economic development. *Journal of the American Planning Association,* 50(3), 262-269.

Midgley, J., & Livermore, M. (1998). Social capital and local economic development: Implications for community social work practice. *Journal of community Practice,* 5(1-2), 29-40

Moen, R., & Norman, C. (2006). Evolution of the PDCA cycle.

Nel, E. (2001). Local economic development: A review and assessment of its current status in South Africa. *Urban studies,* 38(7), 1003-1024.

Nel, E. (2015). Evolving regional and local economic development in New Zealand. *Local Economy,* 30(1), 67-77.

NPA, 2023, Mid-Term Review of the Third National Development Plan (NDPIII) 2020/21-2024/25

Local Economic Development Report

Nourse, H. O. (1968). Regional economics. *Regional economics.*

Page, N., & Czuba, C. E. (1999). Empowerment: What is it. *Journal of extension,* 37(5), 1-5.

Parr, J. B. (2014). The regional economy, spatial structure and regional urban systems. *Regional studies,* 48(12), 1926-1938.

Pike, A., Rodríguez-Pose, A., &Tomaney, J. (2016). *Local and regional development.* Routledge.

Rai, D. R. (2020). Local Politics of Local Economic Development Strategy in Nepal. Int. J. Sci. Eng. Res, 11(2), 393-403

Rai, D. R. (2023). Local Economic Development (LED) in Local Governments in Madhesh Province of Nepal. *International Journal of Business Innovation.*

Ray, D. (1998). *Development economics.* Princeton University Press.

Rostow, W. W. (1959). The stages of economic growth. *The economic history review,* 12(1), 1-16.

Reese, L. A., &Fasenfest, D. (1997). What works best?: Values and the evaluation of local economic development policy. *Economic Development Quarterly,* 11(3), 195-207.

Rostow, W. W. (1956). The take-off into self-sustained growth. *The Economic Journal,* 66(261), 25-48.

Ray, D. (1998). *Development economics.* Princeton University Press.

Rogerson, C. M. (2010). Local economic development in South Africa: Strategic challenges. *Development Southern Africa,* 27(4), 481-495.

Rogerson, C. M. (2014). Reframing place-based economic development in South Africa: The example of local economic development. *Bulletin of Geography. Socio-economic series,* (24), 203-218.

Rogerson, C. M., & Rogerson, J. M. (2014). Agritourism and local economic development in South Africa. Bulletin of Geography. Socio-economic Series, (26), 93-106

Rogerson, Christian M., and Jayne M. Rogerson. "Local economic development in Africa: Global context and research directions." *Development Southern Africa* 27.4 (2010): 465-480.

Rogerson, C. M., & Rogerson, J. M. (2014). Agritourism and local economic development in South Africa. *Bulletin of Geography. Socio-economic Series,* (26), 93-106.

Salzano, C. (2002), Local economic development in the war-torn areas of Croatia: Supporting the transition towards a participatory and decentralized market economy, Geneva, ILO

Shin, D. C. (1994). On the third wave of democratization: A synthesis and evaluation of recent theory and research. *World politics,* 47(1), 135-170.

Sen, Amartya (1999). *Development as freedom* (1st ed.). New York: Oxford University Press.

Sen, A. (2000). A decade of human development. *Journal of human development,* 1(1), 17-23.

Soubbotina, T. P. (2004). Beyond economic growth: *An introduction to sustainable development.*

World Bank Publications.

Sustainability and Inclusive Local Economic Development | United Nations Development Programme (undp.org)

Tatsumi, K., & Joshi, N. M. (2010). The roles of communities in rural development: potentials of community-based approach in Nepal. *Asian Rural Sociology,* iv, 92.

Tello, M. D. (2010). From national to local economic development: theoretical issues. *Cepal review.*

Tello, M. D. (2010). From national to local economic development: theoretical issues. *Cepal review.*

Todaro, M. P. (1989). Economic development in the Third World, Longman, New York and London.

Trousdale, W. (2003), *Strategic Planning for Local Economic Development:The Manual,* UNHabitat and Ecoplan International

White, G., & Wade, R. (1988). *Developmental States in East Asia.* London: Palgrave Macmillan UK.

World Bank, Local Economic Development:A Primer. Developing and Implementing Local Economic Development Strategies and Action Plans,WashingtonDC:World Bank, 2003, p 7

Ward, S.V. (1990). Local industrial promotion and development policies 1899–1940. *Local Economy,* 5(2), 100-118.

Wong, C. (2002). Developing indicators to inform local economic development in England. *Urban Studies,* 39(10), 1833-1863.


Wucherpfennig, J., & Deutsch, F. (2009). Modernization and democracy: Theories and evidence Revisited. *Living Reviews in Democracy*


Wunsch, J. S. (2008, April). Why has decentralization failed in Africa? Assessing the lessons of self-organized, local governance initiatives. In *Workshop on Political Theory and Policy Analysis. Bloomington IN: Indiana University.*


Yigitcanlar, T., &Velibeyoglu, K. (2008). Knowledge-based urban development: The local economic development path of Brisbane, Australia. *Local Economy,* 23(3), 195-207.

# सङ्घीयताको सन्दर्भमा स्थानीय आर्थिक विकास

## गण्डकी प्रदेशका स्थानीय तहमा यसको अभ्यास र सम्भाव्यता सम्बन्धी अध्ययन








**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**

(An ISO 9001:2015 Certified Academy)

गण्डकी प्रदेश, पोखरा

फोन : ०६१-५७०१४६, ५७१०८२

इमेल : academy.gandaki@gmail.com

वेबसाइट : gpta.gandaki.gov.np



qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET CERTIFIED MANAGEMENT SYSTEM